# इसिलिम

ISILIM

(अर्धवार्षिक दुमी भाषिक पत्रिका)

(Half Yearly Dumi Language Magazine)

२०६५ वर्ष १० अंक ११ छिरियाम्लो (शरदकालिन:उधौली) *October 2008*






खोटाङ्ग अवस्थित तोमा, खेमा, खक्चिलिपु भूमिमा सम्पन्न साकेलाको एक दृश्य



मानार्थ सदस्य
क्या. धनबहादुर दुमीराई



समाजसेवी तथा राजनीतिज्ञ
बलराम सरचु दुमीराई

## किरात राई यायोक्खाद्वारा प्रस्तावित 'आत्मनिर्णयसहितको किरात स्वायत्त राज्य'

Progression IT Solutions

We wish all our clients and well wisher on the auspicious occasion of Happy Vijaya Dashami and Deepawali 2065.

Progression Banking Training & Research Academy

## Also Remember Us For

## Banking Software for Development Banks & Co-operatives

- *Features of Co-operative Software (NIMBUS)*
- *Information*
- *Deposit*
- *Loan*
- *Financial Accounting with Charkhata System*
- *Share*
- *Insurance*
- *Collector*
- *Report (include all the necessary reports as required by co-operatives)*
- *Interest calculation, interest capitalization, Tax Deduction (TDS)*

*Contact*

**Progression IT Solutions**
4th Floor, Jagadamba Tower
Tinkune, Kathmandu
4111751, 4111753
016208690, 016209989 (CDMA)












An Institution of Academic Excellence with Difference

# Grand Academy

COLLEGE OF SCIENCE & MANAGEMENT
(+2 Program)
Founded in 2000 AD
Affiliated to Higer Secondary Education Board (HSEB)

### SPECIAL FEATURES:

Centrally located
Highly experienced and dedicated teaching faculties
Well-ventilated and spacious classrooms with limited numbers of students
Well-equipped labs covering more than 1800 sq.ft.
Well-stocked library with daily newspaper
Transportation facilities from different parts of the valley
Well-managed hygienic cafeteria
Sports & Extra curricular activities
Project works & research based activities
Moderate Fee Structure
Scholarship schemes for meritorious and deserving students
Periodical Evaluation Schemes

विजय दशमी तथा दिपावलीको अवसरमा समस्त देशबासीहरुमा नगर विकास कोष परिवार सुख समृद्धीको कामना गर्दछ ।

नगर विकास कोष शहरी विकास तथा नगरको समुन्नतिका लागि आर्थिक र प्राविधिक सहयोग गर्ने वित्तीय संस्था भएको जानकारी गराउँदछ ।

**कोषको उद्देश्य:**

नगरपालिकाहरु तथा नगर विकाससँग सम्बन्धित निकायहरुलाई विभिन्न सामाजिक पूर्वाधार तथा लाभमूलक आयोजनाहरु संचालन गर्न वित्तीय सहायता उपलब्ध गराउने ।

शहरी विकास आयोजना कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा नगरपालिकाहरुको प्राविधिक, व्यवस्थापकीय र वित्तीय क्षमता सुदृढ पार्ने ।

नगर विकास कोष परिवार
नयाँबानेश्वर, काठमाडौं, पो.ब.नं. ५१४४
फोन नं. ४४९५८६६, फ्याक्स ४४७१२२७

# प्राइम गोर्खा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि.

केन्द्रीय कार्यालय, प्रदर्शनीमार्ग, काठमाडौं ,फोन: ४२२१४५८

## Prime Gorkha Saving & Credit Co-operative Ltd.

Head Office, Exhibition Road, Kathmandu, Ph: 4221458

| मुद्दति निक्षेप (Fixed Deposit) | | | |
|---|---|---|---|
| अवधि | त्रैमासिक | वार्षिक | एकमुष्ट |
| ६ महिना | ८.०० % | | |
| ९ महिना | ९.०० % | | ९.०० % |
| १ वर्ष | १०.७५ % | ११.७५% | ११.७५% |
| २ वर्ष | ११.०० % | १२.००% | १२.२५% |
| ३ वर्ष | ११.५० % | १२.२५% | १२.७५% |
| ४ वर्ष | १२.०० % | १२.७५% | १३.२५% |
| ५ वर्ष | १२.५० % | १३.००% | १४.२५% |

| अवधि निक्षेप (Period Deposit) | |
|---|---|
| अवधि | त्रैमासिक |
| ६ महिना | ६.५० % |
| १ वर्ष | ७.०० % |
| २ वर्ष | ७.५० % |
| ३ वर्ष | ८.०० % |
| ४ वर्ष | ८.५० % |
| ५ वर्ष | १०.०० % |

| कर्जा शीर्षक (धितोमा) | |
|---|---|
| शीर्षक | ब्याजदर |
| व्यापारिक कर्जा | १८ % |
| व्यवसायिक कर्जा | १८ % |
| घरेलु कर्जा | १८ % |
| हायर पर्चेज | १६ % |

विजया दशमी तथा शुभ दिपावली २०६५ को उपलक्ष्यमा सम्पूर्ण सदस्यहरु तथा शेयर धनीहरुमा हार्दिक मंगलमय शुभकामना

भाटभटेनी सुपर मार्केटले महाराजगंजमा पनि आफ्नो शाखा विस्तार गरी ग्राहकहरुलाई सेवा प्रदान गरेकोमा सफलताको शुभकामना ।




दुमी किरात राई फन्सिकिम
चावहिल, काठमाडौं

इसिलिम दुमी भाषिक पत्रिका
चावहिल, काठमाडौं

रिजेन्सी बहुउद्देश्यीय सहकारी संस्था लि.
चावहिल, काठमाडौं, फोन: ४४६५८३६

राईलिंक सपोर्ट अफसेट प्रेस
चावहिल, काठमाडौं



दोलोकुम्मा समितिलाई ढोल उपहार
प्रदान गर्दै दुकिराफ अध्यक्ष चतुरभक्त राई




दुकिराफ दुमकिम काठमाडौंद्वारा आयोजित दिपावली साँझ तथा
राष्ट्र गानका सर्जक व्याकुल माइला (प्रदिप कुमार राई)
अभिनन्दन कार्यक्रममा गीत प्रस्तुत गर्दै कलाकारहरु




दुकिराफ दुमकिम काठमाडौंद्वारा आयोजित दिपावली साँझ तथा राष्ट्र गानका सर्जक व्याकुल माइला (प्रदिप कुमार राई)
अभिनन्दन कार्यक्रममा सभापति चतुरभक्त राई, प्रमुख अतिथि सुमाया राईका साथमा अन्य अतिथिहरु



दुकिराफ दुमकिम काठमाडौंद्वारा आयोजित दिपावली साँझ तथा राष्ट्र गानका सर्जक व्याकुल माइला (प्रदिप कुमार राई)
अभिनन्दन कार्यक्रममा नृत्य प्रस्तुत गर्दै दुकिराफ दुमकिमका कलाकारहरु

# इसिलिम ISILIM

*अर्धवार्षिक दुमीराई भाषिक पत्रिका*

वर्ष १०, अंक ११, २०६५

जि.प्र.का.द.नं. ४५/०५६ , काठमाडौं

संरक्षक:

**क्या. श्री नैनबहादुर दुमीराई (MM)²**

सल्लाहकार:

**भू.पू. सांसद श्री टंक दुमीराई**

**समाजसेवी श्री रामबहादुर दुमीराई**

**क्या. श्री पर्जबहादुर दुमीराई**

**उप.प्रा. चतुरभक्त दुमीराई**

प्रधान सम्पादक:

**नेत्रमणि दुमीराई**

सम्पादक:

**नृप दुमीराई, प्रकाश दुमीराई**

व्यवस्थापक:

**गुणराज दुमीराई**

**मनिप्रसाद दुमीराई**

क्षेत्रीय प्रतिनिधी:

**सनद कुमार दुमीराई, धरान**

**दुर्गा बहादुर दुमीराई, बाक्सिला**

**श्रेष्ठ बुक्स एण्ड स्टेशनरी, दिक्तेल**

**राई बुक्स एण्ड स्टेशनरी, जावलाखेल**

**दुमी किरात राई फन्सिकिम, कार्यालय, चावहिल**

**शुक्रराज दुमीराई U.K.**

**धौलवीर दुमीराई U.S.A.**

प्रकाशक:

**दुमी किरात राई फन्सिकिम**

कम्प्युटर/डिजाइनर

**तिलक खालिङ राई**

मुद्रण:

**राईलिंक सपोर्ट अफसेट प्रेस**

भगवानस्थान, चावहिल, काठमाडौं

फोन: २००४९८७/८८, फयाक्स्: ४४६०९०६

पत्राचार

**इसिलिम दुमी भाषिक पत्रिका**

पो.ब.न.. २०२११, चावहिल, काठमाडौं

फोन: ४४६६१३०१, E-mail: ourlink@wlink.com.np

*मूल्य: ने.रु. ५०/- भा.रु. ४०/- H.K.$ 10,*

*सिंगापुर/ब्रुनाई $ 2/-, U.K. £1/-*


# विषय सूची


| शीर्षक | लेखक | पेज नं. |
|---|---|---|
| **समसामयिक राजनीति** | | |
| राज्य पुन: संरचनाका सम्बन्धमा ....... | चतुरभक्त दुमीराई | १-१५ |
| किरात स्वशासित खम्बुवान .......... | टंक दुमीराई | ३९-४३ |
| राज्य पुन: संरचनाको सन्दर्भमा ...... | प्रकाश दुमीराई | ४६-४९ |
| शासित आदिवासी जनजातीहरुमा ........ | नवीन राई | ५६-५७ |
| **भेटवार्ता** | | |
| परियोजनाविद शुम्भु राईसँग ........ | | १७-२६ |
| **संस्कार** | | |
| सुसुदप्सि | नेत्रमणि दुमीराई | २७-३१ |
| **व्यक्तित्व परिचय** | | |
| समाजसेवी बलराम राई | सम्पादक | ३२-३५ |
| दुमी किरात राई फन्सिकिमको ........ | चतुरभक्त दुमीराई | ८३-८४ |
| **समसामयिक** | | |
| अबको युवाशक्ति | महेन्द्र दुमीराई | ३७-३८ |
| **विचार/विविध** | | |
| वैदेशिक रोजगार र लोपन्मुख.......... | मकर खवचु दुमीराई | ५४-५५ |
| नेपाली सौन्दर्य र जातीय स्वाभिमान | राजेश चाम्लिङ्ग | ६१-६२ |
| **भाषा विशेष** | | |
| दुमी सर्वनाम र क्रियाका तुलनात्मक ... | तेजमाया दुमीराई | ४४-४५ |
| **भाषिक चिन्तन** | | |
| दु:मि भाषाको आत्मकथा | मिक्सि रदु हलक्सु | ५१-५३ |
| **चिन्तन मनन** | | |
| भाषा-संस्कृतिको लोप ........ | कीर्ति कुमार दुमीराई | ५९-६० |
| मलाई पुर्ख्यौली भूमि ........... | सूर्य कुमार दुमीराई | ६७ |
| **सार संक्षेप** | | |
| दुमी किरात राई फन्सिकिम | | ६३-६६ |
| **वंशावली** | चतुरभक्त दुमीराई | ६८-७९ |
| **सार समचार** | | |
| २०६४ तिहारमा दुकिराफ ...... | | ८०-८१ |
| **साहित्य** | | |
| सच्चा प्रेमको प्रतिमूर्ति | सुजता नायम दुमीराई | ८२ |
| **पाठक प्रतिक्रिया** | | ८५ |
| **इसिलिमपो तुम** | | ८६ |

# हाम्रो अभिमत............

समय बलबान हुँदो रहेछ । आच्छु खाएँ बच्छयुँ खाएँ भुसे बारुला भन्नेहरूको हारहुँदै गएको पाइयो । समयकै हुरीले धक्का मार्दै लगेपछि २४० वर्षसम्म जरो गाडेर बसेको सामन्ती राजतन्त्र पनि समाप्त भई नेपाल गणतान्त्रिक राज्य भएको छ । यो आँखाको पानी नसुके के के देख्नुपर्छ, के के सुन्नु पर्छ इश्वर भगवान भन्ने ऊखानले अहिले एउटा उज्यालो दिशाको पर्दा खोल्दैछ । मेरो गोरुको बाह्रै टक्का भन्नेहरूको संख्या कम थिएनन् र अझै पनि कम छैनन् तर समयको हुरीले बढारिदै छन् । आफूलाई प्रजातन्त्रका मसिहा ठान्नेदेखि एउटा फुर्लुङ्मा अटाउने जमात भएका जनवादका गुड्डी हाँक्नेहरूको हालत पनि देखियो वर्तमान संविधानसभाका चुनावमा । हाकाहाकीमा नसकेपछि छिर्केदाउमा पारेर लडाउने दाउदेखि ताकपरे तिवारी नत्र गोतामे भन्ने र सधैं घुर्की नै घुर्कीले देश र संघसंस्था चलाउन खोज्ने जमातले केन्द्रदेखि स्थानीय संघसंस्थासम्म घर गरेको पनि देखिइसकेको छ । यत्ति हुँदाहुँदै पनि नेपाल बदलिदो छ । आदिवासी जनजाति, महिला मधेशी, दलितदेखि परिवर्तनकामी जनताहरू, लेखक, चिन्तक, राजनीतिक विश्लेषक सबै यत्तिखेर जुर्मुराएका छन् आ-आफ्ना मागका ब्यानर र झण्डाहरू लिएर । विभिन्न राजनीतिक पार्टी, तप्का र समूहबाट ३ देखि १५ वटा प्रदेशसम्म नेपाल संघीय गणतन्त्रमा विभाजित हुनु पर्दछ भन्ने खाकाहरू आएका छन् । विचारका फूलहरू फूलेका छन् यत्तिखेर ढकमक्क भएर । तर सबै फूलहरूका माला चाहेजस्तो बन्दैनन् । उपयुक्त फूलको उपयुक्त माला गाँसेर गलामा पहिरिनमा अवको नेपाल गर्बिलो हुन्छ नकी फूलबाट निस्कने सुगन्धले शरीरलाई नै घातक बनाओस् ।

यतिखेर सात लाख किरात राईहरूको प्रतिनिधित्व गर्ने छाता संस्था किरात राई यायोक्खाले किरात स्वायत्त राज्यको प्रस्ताव अगाडि सारेको छ । यसले लिम्बुवान र खम्बुवानलाई फुटाउने होइन जोड्ने बृहत प्रस्ताव गरेको छ । किरायाको एक सदस्य संस्थाको हैसियतले दुमी किरात राई फन्सिकिमले पनि यस प्रस्तावको हार्दिक समर्थन गरेको छ । हाम्रो भाषा, धर्म, संस्कृति, इतिहास, पुरातत्व र जातियताको पहिचान, संरक्षण र संबर्धन यसैबाट संभव छ भन्ने लागेको छ ।

यस्तै परिबेशमा वर्षदिनको तीतो-मीठो अनुभवहरू अनुभवहरूकासाथ फेरि इसिलिमको एघारौं अंक तपाईहरूको हातमा आइपुगेको छ । यसपटक कोही पाठहरूबाट प्रतिकृया नआउँदा तपाईहरूले माया मार्नु भएको छैन भन्ने आशाकासाथ इसिलिमको निरन्तरता र गुणस्तरीयतामा हामी जुटेका छौं । यस पत्रिकाको निरन्तरता र विकासको लागि तपाई सम्पूर्ण दुमीजन तथा शुभचिन्तहरूको अन्तरह्रदयदेखिको निरन्तर सहयोगको अपेक्षा राखेकाछौं । यस पटक इसिलिमलाई नियमित सामाजिक, सांस्कृतिक, भाषिक र धार्मिक स्तम्भहरूकासाथ परिवर्तित नयाँ राजनैतिक परिस्थितिमा देखा परेका आर्थिक सामाजिक र राजनैतिक मुद्धाहरूमध्ये मूल रुपमा राजनैतिक विषयलाई लिएर संघीय राज्य निर्माणका खाकाहरू तथा संघीय राज्यमा जातीय सवालका विषयहरू मूख्य लखहरू केन्द्रित गरेकाछौं । सधै उठाउने गरेका धर्म संस्कृति तथा विज्ञ केही ब्यक्तिहरूको अन्तर्वार्ताहरू र दुमी भाषालाई बचाउने अभियानको रुपमा तुमलाम हालेर पठाएका छौं । हाम्रो प्रयत्नलाई सकारात्मक वा नकारामक जस्तो रुपमा बुझिदिनु भएपनि संस्थाको उद्देश्यसंग सौदाबाजी हुनेछैन भन्ने लागेको छ । हामीलाई अहिले ओठेभक्तिभन्दा काम चाहिएको छ । आशिर्वादभन्दा रचनात्मक सुझाव चाहिएको छ र उक्त सुझावलाई कार्यान्वयन गर्ने जनशक्ति चाहिएको छ । हामी जानी नजानी प्रयत्नरत छौं- इमानदारपूर्वक हाम्रो भाषा, धर्म, संस्कृति, मुदुम, इतिहास र पुरातत्वहरूको संरक्षणको लागि । यस अभियानमा तपाईहरूको पनि हात र साथ चाहिन्छ । तसर्थ आगामी दिनहरूमा यहाँहरूको माया पाउने आसामा यस उधौलीको पूण्य अवसरमा शुरुहुने नुवागी चाडले जोश र उमङ्ग प्रदान गरुन भन्दै नेपालीहरूले मानी आएको चाड दशैं र तिहारको उपलक्ष्यमा उत्तरोत्तर प्रगती र मङ्गलमय शुभकामना व्यक्त गर्दै आगामी दिनमा यसरी नै सकेसम्म नौला स्तम्भहरू लिएर भेट हुने बाचा गर्दछौं । मुचि ।

# राज्य पुन : संरचनाका सम्बन्धमा आएका केही प्रस्तावित नमूनाहरू र किरात राई यायोक्खाले प्रस्तावित गरेको किरात स्वायत्त राज्यको प्रस्ताव : एक चर्चा-

राजनीतिक द्वन्द र क्रान्तिहरुबाट नै हरेक व्यवस्थाहरु माथि उठ्ने भएकाले यसको अभ्यासमा राजनीतिक दल, संघ संस्था र व्यक्तिहरु एउटा विचार बाहकको रूपमा भूमिका निर्वाह गर्दछन् । संसारभरीको राजनीतिक पद्धतिको विकासका नियमहरु नै यस्तै छन् । द्वन्दात्मकता यसको नियम हो र वाद, प्रतिवादहुँदै संवादबाट यसले निकास पाउँछ। वर्गीय विभेद र शोषणबाट मुक्तिको सवालहरु प्राय : यसअघि उठ्ने गरेंकोमा अव यसबाट अगाडि बढेर जातीय, लैङ्गिक र क्षेत्रीय विभेदको अन्त्य हुनुपर्ने, आत्मनिर्णयको अधिकार, जातीय स्वशासन, संघीय शासन प्रणाली, वहुभाषिक नीति तथा पूर्णसमानुपातिक प्रतिनिधित्व कायम हुनु पर्ने सवालहरु जल्दोबल्दो रूपमा उठिरहेको छ । अहिले नेपालको यथार्थ वस्तुस्थितिले यसै कुरालाई झल्काईरहेको छ । माओवादी जन आन्दोलनको चरम उत्कर्ष संगसगै राज्यको पुन : संरचनाका विविध खाकाहरुले अहिलेसम्म लगभग चरम अवस्थातिर फड्को मार्दैछ । विभिन्न कोणहरुबाट तीन दर्जनभन्दा बढी राज्य पुन :संरचनाका खाकाहरु आएका छन् । २०६५ जेष्ठ १५ मा विधिवत रूपमा संविधानसभामा ५६० मतको अग्रताबाट राजतन्त्रको अन्त्य भई गणतन्त्र प्राप्त भई नेपाल नयाँ युगमा प्रवेश गरिसकेको छ । यो नयाँ चरणमा नेपालको आदिवासी जनजाति, महिला, मधेसी र क्षेत्रीय उत्पीडनको मुक्ति जोडिएको छ । यसलाई साकार रूप दिने आधार राज्यका पुन:संरचना सम्बन्धी अहिलेसम्म देखापरेका विविध नमूनाहरु र विश्वका केही मुख्य राष्ट्रका शास्त्रीय नमूनाहरुलाई समेत जानकारी गराउने विषयवस्तु यसलेखमा रहेको छ ।



चतुरभक्त राई
उप प्राध्यापक, पाटन संयुक्त क्याम्पस

**२. अध्ययनको उद्देश्य**

जनआन्दोलन २०६२ अघि र त्यसपछि नेपालको राज्य पुनसंरचनाको सन्दर्भमा प्रतिपादन भएको विविध नमूनाहरुको विश्लेषण र किरात राई यायोक्खाले प्रस्तावित गरेको राज्य पुनसंरचनाका नमूनालाई समेत जानकारी गराउने उद्देश्य यसमा राखिएको छ ।

**३: अध्ययनको पद्धति**

अध्ययनलाई सरल र भरपर्दो बनाउन अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित भई प्रयोगमा आएका केही शास्त्रीय नमुनाहरु र अहिलेसम्म राष्ट्रिय क्षेत्रबाट प्रतिपादन भएका विभिन्न मोडल तथा नमूनाहरुलाई अध्ययन गर्ने सिलसिलामा केही प्राथमिक र केही द्वितीयक आँकडाहरुको प्रयोग यसमा गरिएको छ ।

**४. राज्य पुन संरचना सम्बन्धी संघीय र एकात्मक शास्त्रीय नमूनाहरू**

विश्वमा संघीय सरचनाका स्वरूपहरु दुई आधारहरुबाट निर्माण भएको पाइन्छ। ति हुनः- १ एकिकृत राज्यको उद्भव हुनु पहिले नै छरिएर रहेका स्वायत्त शासन एकाईबाट भएका संघीयता र २. एकिकृत राज्यसत्ताको निर्माण भैसकेपछि पुनः संरचना गरिएको संघीय संरचना ।[1]

**१. एकिकृत राज्यको उद्भव हुनु पहिले नै छरिएर रहेको स्वायत्त शासन एकाईहरूको उदाहरण :**

**क, संयुक्त राज्य अमेरिका**

विश्वको सबभन्दा पुरानो लिखित संविधान भएको मुलुक अमेरिकामा १५ मे १७८७ मा फिलाडेल्फियामा

[1] *कृष्ण खनाल, "राज्यको पुन : संरचना : एक प्रस्ताव"* ***नेपालको सन्दर्भमा राज्यको पुनः संरचना*** *, सम्पा. सीताराम तामाङ, (काठमाडौं : सामना प्रकाशन २०६२) पृ- १८७*

सम्पन्न कन्भेनसनले यस अगाडि रहेको परिसंघको विधानलाई परिवर्तन गरी पारित गरेको संवैधानिक संरचना अन्तर्गत निर्माण गरिएको राज्य व्यवस्थालाई संघीय राज्य भनियो । तत्काल विश्वमा श्रीपेच विनाको एउटै मात्र शासक जर्ज वाशिङ्टन थिए जो यहि संविधान सभाले निर्माण गरेको संविधान वमोजिम निर्वाचित राष्ट्रपति मानिन्छ । १७७६ सम्म अङ्ग्रेजको औपनिवेशिक अधीनमा रहेको १३ वटा परि संघीय राज्यहरु फिलाडेल्फिया सम्मेलनपछि अन्य राज्यहरु समावेश भई हाल ५० वटा राज्यहरुको एक संघीय नमूना नै संयुक्त राज्य अमेरिका हो ।

**ख.. स्वीटजर्लैण्ड :**

स्वीटजर्लैण्डको संघीय संरचनाको इतिहास सन १८१४ देखि उतारचढाब हुँदै १८४८ मा यसले पूर्ण संघीय स्वरूप धारण गरेको हो । यहाँ स्वीस, जर्मन, फेञ्च, इटालियन रोमन्स र अन्य [2] भाषी नागरिकहरु सबै समान हैसियतमा रहेका छन् । स्वीटजर्लैण्ड एकिकृत राज्य उत्भव हुन अगावै विभिन्न रूपमा छरिएर रहेको स्वायत्त शासन एकाईहरुको सामुहिक भलाई र सुरक्षाका लागि संघ निर्माण भएको हो । त्यस अवस्थादेखि स्वीस संघीय प्रणालीमा १९ क्याण्टन (प्रान्त)र ६ वटा अर्धक्याण्टनहरु संघ तथा अर्धसंघको रूपमा रहेका छन् ।

**२. एकिकृत राज्यसत्ताको निर्माण भैसकेपछि पुन: संरचना गरिएको संघीय संरचना :**

**क. भारत :**

भारतलाई ३१ डिसेम्बर १६०० देखि बेलायतले व्यापारिक दृष्टिले औपनिवेशिक आधिपत्य लाद्यो र १५ अगस्त १८४७ मा यो स्वतन्त्र भयो । बेलायतको औपनिबेशिकता कायमै रहेको भए पनि बहुधार्मिक, बहुसाँस्कृतिक, बहुभाषिक, बहुजातीय राज्यको रूपमा यो एकिकृत राज्यकै रूपमा स्थापित थियो र स्वतन्त्रता पछि यसको खाका संघीय राज्यको रूपमा पुनःसंरचना भएको हो । हाल २८ राज्यहरु रहेको पाइन्छ ।

**ख. क्यानाडा :**

सन १६०८ मा फ्रान्सद्वारा स्थापित क्यानाडा १७६३ सम्म यसैको उपनिवेश रहयो र पेरिस सन्धीपछि बेलायतको औपनिवेशिक अधीनमा रहयो । सन १७९१ मा बृटिश नागरिकहरु सघन भएको क्षेत्र अप्पर क्यानाडा र फ्रेन्च नागरिकहरु सघन भएको क्षेत्रलाई लवर क्यानाडामा विभाजित गरियो । लवर क्यानाडामा बृटिश र फ्रेञ्च नागरिकहरु वीच इर्ष्या पैदा हुन थाल्यो भने अप्पर क्यानाडामा बृटिश उपल्लो वर्गले प्रशासनमा जमाएको प्रभुत्वको कारणले बिद्रोह जन्म्यो । [3] यो बिद्रोहको समाधानको एउटै मात्र उपाय थियो- मुलुकलाई उपयुक्त संघीयतामा बदल्नु । त्यसैले सन १८६४ अक्टोवर १० मा एउटा प्रान्तीय सम्मेलनको आयोजना गरियो जसले क्यानाडालाई संघीय राज्यमा बदल्नको लागि महत्वपूर्ण प्रस्तावहरु पारित गऱ्यो । उक्त प्रस्तावलाई प्रान्तहरुका व्यवस्थापिकाले अनुमोदन गऱ्यो । यसैलाई सन १८६७ को बृटिश नर्थ अमेरिका कानुन अनुसार बृटिश संसदले पास गरेपछि बृटिश उपनिवेशबाट स्वतन्त्र क्यानाडा भई संघीय राज्यको रूपमा स्थापित भयो ।[4] हाल १० वटा प्रान्त र दुईवटा टेरिटोरी रहेका छन । [5]

**५. नेपालको सन्दर्भमा अहिलेसम्म प्रस्तावित भएका राज्य पुन संरचना सम्बन्धी केही नमूनाहरू :**

नेपालमा बेलायती संसदीय मोडल २०१५ सालदेखि नै असफल हुँदै आएको हो र यसले २०४८ पछि पनि निरन्तरता पायो । यसको दोष धेरथोर सबै राजनीतिक दलहरुले लिनै पर्छ तर सबभन्दा ठूलो दोषको भागी विगत १८ वर्षमा सवभन्दा लामो सत्ता समाल्ने नेपाली कांगैसले बेहोर्नु पर्छ । यो दोषबाट उ पञ्छन पाउँदैन । चरम भ्रष्टाचार, अनैतिकता, किनबेच, निहित स्वार्थ, महंगी, सर्वसत्तावाद र अशान्ति यो अठारबर्षको उपलब्धि हो । यसैको कारणले राजनीतिक रोषको रूपमा माओवादी

---

[2]. ***ओल्फ लिण्डर, स्वीस प्रजातन्त्र : बहुसांस्कृतिक समाजमाद्वन्दका संभाव्य समाधान*** ,
*(काठमाडौं : सुशासन तथा विकास प्रतिष्ठान अनुवादक टोप वहादुर सिह, २०६२), अनु : टोपवहादुर सिंह पृ- ३*

[3] *Sachdev and gupta,* ***A simple study of World constitutions*** *, (Delhi : Ajanta Prakashan, 1998), p.3.*

[4]. ***ऐजन****, पृ-४*

[5]. *Bidya Dhar Maharjan,* ***Select modern Governments****. ( New Delhi : S. chand and company Ltd., 2000), p. 615*

आन्दोलनले एउटा दिशा पक्र्यो । विस्तारै राज्य पुनः संरचनाका मोडलहरु प्रस्तुत हुन थाल्यो र अहिले चरम उत्कर्षको अवस्थामा रहेको छ । प्रस्तुत मोडलहरुलाई दलीय नमूना, व्यक्तिगत नमूना र जातीय संघ संस्थागत नमूनाको बाँड्न सकिन्छ ।

**क. दलीय नमूनाहरू :-**

**१. नेपाल कम्युनिष्ट पार्टी माओवादी :**

राजतन्त्र र सामन्तवादको विरूद्धको लडाइमा अगुवाई गर्ने यो पार्टीले जातीय, भाषिक, क्षेत्रीय, आर्थिक र भौगोलिक आधारलाई राज्य पुनरसंरचनाका आधार मानेको छ । प्रारम्भमा ९ वटा स्वायत्त राज्यको प्रस्ताव गरेकोमा संविधानसभाको चुनावताका यसले क्षेत्रीय आधारमा १. **सेती-महाकाली**, २. **भेरी-कर्णाली,** जातीय आधार मा ३. **मगरात**, ४.**थरुवान**, ५.**तमुवान**, ६. **नेवा**, ७. **ताम्सालिङ**, ८.**किरात**, ९. **लिम्बुवान**, १०.**कोचिला** र ११.**मधेश** गरी ११ वटा स्वायत्त गणराज्यको प्रस्ताव ल्याएको छ । यसमध्ये मधेशभित्र भाषिक आधारमा मिथिला, भोजपुरी र अवध गरी ३ क्षेत्रलाई उपस्वायत्त राज्य निर्माण गर्ने [6] भन्ने प्रस्ताव पनि अगाडि सारेको छ। जातीयताको अर्थ प्रजाती वा नश्ल वा जातपात नभएर साझा भाषा, साझा भूगोल, साझा अर्थतन्त्र र साझा मनोवैज्ञानिक बनोट भएको मानिसहरुको स्थिर समूह वा राष्ट्रियता भनेर बुझ्नु पर्दछ [7] भनेर स्पष्ट पार्न खोजेको छ ।

अहिलेसम्म आत्मनिर्णयको अधिकारबाट डराईर हेको नेपाली कंग्रेसको निरिहताको तुलनामा यो पार्टीले आत्म निर्णयको अधिकारले राज्य टुक्रिदैन बरू बलियो हुन्छ, यो विभाजित हुने वा छुट्टिने होइन केबल शक्तिमा सहभागिता पावर शेयरिङ् गर्न खोजेको मात्र हो भनेको छ ।

**२. नेपाली कांग्रेस**

नेपाली कांग्रेसले राज्य पुनःसंरचनाको खाका तयार गर्न पूर्व केन्द्रीय सदस्य डा. रामवरण यादवको संयोजकत्वमा एक कार्यदल गठन गरेको थियो । त्यसले जातपातको आधारमा होइन क्षेत्रीयतालाई प्रदेश विभाजनको आधार मान्ने मत अघि सारेको छ। यादब भन्छन- **"जातपातमा चाहिं जाँदैन नेपाली कांग्रेसले क्षेत्रीयतालाई नै प्रदेश विभाजनको आधार"** [8] मान्ने । संविधानसभा निर्वाचनको घोषणपत्रमा - **नेपालको वर्तमान एकात्मक र केन्द्रीकृत राज्य संरचनाको अन्त्य गरी स्वायत्त प्रदेशहरू भएको संघीय राज्य बनाउने अवधारणा**[9]अगाडि सारेको छ । तर कति स्वायत्त राज्य हुने भन्ने पूर्ण खाका ल्याउन अझै सकेको छैन ।

नेपालमा लोकतन्त्रको मसिहा ठान्ने कांग्रेसले अहिलेसम्म राज्य पुनरसंरचनाको स्पष्ट खाका ल्याउन नसक्नु राजनीतिक विष्लेषकहरुको विचारमा यात त बौद्धिक टाट पल्टाई या कुनै षडयन्त्रको माकुरे जालो हो [10] भन्ने रहेको छ ।

**३. नेपाल कम्युनिष्ट पार्टी एमाले :**

एमालेले केन्द्रीय सदस्य शङ्कर पोखेलको संयोजकत्वमा एक समिति गठन गरी जातीय, भाषिक, सॉस्कृतिक र क्षेत्रीयताको आधारमा राज्यको पुनरसंरचना गर्ने आधारभूत पक्षमा विशेष जोड दिएको छ ।[11]

संविधानसभा निर्वाचनको घोषणापत्रमा यसले **"जातीय, भाषिक, सांस्कृतिक र भौगोलिक बिशिष्टताका आधारमा संघीय संरचनाका विकास गरिने र यस्तो संरचना निर्माण गर्दा जातिगत सघनता, भाषिक एकरुपता र सांस्कृतिक विशेषता, ऐतिहासिकता र विशिष्ट भौगोलिक क्षेत्रलाई सकेसम्म एउटै इकाइमा आबद्ध गर्ने नीति अवलम्बन गरिने"**[12] अवधारणा अगाडि सारेको छ। तर संघीयताको वारेमा प्रदेशको संख्या र गठन कसरी हुने भन्ने वारे एमाले अझै स्पष्ट हुन सकेको छैन । यस्तो विचारले पछिल्ला दिनहरुमा ताकपरे तिवारी नत्र गोतामे बन्ने ढुलमुले नीतिमा सिमित हुन पुगेको

[6]. *गोरखापत्र, २०६४ फाल्गुन २५ शनिवार*

[7] *ऐजन ,*

[8]. *तिलक पाठक, "मोडेल थरीथरीका" नेपाल, वर्ष-७, अक-२८ आइतवार, १३ फाल्गुन, २०६३*

[9] *गोरखापत्र, २०६४ चैत्र १ शुक्रवार*

[10] *कटक मल्ल, "घहरुको नाम र संख्या" कान्तिपुर, २०६४ चैत्र १४*

[11] *पूर्वोक्त , पादटिप्पणी नं. ८*

[12] *.गोरखापत्र, २०६४ फाल्गुन, २७ गते सोमबार,*

देखिन्छ । मुलुक यत्ति अगाडि पुगीसक्ता पनि अहिलेसम्म एमाले सत्ता स्वार्थलिप्साको घीनलाग्दो खेलमा कहिले नेपाली कांग्रेस त कहिले माओवादीको पछि लागेकाले आफ्नो सैद्धान्तिक अडानको अभावले यो हबिगतमा पुगेको छ । यसलाई पनि बौद्धिक सून्यता या यडयन्त्रको जालोकै रूपमा आशंक गर्न सकिन्छ ।

**४. नेपाल सदभावना पार्टी आनन्दीदेवी :**

यो पार्टीले गजेन्द्रनारायणसिंहको नेतृत्वकालमा भौगोलिक आधारमा नेपाललाई **पूर्व पहाडी प्रदेश, काठमाडौं उपत्यका, पहाडी प्रदेश, पूर्वी तराई प्रदेश र पश्चिम तराई प्रदेश** [13] भनी ५ वटा संघीय राज्यमा विभाजन गर्ने प्रस्ताव गरेको थियो । तर अहिले पार्टी महासचिव राजेन्द्र महतोको कालमा एकल मधेशको प्रस्ताव राख्दै राज्यलाई हिमाल, पहाड र तराईमा विभाजित गर्ने प्रस्ताव अघि सारेकाले पूर्व प्रस्तावबाट विचलित भएको छ। हालै सम्पन्न सविधानसभाको चुनावमा पनि हिमाल, पहाड र तराई प्रदेश भनेर राज्यको पुन संरचना गर्न खोजेको छ। [14]

**५, जनमोर्चा नेपाल (अमिक सेर्चन समूह) :**

जाति, भाषा, जनसंख्या, भूगोल, प्रशासनिक अनुकुलता, प्राकृतिक सम्पदा एवं आयश्रोत समेतलाई ध्यान दिएर अखण्ड, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न नेपालभित्र आत्मनिर्णयको आधारमा स्वशासनसहितको संघीय स्वायत्र प्रदेशहरु रहने प्रस्ताव संविधानसभाको चुनावसंगै प्रस्तावित गरेको छ । यसअनुसार बहुजातीय **सातवटा** संघीय शासन प्रणाली र उपत्यकालाई विशेष प्रदेशको रूपमा विभाजन गर्ने प्रस्ताव अगाडि सारेको छ। [15] तर प्रस्तावमा राज्यहरु कुन कुन हुनेछन् भन्ने कुरा भने उल्लेख हुन सकेको छैन ।

**६. नेपाल कम्युनिष्ट पार्टी (एकिकृत)**

मालेबाट विभाजित नेकपा एकिकृतले जातीय, क्षेत्रीय स्वशासन र आत्मनिर्णयको सिद्धान्तको आधारमा सघीय स्वरूपको राज्य संरचनालाई मूल आधार बनाएको छ ।[16] संघीय लोकतान्त्रिक गणतन्त्र र जातीय प्रादेशिक स्वशासन संघीय राज्य संरचनाको मूलआधार हुने मान्यता राख्दै ११ वटा स्वशासित प्रदेश राख्न सकिने [17] प्रस्ताव गरेको छ। तर प्रदेशहरुको नाम संविधानसभा निर्वाचनको घोषणापत्रमा उल्लेख भएको पाइदैन। बरू उक्त प्रस्तावलाई के बि गुरूङको लेखमार्फत प्रष्टयाउने प्रयत्न गरिएको पाइन्छ। यसलाई राज्यसंरचना सम्बन्धी व्यक्तिगत नमूना अन्तर्गगत के बी गुरूङको लेखमा तल प्रस्तुत गरिएको छ।

**७. पूर्व जनमोर्चा नेपाल (चित्रबहादुर आले समूह) :-**

जनमोर्चा नेपालका उपाध्यक्ष परि थापाले जातिगत जनसंख्या, भूगोल, भाषिक क्षेत्र आदिलाई आधारमानी **खसान, खम्बुवान, तमुवान, ताम्बासालीङ, थरुहट, नेवार, मगरात, मैथिली र लिम्बुवान**[18] गरी ९ वटा प्रदेशमा विभाजन गरेको पाइन्छ ।

**८ किरात वर्कर्स पार्टीको संघात्मक ढाँचा :**

किरात स्वायत्त प्रदेशको निमित्त युद्धरत खम्बुवान राष्ट्रिय मोर्चा र त्यसपछि किरात राष्ट्रिय मोर्चामा परिणत हुँदै ने क पा माओवादीसंग कार्यगत एकता टुटेपछि गठित किरात वर्कस पार्टीले २००३ मा पूर्वमा नेपालको संघीय संरचनाको खाका सार्वजनिक गरेका थियो । त्यसमा किरात **स्वायत्त प्रदेश, मिथिला स्वायत्त क्षेत्र, ताम्बासालिङ स्वायत्त प्रदेश, नेवा स्वायत्त प्रदेश, थारूवान स्वायत्त प्रदेश, तमुवान स्वायत्त प्रदेश, मगरात स्वायत्त प्रदेश,( जडान स्वायत्त प्रदेश र खसान स्वायत्त प्रदेश गरी चित्र सहित ९ वटा स्वायत्त प्रदेशहरूको खाका प्रस्तुत गरेको थियो** ।[19]

---

13. *भवानी बराल,* ***यस्तो हुनु पर्दछ राज्यको पु संरचना*** *, नेपाल स्वायत्त शासन सरोकार मञ्च, पृ. ६९*

14. ***गोरखापत्र,*** *२०६४ चैत्र ६, बुधबार,*

15. ***कान्तिपुर*** *, २०६४ चैत्र २ शनिबार*

16. ***गोरखापत्र,*** *२०६४ मंगलकार २८ फाल्गुन,*

17. ***कान्तिपुर,*** *२०६४ फाल्गुन २८ मंगलबार*

18. *परि थापा, "वर्तमान राज्यको पुन : संरचना : समावेशी लोकतन्त्र र बहुसांस्कृतिक पहिचानहरुको मान्यता"* ***नेपालको सन्दर्भमा राज्यको पु:न : संरचना,*** *सम्पा सीताराम तामाङ (सामना प्रकाशन २०६२), पृ-११५*

19. ***पूर्वोक्त,*** *पादटिप्पणी नं १३ , पृ-७५*

२००७ सालपछिको प्रखर क्रान्तिकारी किरात व्यक्तित्व गोपाल खम्बुको विशेष मेहनतमा नेपालको पूर्वीक्षेत्रको किरात स्वायत्त प्रदेश पुन: किरात वर्कस पार्टी माओवादी पार्टीमा विलय भएपछि यो ढाँचाको मान्यताले अवकास पाएको छ। यसको साथै संविधानसभाको निर्वाचन अघि नै पुन: **लिम्बुवान र किरात स्वायत्त राज्य** समिति भनेर प्रस्तावित गरेको पाइन्छ।

**९. नेपाल मजदुर किसान पार्टी :**

ने म कि पा ले भौगोलिक आधारमा राज्यको विभाजन गर्ने प्रस्ताव अगाडि सारेको छ। यो पार्टीले चुनाव घोषणापत्रमा भनेको छ -भूगोलको आधारमा बनेको अञ्चललाई नै प्रान्तहरुको रूप दिनेछ। राज्यहरुको विभाजन संविधानसभाले निर्क्यौल गर्नेछ।[20] अहिले आएको भाषा, जाति तथा समुदायलाई इङ्गितगर्ने प्रकारले कुनै पनि स्वायत्त राज्यको माग गर्नु नेपालको लागि हानिकारक छ भन्ने निष्कर्ष यस पार्टीको रहेको पाइन्छ।

**१०. राष्ट्रिय जनमुक्ति पार्टी :**

यस पार्टीले संविधानसभाको चुनावी धोषणापत्र जारी गर्दै बहुजातीय प्रजातान्त्रिक गणतन्त्रात्मक राज्यको अवधारणा अगाडि सारेको छ। ऐतिहासिक जातीय, भाषिक, सांस्कृतिक र भूगोलको आधारमा स्वायत्त राज्यको स्थापना गर्ने प्रस्ताव गरेको छ। गोरेबहादुर खपाङ्गीद्वारा २०४८ सालमा स्थापित उक्त पार्टीलाई राजाबादीको आरोप लागेको भए पनि राजतन्त्रवारे चुनावी घोषणामा कुनै उल्लेख छैन। यस पार्टीले संघीय राज्यको प्रस्ताव गरेपनि कति हुने भन्ने उल्लेख छैन। यसको साथै आत्मनिर्णयको अधिकार कुनै राज्यलाई पनि दिन नसकिने धारणा पनि ल्याएको छ।[21]

**११. तराई मधेश लोकतान्त्रिक पार्टी :**

संविधानसभा निर्वाचनको घोषणापत्रमा मूख्य ६ वटा आधार- भौगोलिक समानता, सांस्कृतिक एवं भाषिक निकटता, समान जलवायु, कृषि नै अर्थतन्त्रको मेरूदण्ड, समानरूपमा पीडित, भावनात्मक एकता जस्ता कारणले "कञ्चनपुरदेखि झापासम्म एक स्वायत्त क्षेत्र"[22] हुनु पर्ने प्रस्ताव अगाडि सारेको छ।

**१३. ने क पा संयुक्त :**

राज्यको पुन : संरचना गर्दा वर्ग-विशेष वा जाति-वंश विशेषको आधारमा होइन राष्ट्रिय पूजिपति, बौद्धिक श्रमजीवी, साना व्यापारी, प्रगतिशिल वुद्धिजीवी, युवा, विद्यार्थी, श्रमजीवीहरुको साझा राज्यसत्ता हुने प्रकारले गरिनु पर्दछ[23] भन्ने प्रस्ताव गरेको छ। तर के कति हुने स्पष्ट छैन।

**१४. मधेशी जनाधिकार फोरम नेपाल :**

भौगोलिक जातीय, भाषिक, सामाजिक र सांस्कृतिक विशिष्टता, विविधता एवं समरूपतासँगै जनसंख्या र आर्थिक संभाव्यताहरु समेतलाई ध्यानमा राखेर **मधेश स्वायत्त प्रदेश** निर्माण गर्ने जसभित्र अवध, भोजपुर, थरूहट जस्ता क्षेत्रहरु रहने [24] प्रस्ताव गरेको छ।

**१५. ने क पा माले :**

राज्यको पुन : संरचनागर्दा अत्यन्तै वैज्ञानिकता अपनाउनु पर्नेछ जसमा राज्य पुन : संरचना आयोग गठन गरी सर्वसम्मत मापदण्डको आधारमा केन्द्रीय राजधानी रहने केन्द्र शासित प्रदेशसहित ५ देखि ७ वटासम्म प्रान्तहरु गठन गर्न सकिनेछ [25] भनी आफ्नो चुनावी घोषणापत्रमा उल्लेख गरेको छ।

३. **व्यक्तिगत रुपबाट प्रस्तुत गरिएका मोडलहरू :-**

**१, डा. पिताम्बरलाल शर्मा :-**

भूगोलविध डा. पिताम्बरलाल शर्माले प्राकृतिक श्रोत र साधनको उपलब्धताको आधारमा ६ वटा संघीय राज्यहरु- **पूर्वाञ्चल, मध्यमाञ्चल, राजधानी, पश्चिमाञ्चल, कर्णाली र सुदुरपश्चिमाञ्चल र** १९ जिल्लाको प्रस्ताव गरेका छन जसमा अरूण, सगरमाथा, पूर्व

[20]. *गोरखापत्र, २०६४, चैत्र ८ शुक्रवार*
[21]. *कान्तिपुर, २०६४ चैत्र १० आइतवार*
[22]. *गोरखापत्र, २०६४ फाल्गुन ३० विहिवार*
[23]. *गोरखापत्र, २०६४ चैत्र ८ गते शुक्रवार*
[24]. *गोरखापत्र, २०६४ चैत्र ८ गते शुक्रवार*
[25]. *गोरखापत्र, २०६४ चैत्र ६ गते शुक्रवार*

मधेश, सैलुङ, मध्य मधेश, काठमाडौं, त्रिशुली, मनास्लु, अन्नपूर्ण, पशिचम मधेश, रिडी, धौलागिरी, स्वर्गद्वारी, जुम्ला, सुदुर पशिचम, मधेश, भेरी, हुम्ला, खप्तड र व्यासऋषी [26] पर्दछन। प्राकृतिक स्रोत र साधनलाई मात्र आधार मान्ने हो भने आदिवासी जनजातिको भावनालाई यसले कुनै ठाउँ नदिएको ठहर लाग्छ।

**२. शङ्कर पोखेल :-**

एमालेका केन्द्रीय सदस्य शङ्कर पोखेलले भौगोलिक अवस्थिति, जातिगत सघनता, वसोवास, भाषा प्रयोग, सामाजिक साँस्कृतिक अवस्था, आर्थिक सम्बन्ध, प्रशासनिक सुगमता, प्राकृतिक श्रोत र साधनको उपलब्धता र ऐतिहासिकताको आधारमा **तमोर प्रदेश, बिराट, कोशी, जनकपुर, सुनकोशी, काठमाडौं, सिमौनगढ, नारायणी, अन्नपूर्ण, कालीगण्डकी, लुम्बिनी, राप्ती, कर्णाली, भावर र खप्तड**[27] भनी १५ वटा प्रदेश रहने प्रस्ताव ल्याएका छन।

**३., राजेन्द्र श्रेष्ठ :-**

नेकपा एमालेका अर्का केन्द्रीय सदस्य नेता राजेन्द्र श्रेष्ठले भौगोलिक सुगमता, जनसंख्या, जातीय क्षेत्रीय सम्बन्ध र सामाजिक आर्थिक सम्बन्धको आधारमा हिमाली र पहाडी भू-भाग अन्तर्गत ९ वटा र मधेश र भित्री मधेशलाई मिलाएर पाँचवटा गरी १४ वटा प्रदेश वा अञ्चलको अवधारणा अगाडि सारेका छन। ति हुन-

**१, याक्थुम प्रदेश** : पूर्वका ५ जिल्ला, **२.खुम्बु**- पूर्वका ५ जिल्ला, **३.सेसान्त**- ९ जिल्ला, **४. नेपालमण्डल**-३ जिल्ला, **५.तमु गण्डक** -६ जिल्ला, **६, मगर गण्डक**-११ जिल्ला, **७.भेरी-** ६ जिल्ला, **८.कर्णाली**-४ जिल्ला, **९.महाकाली**- ५ जिल्ला, **१०.कोशी-** ३ जिल्ला, **११.मिथिला**- ५ जिल्ला, **१२. भोजपुर**-४ जिल्ला, **१३. गौतमबुद्धपुर**- ३ जिल्ला, **१४.थरुहट**- ५ जिल्ला।[28]

जाति, भाषा, क्षेत्र, भूगोल जस्ता आधारलाई यसले समेट्ने प्रयत्न गरेको छ।

**४, गोबिन्द न्यौपाने :-**

वामपन्थी बुद्धिजीवी गोविन्द न्यौपानेले जातीयताको आधार मा पहिले ११ वटा र पछि संशोधित रूपमा पुन निम्नानुसार ८ वटा प्रदेशहरुको खाका प्रस्तुत गरेका छन -

**१, किरात प्रदेश** : वल्लो, पल्लो र माझकिरातको १३ जिल्ला : केन्द्र धनकुटा, **२. ताम्बासालिन** : तामाङ बाहुल्य रहेको ९ जिल्ला : केन्द्र बनेपा, **३. नेपा** : नेवार वाहुल्य भएको केन्द्र काठमाडौं सहित ललितपुर भक्तपुर, **४, तमुमगरात** : गुरूङ र तामाङ बाहुल्य रहेको ९ जिल्ला केन्द्र : पोखरा, **५. खसान** : पहिले खस राज्य रहेको क्षेत्र २३ जिल्ला केन्द्र : जुम्ला वा सुर्खेत, **६ थारुवान** : थारू सघनता रहेको ६ जिल्ला : केन्द्र नेपालगञ्ज, ७ **भोजपुरी प्रदेश** : भोजपुरी भाषाको सघनता रहेको ६ जिल्ला, केन्द्र : नारायणघाट र **८ मिथिला** : मैथिलि भाषाको सघनता रहेको ८ जिल्ला, केन्द्र : बिराटनगर।[29]

**५, स्व. डा. हर्क गुरुङ :-**

भूगोलविद डा हर्क गुरूङले आर्थिक पक्षलाई आधार मानी कन्काई, बिजयपुर, तमोर, अरूण, चौदण्डी, सगर माथा, कमला, सैलुङ, काठमाडौं उपत्यका (काठ,भ,ल), सिमरौन, राप्ती, त्रिशुली, मनास्लु, अन्नपूर्ण, श्रीनगर, रिडी, धौलागिरी, स्वर्गद्वारी, भेरी, कर्णाली, बबई, मलिका, सैपाल, मोहोना, व्यासऋषि[30] गरी जम्मा २५ वटा विकास जिल्लाहरुमा नेपाललाई विभाजन गर्ने नमूना प्रस्तुत गरेको पाइन्छ।

**६, प्राध्यापक कृष्ण खनाल :-**

प्रा. खनालले वेस्टमिनिस्टर प्रणालीको ठाउँमा समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको आधारमा १४ वटा निर्वाचनक्षेत्रहरुको विभाजन गरेका छन। जसमध्ये

[26]. *पूर्वोक्त, पादटिप्पणी नं ८,* [27] *ऐजन , पृष्ठ ३३.*

[28]. *राजेन्द्र श्रेष्ठ, "राज्य पुःन : संरचना र समावेशी लोकतन्त्रका आधारहरु"* ***नेपालको सन्दर्भमा राज्यको पुःन : संरचना,*** *(सम्पा. सिताराम तामाङ, सामना प्रकाशन २०६२), पृ-५०-५१*

[29] *गोबिन्द न्यौपाने, "बहुजातीय संघात्मक राज्य र समावेशी लोकतान्त्रिक शासन प्रणाली"* ***नेपालको सन्दर्भमा राज्यको पुन : संरचना,*** *सम्पा. सिताराम तामाङ (सामना प्रकाशन २०६२), पृ. २५१*

[30] *हर्क गुरुङ, "बिकेन्द्रीकरणको जुक्ति : जिल्ला सुदृढिकरण पच्चिस जिल्लाको नयाँ नेपाल" सम्पा. सिताराम तामाङ* ***नेपालको सन्दर्भमा राज्यको पुन : संरचना,*** *(सामना प्रकाशन २०६२), पृ-२८०*

तराईमा ५ र पहाडमा ९ वटा पर्दछन। खनालले जातीय, भाषिक एवं साँस्कृतिक निकटताको आधारमा क्षत्रीय वा संघीय शासनको इकाईहरुको गठन उपयुक्त हुने प्रस्ताव गरेका छन।[31] प्रस्तावित क्षेत्रहरुमा **क्षेत्र नं १** : सोलु, ओखलढुङ्गा, उदयपुर, धनकुटा सहित उत्तरपूर्वका ११ जिल्ला, **क्षेत्र नं २** : मोरङ, सुनसरी, **क्षेत्र नं ३** : सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, **क्षेत्र नं ४** : काभ्रे सिन्धुली सहित उत्तरका ५ जिल्ला, **क्षेत्र नं ५** : रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, **क्षेत्र नं ६** : काठमाडौ, ललितपुर, भक्तपुर, **क्षेत्र नं ७**: रौतहट, बारा, पर्सा, चितवन, **क्षेत्र नं ८** : स्याङ्जा, तनहु सहित उत्तरका ६ जिल्ला, **क्षेत्र नं ९** : पाल्पा, अर्घाखांची सहित उत्तरका ७ जिल्ला, **क्षेत्र नं १०** : नवलपरासी, रूपन्देही, कपिलवस्तु, **क्षेत्र नं ११** : प्युठान, दैलेख रूकुम सहित ७ जिल्ला, **क्षेत्र नं १२** : डोल्पा, मुगु जुम्ला, हुम्ला, कालिकोट, **क्षेत्र नं १३** : बाजुरा, अछाम सहित पश्चिमका ५ जिल्ला, **क्षेत्र नं १४** : दाङदेखि कञ्चनपुरसम्म ५ जिल्ला।

**७. के. बि गुरुङ :-**

ने क पा एकिकृतसंग सम्बन्धित जनजाति कर्मी के बि गुरूङले जाति, भाषा र क्षेत्रको आधारमा जातीय प्रादेशिक स्वशासन निर्माणको पक्ष लिदै **१. लिम्बुवान, २. खम्बुवान, ३. तामाङ सालिङ, ४. नेवा, ५. मैथिली-थारु, ६. तमु, ७.मगरात, ८.पशिचम खसान, ९. सुदुर पशिचम खसान, १०. थारुहट र थारु-भोजपुरी** गरी जम्मा ११ वटा **स्वशासित प्रदेशहरूको** प्रस्ताव गरेका छन।[32]

**८. कुमार योञ्जन :-**

नेपाल तामाङ घेदुङ संघका कर्मी योञ्जनले जातिगत जनसंख्या, भूमि, भाषिक क्षेत्र, बाहूल्यता एवं क्षेत्रीय उत्पीडनका आधारमा जम्मा ११ वटा राष्ट्रिय प्रदेशहरुको प्रस्ताव गरेका छन जसमा **किरात प्रदेश**-११ जिल्ला, **तामाङ**-९ जिल्ला, **नेवार**-३ जिल्ला, **भोटे तमुवान**-६ जिल्ला, **मगरात**-११ जिल्ला, **थारुवान**-६ जिल्ला, **हिमाली (जडान)**-७ जिल्ला, **पहाडी (खसान)**- ८ जिल्ला, **मैथिली भाषिक प्रदेश**-५ जिल्ला, **कोचिला भाषिक प्रदेश**-३ जिल्ला, **भोजपुरी भाषिक प्रदेश** ६ जिल्ला रहेका छन।[33]

**९. अमरेशनारायण झा :-**

मधेशी अधिकारकर्मी झाले जातीय, भाषिक र क्षेत्रीय आधारमा **१. मिथिला प्रदेश, २. भोजपुरी प्रदेश, ३. अवधी प्रदेश**, ४. **थारु प्रदेश** ५. **महाकाली-कर्णली प्रदेश ६. तमुवान प्रदेश ७. मगरात प्रदेश ८. तामाङ प्रदेश** : **९. किरात प्रदेश र १०. नेवार प्रदेशमा**[34] विभाजन गरेका छन।

**१०, भवानी बराल** : संघीय राज्यको आधार जातीयता, भाषिक सांस्कृतिक र अपवादको रूपमा मात्र क्षेत्रीयताको आधार लिनु पर्दछ भन्ने तर्क बरालको रहेको पाइन्छ। उनका प्रस्तावित खाकाहरुमा **१. लिम्बुवान स्वायत्त राज्य-** अरूणनदी पूर्वका पूर्वका १० जिल्ला **२..खम्बुवान**-ओखलढुङ्गा, सोलुखुम्बु सहित पूर्वका ६ जिल्ला, **३. मधेश** : पर्सादेखि मोरङसम्मका ११ जिल्ला, **४.थारुवान** : कञ्चनपुर देखि चित्तौनसम्मका ९ जिल्ला. **५. ताम्बासाडि स्वायत्त राज्य** : नेवाल्याण्ड वाहेक धादिङ मकवानपुर र सिन्धुली सहित उत्तरका ९ जिल्ला, ६. **नेवालैण्ड** : उपत्यकाको तीनै जिल्ला, **७. तमुवान** : तनहु, स्याङजा, पर्वत सहित उत्तरका ८ जिल्ला, **८. मगरात** : पाल्पादेखि सल्यान सहित उत्तरका १० जिल्ला, ९. **खसान** : कर्णाली र भेरीका १० पहाडी जिल्लाहरु, **१०. नमूना स्वायत्त**

---

[31] *कृष्ण खनाल, "राज्यको पुन : संरचना : एक प्रस्ताव" **नेपालको सन्दर्भमा राज्यको पुनसंरचना**, सम्पा. सीताराम तामाङ **नेपालको सन्दर्भमा राज्यको पुनःसंरचना**, (सामना प्रकाशन,२०६२), पृ २०५*

[32] *के बी गुरूङ "जातीय प्रादेशिक स्वशासन संघीय राज्य संरचनाको आधार" **जनजाति आवाज**, (अखिल नेपाल आदिवासी जनजाति महासंघ-२०६४), अंक-१३ साउन पृ- ६-१४.*

[33] *कुमार योञ्जन "नेपाल राज्यको पुन :संरचना र लोकतन्त्रको समावेशी ढांचा" **नेपालको सन्दर्भमा राज्यको पुन : संरचना**, सम्पा. सीताराम तामाङ, सामना प्रकाशन, २०६२), पृ-१५४*

[34] *अमरेशनारायण झा, "संघीय शासन व्यवस्थाको आधारमा राज्यको पुनःसंरचना" " **नेपालको सन्दर्भमा राज्यको पुनः संरचना**, सम्पा. सीताराम तामाङ (सामना प्रकाशन २०६२), पृ-३४७-३५८*

**प्रदेश :** दार्चुला, बैतडी, डडेलधुरा र डोटी, **११. कोचिला प्रदेश :** झापाको दक्षिण, मोरङ, लोहान्द्रा खोला पूर्वसम्मको भू-भाग[35] पर्दछन । २२ भाषी किरात राईहरुलाई लिम्बुवानसंग एकैठाउँमा खाँद्नु उपयुक्त नहुने भएकाले खम्बुवान छुट्टै राज्य बनाइनु पर्दछ भन्ने उनको तर्क रहेको छ ।

**११ डा. नारायण खडका :-**

संविधानसभा सदस्य डा. खड्काले **वर्तमान विकास क्षेत्रहरूलाई नैं संघीय शासनको आधार** बनाउनु पर्ने तर्क पेश गरेका छन ।

**१२. प्रा. मंगलसिद्धि मानन्धर, शोभा श्रेष्ठ र पुष्पा शर्मा** अहिलेसम्म प्रस्तुत विविध आधारहरुलाई केलाउँदै निम्नानुसारका संघीय प्रदेशहरुको बनोटको खाका प्रस्तुत गरेको पाइन्छ -

१. **ताम्बासालिङ प्रदेश** २. **तमुवान,** ३. **मगरात,** ४.**थरुहट,** ५. **खसान,** ६.**खम्बुवान,** ७ **लिम्बुवान,** ८. **नेवाप्रदेश,** ९. **मिश्रित पशिचम,** १० **मिथिला,** ११. **मिश्रित मध्ये,** १२. **मिश्रित पूर्व,** १३, **मिश्रित सुदुर पूर्व ।** [36] यसमा जातीय आधारमा ७, मिश्रित आधारमा ४, क्षेत्रीय आधारमा १ र एक भाषिक आधारमा विभाजन गरिएको छ ।

**१३. कमल तिगेला लिम्बु :**

किरात याक्थुम चुमलुङका केन्द्रीय परिषद सदस्य लिम्बुले नेपाललाई संघीय संरचनामा परिवर्तन गर्दा **१. महाकाली प्रदेश, २. कर्णाली प्रदेश, ३. मगरात प्रदेश, ४. तमुवान प्रदेश, ५. ओल्लो किरात, ६. माझ किरात, ७. पल्लो किरात** प्रदेशमा विभाजन गर्न उपयुक्त हुने र यसो गर्न नसकिएमा ३३ वटा राज्य बनाउन सकिने बैकल्पिक प्रस्ताव प्रस्तुत गरेको पाइन्छ । [37]

**१४. श्री कृष्ण यादव :**

प्रशासनिक सुगमता, विकास, इतिहास, जाति प्रजाति, भाषिक समुदायको उत्साह, राष्ट्र निर्माण र समृद्धि, सहभागिताको लागि निम्न ७ क्षेत्रमा प्रदेशको विभाजन गर्ने प्रस्ताव गरेकाछन- **१. सगरमाथा प्रदेश** - ११ जिल्ला **२. बागमति** : १३ जिल्ला **३. गण्डकी** : १३ जिल्ला **४. कर्णाली** : ११ जिल्ला, **५. महाकाली** : ८ जिल्ला, **६. सिद्धार्थ** : १३ जिल्ला र **७. विदेश** : ११ जिल्लाहरु । [38]

**१५. डा. बिजयराज शर्मा :**

कोलोराडो विश्वविद्यालयका प्रां शर्माले नेपाललाई १५ वटा प्रान्तहरुमा विभाजन गर्ने प्रस्ताव गरेका छन । **प्रान्त-१** : ताप्लेजुङ, पाँचथर, इलाम र तेरथुम, **प्रान्त-२** : सोलु, खोटाङ, सहित पूर्वका ५ जिल्ला , **प्रान्त-३** : दोलखा, र मेिछाप, ओखलढुङ्ग, उदयपुर, **प्रान्त-**४ : झापा, मोरङ, सुनसरी, **प्रान्त-५** : सरलाहीदेखि सिराहासम्म ५ जिल्ला, **प्रान्त-६** : रौतहट, बारा, पर्सा, **प्रान्त-७** : सिन्धुली, मकवानपुर, रसुवा, नुवाकोट, काभ्रे, सिन्धुपाल्चोक, **प्रान्त-८** : काठ भक्तपुर, ललितपुर, **प्रान्त-९** :धादिङ, गोर्खा, चित्तौन, **प्रान्त-१०** : नवलपरासी, रूपन्देही, कपिलवस्तु, **प्रान्त- ११** : पाल्पा, तनहु, म्याग्दी सहित उत्तरका ८ जिल्ला, **प्रान्त-१२** : बागलुङसहित ८ छिमेकी जिल्ला र सल्यान समेत, **प्रान्त-१३** : दाङदेखि कञ्चनपुरसम्म ५ जिल्ला, **प्रान्त-१४** : डोल्पा पशिचम दार्चुला, हुम्लासम्म ८ जिल्ला, **प्रान्त-१५** : सुर्खेत, दैलेखदेखि डडेलधुरा बैतडीसम्म ७ जिल्ला ।[39]ठूलो प्रान्तको अलवा सानो प्रान्त उपयुक्त हुने शर्माको तर्क रहेको छ ।

**१६. टंकबहादुर राई -**

जनजाति कर्मी राईले वर्तमान नेपालको बनेपादेखि पूर्व मेचीसम्मको इलाकालाई किरातभूमि मान्नु उपयुक्त हुने भएकाले अव गरिने राज्यको पुसंरचनामा उक्तअनुसार को किरातभूमिको सीमा रहनु आवश्यक छ भन्ने ऐतिहासिक दलिल पेश गरेका छन । [40] तर अन्य प्रदेशहरुको वारेमा मौन छन ।

---

35. **पूर्वोक्त**, *पादटिप्पणी नं . १३ पृ- १३३*

36. *मंगलसिद्धि मानन्धर र अन्य,* **कान्तिपुर** *: २०६४ पुस २४ मंगलबार*

37. **पूर्वोक्त**, *पादटिप्पणी नं ७९-८४.*

38. *श्रीकृष्ण यादव,* **कान्तिपुर**, *२०६३ साउन २५,*

39. *बिजयराज शर्मा, "स्वायत्त जातीय संघीय शासन",* **कान्तिपुर**, *२०६४ माघ १७,*

40. *टंकबहादुर राई,* **राज्यको पुन : संरचना, समावेशी प्रजातन्त्र र किरातहरूको प्रजातान्त्रिक अधिकार**, *(उत्तरकुमार चामलिङ्ग राई, २०६२), पृ-१२३*

**१७. आलोक बोहरा, सुरेन्द्र देवकोटा र शिव गौतम :** उनीहरुले काठमाडौं, कोशी, गण्डकी र कर्णाली भनेर ४ प्रदेशमा विभाजन गरेका छन ।[41]

**१८. श्रीकृण यादव :**

महाकाली, कर्णाली, सिद्धार्थ, गण्डकी, बागमती, बिदेह र सगरमाथा गरी ७ प्रदेश[42] मा विभाजन ।

**१९. बाबुराम भट्टराई :**

मेची, कोशी, जनकपुर, बागमती, गण्डकी, लुम्बिनी, राप्ती, कर्णाली र महाकाली गरी ९ संघीय राज्यमा विभाजन ।[43]

**२०. राजेन्द्र गौतम :**

दाङ, अन्नपूर्ण, मकालु, भेरी, नारायणी, जुम्ला, सिन्धुली, मिथिला, लुम्बिनी, उपत्यका, कर्णाली, कोशी, गोर्खा र हलेसी गरी १४ राज्य ।[44]

**२१. धर्मराज पौडेल :**

सप्तकोशी, मैथिली, सुनकोशी, बुद्धभूमि, धौलागिरी, राप्ती, कर्णाली र महाकाली गरी ८ प्रदेश ।[45]

**२२. सूर्यवहादुर थापा :**

देउडा, राप्ती, सैलुङ, सिंजा, मिथिला, काठमाडौं, लुम्बिनी, कोशी, कञ्चनजङ्घा, गोर्खा, थरूहट गरी ११ संघीय राज्य ।[46]

यसबाहेक महेन्द्र लावतीको जातीयताको आधारमा १३ वटा प्रदेश[47], बाबुराम आचार्यको ४ प्रदेश, रामचन्द्र आचार्यको ४ प्रदेश, सुरेन्द्र देवकोटा र शीव गौतमको ४ प्रदेश, जितेन्द्रदेवको ९ प्रदेश, परशुराम तामाङ्को १२ प्रदेश[48]नरहरी आचार्य, डा. कृष्ण भट्टचन, प्रदीप गिरी, झलनाथ खनाल, सिताराम तामाङआदिले राज्य पुन संरचनाका आधारहरु वारे आ-आफ्ना मतहरू अगाडि सारेका छन् ।

**१. नेपाल आदिवासी जनजाति महासंघ :-**

२४० वर्षदेखि राज्यबाट किनारा लगाइएका आदिवासी जनजातिहरुको हक अधिकारलाई स्थापित गर्न राज्य पुन: संरचना हुँदा संघात्मक लोकतान्त्रिक गणतन्त्रको आधार जाति, भाषा, क्षेत्र हुनैपर्दछ र संविधानसभाले बनाउने नयाँ संविधानमा आत्मनिर्णयको अधिकासहित जातीय स्वायत्तताको सुनिस्चित्ता हुनैपर्दछ। सहायक आधाररू जनसंख्या, भौगोलिक क्षेत्र, स्रोत र संशाधन हुन सक्दछ तर यसलाई मूल आधार बनाइनु हुँदैन [49] भन्ने जोडदार तर्क अगाडि सारेको छ ।

**२. किरात याक्थुम चुमलुङ :-**

किरात लिम्बुहरुको भाषा, धर्म, संस्कृति, इतिहास, पुरातत्वको खोजीगर्ने सामाजिक जातीय संस्था याकथुम चुमलुङ यत्तिखेर संयुक्त लिम्बुवान मोर्चा नेपालमा सामेल भएर नेपालको पूर्वी क्षेत्रमा लिम्बुवान स्वायत्त प्रदेश हुनुपर्दछ भनेर २०६० देखि नै खरोरूपमा उत्रेको छ र राज्य पक्षले आंशिक रूपमा संबोधन पनि गरिस केको छ । इसाको छैटौं सताब्दीमा खाम्बोङबाहरुले टिष्टादेखि दुधकोशी र तिब्बतदेखि जलालगढसम्म सिमाना कायमगरी वि सं १६४१-१८३० सम्म बिजयपुरलाई राजधानी बनाएकाले[50] यसैलाई लिम्बुवानले ऐतिहासिक आधार मानेको पाइन्छ । राष्ट्रिय अखण्डता र सार्वभौमिकतालाई अक्षुण्ण राख्दै जातीय ऐतिहासिक पृष्ठभूमिको आधारमा आत्मनिर्णयको अधिकार सहित लिम्बुवान स्वायत्त राज्यको सुनिश्चित्ता गराउने [51] कार्यको लागि विविध ७ क्षेत्रबाट राजनीतिक दल र संगठनहरुको संयुक्त मोर्चा बनिसकेको पाइन्छ ।

प्रस्तावित लिम्बुवानको सिमाना अरूण र कोशी नदी पूर्व, मेची नदी पशिचम, भारत पशिचम बङ्गाल प्रदेशको सिमाना पशिचम र बिहार प्रदेशको सिमाना उत्तर र चीन स्वशासित

[41]. *Alok Bohora, Coopeerative Regional Federal Sates : A workable Solution, The kathmandu post April 4. 2007. बाट उद्यृत मंगलसिद्धि मानन्धर र अन्य, नेपालमा संघीय राज्य : एक प्रस्ताव, (काठमाण्डौं : श्रीमति राधिका मानन्धर, २०६५), पृ- २८ द्वारा पुन : उद्यृत*

[42]. *मंगलसिद्धि मानन्धर र अन्य, **नेपालमा संघीय राज्य : एक प्रस्ताव**, (काठमाडौं : श्रीमति राधिका मानन्धर, २०६५), पृ-२९*

[43] ***ऐजन**, पृ-३०* [44]. ***ऐजन**, पृ-३१* [45] ***ऐजन**, पृ-३१* [46]. ***ऐजन**, पृ-३३* [47]. ***पूर्वोक्त**, पादटिप्पणी नं-८, पृ-३४*

[48]. ***पूर्वोक्त**, पृ-११*

[49]. *आदिवासी जानजति महासंघद्वारा १९ बुँदे काठमाडौं घोषणापत्र जारी, आदिवासी जनजाति, वर्ष ४, अंक १, साउन २०६५*

[50] *२०६५ साउन ११ गते संयुक्त लिम्बुवान मोर्चा, नेपालमा आबद्ध राजनीतिक दल र संगठनहरुले गरेको सहमति पत्रमा उल्लेख भएको ।*

[51]. ***ऐजन***

क्षेत्र तिब्बतको सिमाना [52] हुनेछ भनेर किटान गरेको पाइन्छ ।

नेपालमा सबै जनजातिको खाका छन भन्न सकिन्न । तर पनि मगरात, तमु, ताम्बासालिन, खम्बुवान, खसान, थरूवान, आदिले आ-आफ्नो भूमिको बलियो हकदावी गरेका छन । पछिल्लो कालमा हिमाली राज्यको नामहरु पनि सुन्नमा आएको छ । यसैगरी प्राचीन प्रचलनमा भन्दै आइएको नौलाख किरातहरुको प्रतिनिधित्व गर्ने किरात राई यायोक्खाले पनि किरात स्वायत्त राज्यको प्रस्ताव अगाडि सारेको छ। यसलाई निम्न पृष्ठहरुमा सविस्तार चर्चा गरिनेछ।

## किरात राई यायोक्खा र किरात स्वायत्त राज्यको प्रस्ताव : एक चर्चा :

किरात राईहरुको प्रतिनिधित्व गर्ने छाता संगठन किरात राई यायोक्खाले २०६३ मा झापामा सम्पन्न छैटौं राष्ट्रिय महाधिवेशनबाट किरात स्वायत्त राज्यको प्रस्ताव ल्याएको हो । यो प्रस्ताव किरात भनेर पहिचान दिने सम्पूर्ण आदिवासी जनजाति, मधेशी, दलित उत्पीडित जाति र क्षेत्रीय रूपमा विभेदीत जाति जनजाति क्षेत्र लगायत सबैको साझा प्रस्तावको रूपमा लिन किरायाले अपिल गरेको छ।

### १. प्रस्तावको औचित्य :

इतिहासविद इमानसिंह चेम्चोङ, दुर्गाहाङ याक्खा राई, कमलप्रकाश मल्ल, डा. पेशल दाहाल, डा.स्वामी प्रपन्नाचार्य, जगदीशचन्द्र रेग्मी, सुनितीकुमार चटर्जी, डां हर्क गुरूङ आदिका ग्रन्थहरुका आधारमा महिषपाल बंशपछि २७ देखि ३२ पुस्तासम्म काठमाडौंमा करिब १७०० वर्षसम्म सवभन्दा लामो शासन[53] गर्ने किरातीहरु हुन भनि किरात स्वायत्त राज्य स्थापनाको एतिहासिक आधारलाई जोड दिएको छ । गोपाल वंशावलीमा ३२ पुस्ता किराती राजाहरुको जम्मा शासनकाल १८६३ वर्ष ८ महिना जनाइएको छ।[54] डेनियल राइट, कर्क्प्याट्रिक, जयसवालदेखि बाबुराम आचार्य, ढुण्डीराज भण्डारी, बालचन्द्र शर्मा आदि विद्वानहरुले नेपालमा किरात शासन रहेको स्वीकार गरेका छन । आधुनिक नेपालको पूर्वी क्षेत्रलाई इसापूर्व ६०० वर्षअघि नै किरात देश भनिकाले हालको रामेछापको जिरेल, हायु, सुनुवार बस्तीदेखि पूर्वको भूभागलाई किरात स्वायत्त राज्य हुनु पर्ने दलिल पेश गरिएको पाइन्छ । समाजशास्त्रीय अवधारणाले नेपालका आदिवासी जनजातिहरु सबै किरातहरु हुन भन्ने स्वीकार गरेता पनि अहिलेसम्म राई, लिम्बु, सुनुवार, याक्खा, धिमाल, जिरेल, हायु आदिले मात्र किरात हौं भनेर गर्ब गरेको पाइन्छ । यही औचित्यलाई आत्मसात गरेर संविधान सभाको निर्वाचन अघि नै पार्टीहरुले प्रस्ताव लेख्ने क्रममा किरायाले **नेकपा माओवादी, नेकपा एमाले, नेपाली कांग्रेस** जस्ता तीन ठूला राजनीतिक दलहरुसंग किरात स्वायत्त राज्य स्थापना र जातीय प्रतिनिधित्वको सवालको वारेमा[55] डेलिकेसन गई किरात प्रतिनिधित्वको माग राख्दै विज्ञप्ती जारी गरिएको ती दलहरुबाट संस्थाको भावनालाई कदर गर्ने मौखिक बचनबद्धता पनि प्राप्त भएको छ ।

### २. किरात स्वायत्त राज्यको प्रस्ताव अगाडि सार्नु पर्ने कारण :

१. किरातीहरु आदिवासी जनजाति रैथाने भएकाले ती रैथाने भूमिको संरक्षण गर्न ।
२. केन्द्रीय संघमा सशक्त एवं प्रभावकारी निर्णायक भूमिका निर्वाह गर्न ।
३. किरातीहरु वीचको अन्तर्घुलनता अभिबृद्धि गर्न
४. आर्थिक रूपमा आत्मनिर्भर हुन ।
५. किरातहरुलाई फुटाउने यडयन्त्रलाई निष्तेज बनाउन
६. किरातहरुलाई आदिवासी जनजातिको अवस्थाबाट सिङ्गो राष्ट्रको रूपमा विकसित गर्न ।
७. किरातीहरुको मुक्ति सुनिश्चित गर्न [56] .

[52] *किरात याम्थुङ चुम्लुङद्वारा २०६५ असार २१ गते जारी गरिएको अपिल-पत्र ।*

[53]. *हेर्नुहोस, किरात स्वायत्त राज्य: जातीय सहअस्तित्व, सम्मान र मुक्तिको उपाय, (काठमाडौं : किरात राई यायोक्खा केन्द्रीय कार्यसमिति, २०६५) मा प्रस्तुत आन्तरिक छलफलका लागि प्रस्तुत प्रस्ताव ।*

[54] *ढुण्डीराज भण्डारी, **नेपालको आलोचनात्मक इतिहास,** वाराणसी : बाबु साप्र शर्मा, २०२७, पृ. ३०*

[55]. *हेर्नुहोस, **निप्सुङ** २०६४ चैत्र, पूर्णङ-२७, पृ-५१*

[56]. **ऐजन**, पादटिप्पणी नं. २८ हेर्नुहोस

यी कार्यहरुको कार्यान्वयन तवमात्र संभव छ जब सम्पूर्ण किरातहरुले चाहेका किरात स्वायत्त राज्यको स्थापना हुनेछ। २४० वर्षदेखि केन्द्रीकृत सामन्ती शाह वंशीय खस बाहुन राज्यसत्ताले आदिवासी जनजाति, मधेशी, दलितहरुलाई पाखा लगाएको हुनाले सबै जनजातिहरुले आ-आफ्नो समुदायको उत्थानको लागि किरात स्वायत्त राज्य स्थापना गर्नु पर्ने अत्यन्त जरूरी देखिन्छ । अहिलेसम्म याक्खा, सुनुवार, मेचे समाजसंग औपचारिक छलफल भई किरात स्वायत्त राज्यको प्रस्तावप्रति समर्थन प्राप्त भैसकेको छ भने अनौपचारिक छलफल विभिन्न कोणहरुबाट भैसकेको छ। किरात स्वायत्त राज्य प्रचार प्रसार समितिले ओखलढुङ्गादेखि ताप्लेजुङ, पाँचथर, इलाम झापा मोरङसम्म कार्यकर्ता तहमा राजनीतिक प्रस्ताव सञ्चार गरिसकेको छ।

**३. केन्द्रीय संघ राज्यको खाका** :

केन्द्रीय संघ राज्यमा केन्द्र, प्रदेश स्थानीय निकाय र त्यसभन्दा पनि तल तृणभूमिमा गाउँ टोल समितिसम्म र हने प्रस्ताव गरेको छ । सबै तह र क्षेत्रहरुमा गराइने प्रतिनिधित्व पूर्ण समानुपातिकताको आधारमा हुनेछ भनी जोड दिएको छ।

केन्द्रीय राज्यका अङ्गहरूमा **जातीयसभा र जनप्रतिनिधिसभायुक्त दुई सदनीय केन्द्रीय व्यवस्थापिका** हुने, **कार्यकारिणी प्रमुख प्रधानमन्त्रीको सट्टा राष्ट्रपति हुने**, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन जातीयसभा, जनप्रतिनिधिसभा र प्रान्तीय राज्यका राज्यसभाका विधायकहरुको बहुमतबाट हुने, **देशको सर्वोच्च न्यायलयको रुपमा संघीय न्यायालय हुने**, प्रधान न्यायाधीशको निर्वाचन जातीय र जनप्रतिनिधिसभाद्वारा बहुमतको आधारमा र अन्य न्यायाधीशरुको नियुक्ति समावेशी र समानुपातिक सिद्धान्तको आधारमा हुनेछ । संघीय न्यायालयलाई अन्तिम अपिलीय अधिकार रहने व्यवस्था गरेको छ ।

**४. किरात स्वायत्त राज्य प्रस्तावको राष्ट्रिय तथा अन्तर राष्ट्रिय आधारहरू :**

ऐतिहासिक निरन्तरता, जाति र भाषाको संघनता, भूगोल र भौगोलिक निकट्ता, प्रशासनिक अनुकुलता, प्राकृतिक तथा आर्थिक स्रोत साधनमा आत्मनिर्भरता र जनताको सर्वोपरि निर्णयलाई मुख्य आधार मानेर किरात स्वायत्त राज्यको खाका प्रस्तावित गरेको छ। संसार मा यस्ता २९ मुलुकहरुमा संघीयताको संरचना पाउन सकिन्छ। ती राज्यहरुमा अलग राज्यहरु वाहय आक्रमण र असुरक्षाबाट बच्न आपसमा संझौता गरेर केन्द्रतीर आउने जस्तो : यु.एस.ए. स्वीटजर्लैण्ड, पूर्व सोभियत सघ र वर्तमान रूसी फेडेरेशनको जस्तो संघीयता र दोस्रो केन्द्रीकृत राज्य संरचनाका कारण राज्यसत्ताभन्दा बाहिर पारिएका जाति समुदायहरुको असन्तुष्टि र विद्रोहको कारण उनीहरुलाई स्वायत्तता दिदै संघीयतामा बाँध्ने वा केन्द्र बाहिर जाने भारत, क्यानाडा, स्पेन र बेल्जियमको जस्ता संघीयता ।

नेपाल दोस्रो दर्जाको संघीयता पर्दछ। तर नेपाललाई चाहिएको संघीयता यत्तिमात्र होइन- विभिन्न जातीय, भाषिक र सांस्कृतिक समुहहरुलाई एकैठाउँमा राख्नसक्ने सहयोगात्मक संघीयता चाहिएको छ [57] र नेपाल अब विश्वको ३० औं संघीय राज्य बन्ने स्थितिमा पुगेको छ। २४० वर्षसम्म उपेक्षित समदायको लागि किरात स्वायत्त राज्य निर्माण अत्यन्त सुनौलो अवसरको रूपमा सावित हुनेछ।

**अन्तर्राष्ट्रिय महासन्धिहरूको आधार :**

१. आई एल ओ को ७६ औं सभाद्वारा २७ जुन १९८९ मा पास गरिएको आई एल ओ महासन्धि १६९ आदिवासी जनजातिहरुको हक अधिकारको प्रबर्धन गर्ने शक्तिशासली अन्तर्राष्ट्रिय कानूनले आदिवासीहरुको भूमिसम्बन्धी हकलाई सुनिश्चित गर्दै परम्परागत रूपमा उनीहरु जुन भूमिमा बसोवास गरिरहेका छन सो उनीहरुकै

[57] *लोकराज बराल,* ***संघीय प्रणालीको आवश्यकता****, नेपाल समसामयिक अध्ययन केन्द्रबाट उद्धृत मंगलसिद्धि मानन्धर र अन्य,* ***नेपालमा संघीय राज्य : एक प्रारुप****, (काठमाण्डौ : श्रीमति राधिका मानन्धर २०६५), पृ-७ बाट पुन : उद्धृत*

नाममा सिमाङ्कित गरीदिनु पर्ने व्यवस्था गरेको छ । [58] यस महासन्धीलाई नेपालको व्यवस्थापिका संसदले २०६४ भाद्र ५ मा अनुमोदन पनि गरिसकेको छ । जल जमिन र जङ्गल जस्ता प्राकृतिक स्रोतहरुमा आदिवासी जनजातिहरुको राजनीतिक अग्रधिकार कायम हुनेछ भन्ने अन्तर्राष्ट्रिय महासन्धिको भावना रहेकाले किरातीहरु आफ्नो भूमिभित्र किरात स्वायत्त राज्य स्थापित गर्न चाहन्छन । तर यसको अर्थ अन्य जातिहरुलाई निषेध गरेर होइन केवल त्यहाँको जमिनको हक रैथानेहरुमा होस भन्ने मात्र हो ।

२. त्यसैगरी अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी जसले आत्मनिर्णयको अधिकार लाई नैतिक रूपमा स्वीकार गर्दछ त्यसलाई पनि नेपालले अनुमोदन गरिसकेकाले राज्यपक्ष आत्मनिर्णयको अधिकार संग नैतिक रूपमा बाधिइसकेको छ र किरात स्वायत्त राज्यको प्रस्ताव यससंग सानदर्भिक भएर नै अगाडि सारेको देखिन्छ ।

३. तेस्रो कुरा संयुक्त राष्ट्रसंघको साधारणसभाको १३ सेप्टेम्बर सन २००७ मा सम्पन्न १०७ औं पूर्ण बैठकमा गरिएको ६१/२९५ को आदिवासी जनजातिहरुको अधिकारसम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणाले सम्पूर्ण आदिवासी जनजातिहरुको राजनीतिक, सामाजिक, धार्मिक, शैक्षिक, सांस्कृतिक, आर्थिक अधिकारको सुरक्षा गर्ने निर्णय गरेको छ । यसरी नै जैविक, भूमिमाथिको अधिकार र सुरक्षाप्रति राज्यले मान्यता दिने र त्यसको सुरक्षा र सहयोग गर्ने समेत निर्णय भएको छ । समग्रमा संयुक्त राष्ट्रसंघीय घोषणा ६१/२९५ ले पुरूषलाई महिला र महिलालाई पुरूष बनाउने घोषणा वाहेक कुनै कसर बाँकी नराखी आदिवासी जनजातिहरुको हित र सुरक्षा हुने सम्पूर्ण घोषणा गरेको छ । यसलाई आदिवासी जनजातिहरुसम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणा भनेर धारा १-४६ सम्म पारित गरेको छ ।[59] आदिवासी जनजातिहरुको लागि आई एल ओ १६९ धोषणा पछिको यो अर्को सवभन्दा महत्वपूर्ण घोषणा भएकाले यसलाई संविधानमा नै मौलिक अधिकारको रूपमा लिखित हुनुपर्ने आदिवासी जनजाति कर्मिहरुले जोड दिदै आएका छन ।

उपरोक्त तीनवटै घोषणाहरुले किरात स्वायत्त राज्य स्थापना प्रस्तावको आधार प्रदान गर्दछ ।

### प्रस्तावित खाका:

**सिमाना:** *पूर्व मेची नदी पश्चिममा रामेछाप, दोलखा, सिन्धुलीका सुनुवारहरू रहेको रैथाने भूमि, उत्तरमा चीन, दक्षिणमा कोच, मेचे, राजवंशी, धिमाल, गनगाई किसान, सन्थाल, सतार, माझीहरू रहने रैथाने भूमि, झापा, मोरङ, सुनसरी र उदयपुरको दक्षिणी भूमि जहाँ धिमालहरू सघन रूपमा रहेका छन् ।*



किरात राई यायोक्खाले २०६५ चैत्र पूर्णाङ्क २७ मा आफ्नो मुखपत्र निप्सुङ मार्फत किरात स्वायत्त राज्यको प्रस्तावमा किरात स्वायत्त राज्य, किरात उपस्वायत्त राज्य, जिल्ला र स्थानीय निकाय भनेर उल्लेख गरेकोमा पुन २०६५ भाद्र १६ मा बसेको २१ औं बैंठकले परिमार्जन गरी ४ वटा स्वायत्त उपराज्य र चारवटा स्वायत्त जिल्ला रहने व्यवस्था गरेको छ । समान चरित्रका जातीय सघनता अत्यधिक रहेको भएमा त्यसलाई स्वायत्त उपराज्य र जहाँ समान चरित्रका जातीय सघनता रहेर पनि क्षेत्र साना रहेकोछ भने त्यसलाई स्वायत्त जिल्ला भनिएको छ । उक्त स्वायत्त उपराज्य र जिल्लाको व्यवस्था निम्नानुसार गरिएको छ-

[58]. संग्राम थारू, "आइएलओ महासन्धि १६९ र आदिवासीहरुको हक" **मियो,** वर्ष-८ अंक-५ भदौ, २०६४

[59]. United Nations, Declaration on the rights of Indegenous peoples, United Nations Human rights, Office of the High commissions for Human Rights. 13 september 2007.

**१.खम्बुवान स्वायत्त उपराज्य**- किरात राईहरुको सघनताको आधारमा सोलु, ओखलढुङ्गा, खोटाङ्ग, उदयपर , भोजपुर, संखुवासभा, धनकुटा र सुनसरी स्थित २२९ गाबिस ।

**२. खुम्जुङ स्वायत्त उपराज्य** - शेर्पाहरुको सघन बसोबास भएको दोलखाको उत्तर, रामेछाप, ओखलढुङ्गा, सोलु, संखुवासभा, ताप्लेजुङस्थित ३७ गाविस ।

**३. रोङ संयुक्त स्वायत्त उपराज्य**- राई, लिम्बु, क्षत्री, बाहुनको सघनता रहेको इलाम, झापा, मोरङलाई समेट्ने ७२ गाबिस ।

**४. लिम्बुवान स्वायत्त उपराज्य** : लिम्बुहरुको सघनताको आधारमा धनकुटाको १६, संखुवासभाको ६, तेह्रथुमको ३२, पाँचथरको ४१ र ताप्लेजुङका ४८ गरी जम्मा १४३ गाविस ।

**५. कोइँच स्वायत्त जिल्ला**- सुनुवारहरुको सघनताको आधारमा दोलाखा, रामेछापको दक्षिण क्षेत्र लगायत सिन्धुली, ओखलढुङ्गास्थित २६ गाबिस ।

**६. याक्खा स्वायत्त जिल्ला**- क्षेत्री बाहुनको सघनता भए पनि आदिवासी रैथाने याक्खा, लिम्बु र राई रहेको संखुवासभा र धनकुटाका १८ गाविस ।

**७. उदयपुरगढी संयुक्त स्वायत्त जिल्ला**- मगर, राई, तामाङ, क्षेत्री, बाहुनको मिश्रित समुदाय रहेको उदयपुरको २५ गाविस ।

**८. गाम्नाङ स्वायत्त जिल्ला**- क्षेत्री बाहुनको निरपेक्ष बहुमत रहेको हालको ओखलढुङ्गा जिल्लाको २० गाबिस ।

किरात स्वायत्त राज्यमा छरिएर बसेका दलितहरु लगायत अन्य जातिहरु जसको छुट्टै स्वायत्त उपराज्य वा जिल्ला बन्न सक्ने स्थिति छैन त्यहाँ उनीहरुले निकटमा रहेका स्वायत्त उपराज्य वा जिल्लासंग सहकार्य गरेर संयुक्त स्वायत्त उपराज्य वा जिल्ला बनाउन सकिने व्यवस्था गरेको छ । यसैगरी जातीय विशिष्टताको आधारमा स्वशासन भित्र पनि स्वशासनको व्यवस्था गर्न सकिने प्रस्ताव पनि गरेको छ ।

उपराज्य तथा जिल्लाको नामाकरण विषय भन्दा पनि विभाजन मुख्य कुरा भएकाले मुख्य भावनालाई चोट नपुग्नेगरी यसलाई अझै कैयौं बहसहरु चलाएर लैजानु पर्ने खुला ठाउँ पनि **किस्वारा** प्रस्तावले ठाउँ दिएको छ ।

**किरात स्वायत्त राज्यका अंगहरू :**

**१. राज्य व्यवस्थापिका :**

किरात स्वायत्तराज्य अन्तर्गत रहने केन्द्रदेखि गाउ नगरसम्मको सभा राज्य व्यवस्थापिका सभाका अंगहरु हुन । सबैतहका सभाहरुमा जातीय, लैङ्गिकता र पूर्णसमानुपातिकको सिद्धान्तलाई पूर्णत : आत्मसात गरिनेछ । सबै तहका सभाका प्रमुख सम्वन्धित जातिका अग्राधिकार रहने र उपप्रमुख दोस्रो ठूलो जनसंख्याबाट चक्रिय प्रणालीअनुसार प्रतिनिधित्व हुने व्यवस्था गरेको छ ।

**क. स्वायत्त राज्य सभा :** किरात राज्यको केन्द्रीय व्यवस्थापिकाको रूपमा एक सदनीय निर्वाचित जनप्रतिनिधिसभा हुनेछ जसमा स्वायत्त उपराज्य र स्वायत्त जिल्लाका प्रतिनिधिहरु रहनेछन ।

**ख. स्वायत्त उपराज्य सभा** : ४ वटा स्वायत्त उपराज्य सभाहरुमा रहने सभा ।

**ग. स्वायत्त जिल्ला सभा** : ४ वटा स्वायत्त जिल्लाहरुमा रहने स्वायत्त जिल्ला सभा ।

**घ. स्वायत्त गाउँ नगर सभा** : जातीय सघनता नखलबलिने गरी बन्ने स्थानीय निकायको रूपमा रहने सभा ।

**ङ. स्वायत्त टोल सभा :** सबैभन्दा तल्लो सभा ।

**२. राज्य कार्यपालिका :**

किरात स्वायत्त राज्य अन्तर्गत रहने केन्द्रदेखि गाउँ नगर तथा टोल तहसम्मको सरकारहरुलाई राज्य कार्यपालिका मानिनेछ । जातीय सघनता, लैङ्गिकता, पूर्ण समानुपातिक सिद्धान्त र किरात अग्राधिकारको

आधारमा सबै तहका प्रतिनिधिहरु छनौट हुनेछन् । राज्य कार्यपालिकाका निम्न अंगहरु रहनेछन्-

**क. स्वायत्त राज्य सरकार** : किरातहरुको अग्राधिकार रहने गरी चक्रीय प्रणालीअनुसार मुख्य मन्त्रीको व्यवस्था हुने, उप प्रमुख मन्त्री जातीय सघनताको आधारमा गैर किरातलाई दिइने ।

**ख.स्वायत्त उपराज्य सरकार** : स्वायत्त राज्य सर कारकै ढाँचामा प्रमुख उप प्रमुख तथा सदस्यहरुको व्यवस्था हुने ।।

**घ. स्वायत्त जिल्ला सरकार** : जुन जातिको सघनतालाई हेरेर स्वायत्त जिल्ला सरकार बनाईएको छ प्रमुख जातिबाट हुने र उप प्रमुख दोस्रो ठूलो जनसंख्या रहेको अन्य जातिबाट रहने । संयुक्त स्वायत्त जिल्ला सरकारमा चाहिं चक्रिय प्रणाली अनुसार हुनेछ ।

**ङ.स्वायत्त गाउँ तथा नगर सरकार** : स्वायत्त जिल्ला सरकारकै नमूनाको आधारमा गठन हुने स्थानीय सरकार ।

**च. स्वायत्त टोल सरकार** : स्वायत्त गाउँ तथा नगर सरकार सरह गठन हुने व्यवस्था ।

**३. राज्य न्यायालय :**

किरात स्वायत्त राज्यको केन्द्रमा **स्वायत्त राज्य न्यायालयदेखि, स्वायत्त उपराज्य न्यायालय, स्वायत्त जिल्ला न्यायालय, गाउँ तथा नगर न्यायसमिति र टोल न्यायसमितिसम्मको** व्यवस्थालाई राज्य न्यायालयको अंग मानेको छ । न्यायाधीशरुको निर्वाचन आ-आफ्नो स्तरका व्यवस्थापिका सभाले गर्नेछ ।

राज्य पुनसंरचना सम्बन्धी मोडलहरुको वारेमा जस्ले स्पष्ट खाका दिएका छन तिनीहहरुमध्ये लिम्बुवान खम्बुवानको पक्षमा लगभग ५३ प्रतिशत देखिन्छन भने बाँकी किरात राज्य नै भनेर सबैले नामाकरण नगरेको भए पनि हालको पाँच विकासक्षेत्र, किरात प्रदेश, सगरमाथा राज्य, कोशी प्रदेश, पूर्वक्षेत्रमा ११ जिल्लाको एक प्रान्त बनाउने भन्ने अवधारणाहरुले किरात राई यायोक्खाको किरात स्वायत्त राज्यको धारणासंग धेरै सामिप्यता राख्तछ । यसमा केबल नामको मात्र फरक रहेको पाइन्छ र भूगोलको हकमा भोली पनि त्यसलाई मिलाएर जान सकिन्छ भन्ने पनि किरायाको जिकिर रहेको पाइन्छ । यसैगरी प्रस्तावित किरात स्वायत्त राज्य भित्र आदिवासी जनजाति, मधेशी र दलितहरुको ठूलो समर्थन रहेको भाव पनि अनौपचारिक छलफलहरुबाट बुझिराखिएको तर्कमा किराया अडिग रहेको पाइन्छ ।

**अन्त्यमा :**

राजनीतिक संक्रमणको यस घडीमा राज्य पुन : संरचना वारे विभिन्न कोणहरुबाट विचार, चिन्तन र खाकाहरु आउनु अत्यन्तै सराहनीय कुरा हो । माथि प्रस्तुत भएका तीन समुहका खाकाहरुमा ३ देखि १५ प्रदेश र २५ जिल्लासम्म विभाजन गरेको पाइन्छ । अधिकांशले जाति, भाषा र भूगोल, दोश्रोमा भौगोलिक विभाजन, तेस्रोमा जातियता र त्यसपछि जलाधार, तीर्थस्थल आदिको आधारमा पनि प्रदेशहरुको नामाकरण भएको छ। हर रोगको एउटै औषधि प्रजातन्त्र वर्गसंघर्ष आदि भन्ने जमाना पुरानो भैसकेकाले हर रोगको हर औषधि भन्ने भनाईबाटै अगाडि जान सकेमा अबको सिमान्तीकृत समुदायले राज्यमा पूर्ण सहभागिता प्राप्त गर्न सक्नेछन । अब राज्य कसै जातिको पेवा बन्न हुदैन । अहिलेसम्म सिमान्तीकृत पारिएका क्षेत्र तथा जातिहरुले आफ्नो इतिहास र पहिचान सुहाउने नाम र राज्य माग्दछन भने त्यसलाई दिन किन हिचकिचाउने ? तर यसो भनेर महादेवले महिषासुर लाई दिएको बरले आफैलाई मृत्यु निम्ताउने खालको भयो भने त्यो बिनाशकारी हुन्छ । यस्ता संकटहरु ननिम्त्याउने हिसाबले प्रस्तावित खाकाहरुको मागलाई जिलाई केलाई गरेर उचित सम्बोधन गरेर गंगाको पानीमा हातमुख धुनु राम्रो हुन्छ डुबेर जानु हुदैन । जहाँसम्म किरात स्वायत्त राज्यको प्रस्ताव छ यसको पनि आफ्नै विशिष्टता र महत्व छ । हाल लिम्बुवान र

खम्बुवान भनेर जोड दिनेको सख्या पनि कम छैन । राजनीतिक अधिकारको रूपमा उठ्ने यस्ता मागहरु स्वभाविक हुन यसले जातीय सचेतना बढेको बोध हुन्छ । तर यसो भनेर जातीयतालाई टुक्र्याएर राज्यको विभाजन गर्नु गलत सावित हुनेछ । आत्म निर्णयको अधिकारको नाममा एउटै जाति बाहुल्य भएको क्षेत्रलाई लिम्बुवान र खम्बुवान भनेर विभाजित गर्नु किरात सार्वभौमिकता र बिरासतलाई टुक्रा-टुक्रा पार्नु हो । भारतबाट पाकिस्तान अलग हुनु हुदैन भन्ने गान्धीको जोड थियो । तर भाषा र जातिको कारणले अलग त भयो, यसको साथसाथै दुई दुई पटक आपसमा युद्ध पनि भएको छ र आज पनि आपसमा शत्रु झैं व्यवहार गर्दछन । कही लिम्बुवान र खम्बुवान वीच पनि भविष्यमा यस्तो शत्रुता त हुँदैन ? अन्तराष्ट्रिया स्वार्थका कारणले दुई दुक्रा भएर रहेको जर्मन लामो समयपछि पुन : एक भयो । जातीयता, भाषा, रक्तसम्बन्ध, भूगोल, आदिको कारणले जर्मन जातिहरु अलग भएर रहन सकेनन र अन्तमा बर्लिनको पर्खाल तोडदै आपसमा अङकमाल गर्दै बिलय भए, दुई कोरिया आज अन्तराष्ट्रिय स्वार्थकै कारणले एक हुन सकिरहेको छैन तर यो स्वार्थको कालो दिन समाप्त भएपछि दुई कोरियाको मिलन पनि बर्लिनको पर्खाल तोडे जस्तै ३८ प्यारेलाल लाइनलाई तोड्दै निश्चित एक हुनेछ । तसर्थ यत्तिखेर यत्तिखेर किरातहरुले फुट्ने रहर होइन जुट्ने शक्तितिर रूपान्तरण भई किरात स्वायत्त राज्यलाई माथि उठाउन समयको माग भएको छ । मौकामा हिरा फोर्ने सिकौं किरा फोर्ने हैन भन्ने जोड किरायाले गरेको देखिन्छ । सबल राष्ट्र बन्नको लागि साझा पहिचान खोजिनु राम्रो हो । त्यसको प्रतिबिम्व प्रस्तुत खाकाहरुमा आएको छ । त्यसलाई नाप जोख तौल गरेर उपयुक्त खुट्याउनु राज्यको सामु चुनौती आएको छ । अवको संविधान जलाउने खालको होइन फलाउने खालको हुनु पर्दछ । *मुचि ।*


विजया दशमी
तथा दिपावली २०६५ को
सुखद उपलक्ष्यमा देश विदेशमा रहनु
भएका समस्त शुभेच्छुकहरु एवं
ईष्टमित्रहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

असार राई
प्रो. रावा कार्पेट
रामहिटी, काठमाडौ
फोन: ९८५१०६१७८१, ०१२३३४४०४

विजया दशमी
तथा
दिपावली २०६५ को
सुखद उपलक्ष्यमा देश विदेशमा रहनु
भएका समस्त शुभेच्छुकहरु एवं
ईष्टमित्रहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

महेन्द्र दुमीराई
महेन्द्र साईबर
विशालचोक, ललितपुर
मो: ९८४१२८७२३०

# हार्दिक शुभकामना

## विजया दशमी तथा दिपावली २०६५ को सुखद उपलक्ष्यमा देश विदेशमा रहनु भएका समस्त शुभेच्छुकहरु एवं ईष्टमित्रहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**COSMIC Computer System (P.) Ltd.**
Chabahil, Ktm. Tel/Fax: 012041772
Email: ccsystem@gmail.com

**JIMEE GROCER (P.) LTD.**
Dhumbarahi, SukedharaChowk, Ktm.
Phone No.: 01-4374882
E-mail: yasbrai@wlink.com.np

**ईख बहादुर राई**
सरस्वतीनगर, काठमाडौं
E-mail: ccsystem@yahoo.cm

**चेतनाथ काफ्ले**
नयाँबानेश्वर, काठमाडौं
E-mail: ccsystem@yahoo.cm

**Newton Education & Computer Institute**
Chabahil, Kathmandu, Nepal.
Ph: 01 4486760

**KSHITIZ HIGHER Sec. SCHOOL**
Sukedhara, Kathmandu
Sukedhara, Kathmandu, Nepal
Phone: 01-6224441, 01-4650736

**विद्या विकास इङ्लिस बोर्डिङ् स्कूल**
गोठाटार, काठमाडौं
फोन: ९८४१२०२२४४

**PUSHPALAL MEMORIAL COLLEGE (+2)**
Chabahil, Ktm,
Tel.: 01-4811002, 4477177
E-mail: plmc@gmail.com

# परियोजनाविद शम्भु राईसँगको भेटवार्ता


शम्भु राई

पुर्ख्यौली थलो खोटाङ्ग जिल्ला खार्मी गा.वि.स. अन्तर्गत साब्रुगाऊँमा दुमीराईको छाचुङ पाछा भैकन अघिल्लो पुस्तामा (बुबा) बेलायती सैनिक सेवामा कार्यरत रहने सिलसिलामा कहिले बर्मा त कहिले चतरा(सुनसरी) हुँदै अन्तत्वगत्वा ललितपुर जिल्लाको लगनखेलमा बाबु वलबहादुर राई र आमा बालकुमारी राईको कोखबाट बि.सं. २०१० साल माघ १४ गते जेठा सुपुत्रको रूपमा जन्मिनु भएका दुःमि सन्तति श्री शम्भु राई विकास परियोजनाको क्षेत्रमा किरात समुदाय वीच एक स्थापित नाम हो। स्वीस सरकारद्वारा संचालित विकास सम्बन्धि परियोजनामा निकै लामो समयसम्म अनवरत रूपमा सेवारत रही योजना तथा विकासबारे व्यवहारिक परिपक्वता हाँसिल गरिसक्नु भएका श्री राईले Philippines बाट सन् १९९२-९४ ताका Master's in Development management सम्मको औपचारिक अध्ययन समेत पूरा गरिसक्नु भएकोछ। बि.सं. २०४३ सालमा श्रीमती सुमित्रा(लिम्बु) राईसँग बिबाह बन्धनमा बाँधिनु भई हाल दुई छोरीहरू (स्मृति र श्वेता) र एक छोरा (सुमित)को साथमा ललितपुर उपमहानगरपालिका वडा नं. ६ लगनखेल 'करुणाटोल'मा बसोबास गर्दैआउनु भएकोछ। बर्तमान मुलुकको वस्तुस्थितिलाई नजिकबाट नियाल्दै हालै किरात राई यायोक्खाद्वारा सञ्चालित 'राज्यको पुनःसंरचना र संघीयता सम्बन्धि संचेतना कार्यक्रमका प्रस्तोत्ता एवं सोहि संस्थाद्वारा प्रकाशित 'राज्यको पुनःसंरचना र संघीयता' (अबधारणा र अभ्यास) नामक पुस्तकको लेखन तथा सम्पादन समेत गरिसक्नु भएको छ। भावि [illegible]नहरूमा राज्यको नयाँ स्वरूपसँगै लागु गरिने नयाँ योजनाहरूमा आफूले पनि ज्ञानले देखेसम्म र क्षमताले भ्याएसम्म योगदान पुऱ्याउन उत्सुक श्रीराईसँग कोटेश्वरस्थित किराया भवनमा इसिलिम प्रतिनिधिले लिएको भेटबार्ताको संक्षिप्त रूप सम्पूर्ण पाठक बर्गमा सौगात स्वरूप समर्पित छ।

**इसिलिमः** ***तपाइँको पारिवारिक पृष्ठभूमिको बारेमा संक्षेपमा सुनाइदिनोस् न ?***

मेरो ठूलोबुबा पहिले आफू लाहुरे भएर आफू पछिका छ भाइ दुई बहिनीहरू सबैलाई वर्मामा पुऱ्याउनु भएको रहेछ। बुबाले पनि सो समयमा ब्रिटीस इण्डियाको लाहुरे जागीर खाएर दोश्रो विश्वयुद्धमा ब्रिटिश तर्फबाट लडेर पेन्शन पकाइसकेपछि दुइ बहिनीहरूलाई साथमा लिएर खोटाङ्ग गाऊँ फर्किएतापनि पहाडी जीवन भोगाई गाह्रो ठानी बहिनीहरूलाई पुनः ठूलोबुबा आएर बर्मा फिर्ता लग्नु भएछ। मेरो बुबा पनि पहाडबाट झरेर धरान चतरालाईनमा बसोबास शुरू गर्नुभएछ। त्यसैताका २००७ सालको राणा शासन विरूद्धको क्रान्ति शुरू भएपछि सेनामा जिबि याक्थुम्बाको अगुवाईमा कांग्रेसको तर्फबाट गठन भएको जनमुक्ति सेनामा लागेर युद्ध गर्दै काठमाण्डु छिर्नु भएको रहेछ। यसरी हामी काठमाण्डुमा रहदै आएकाछौं। हालमा मेरो परिवारमा दुई छोरी, एक छोरा छन् जसमध्ये जेठी छोरी र छोरा अध्ययनको क्रममा अमेरिकातिर छन् भने कान्छी छोरी चाइनाबाट MBBS अध्ययन सकेर Internship गर्दैछिन्। समग्रमा भन्नुपर्दा पारिवारिक स्थिति सानो, स्वस्थ व्यवस्थित र राम्रो छ।

**इसिलिमः** ***बर्तमानमा यहाँको दिनचर्याको बारेमा नि त ?***

फिलिपिन्सको अध्ययन समापन पछि मैले विकास सम्बन्धि कामहरुमा परियोजना लेखन तथा कार्यन्वयनको क्षेत्रमा स्वतन्त्र परामर्शदाता वा सहजकर्ताको रुपमा काम गर्दै आएको छु। यसका अतिरिक्त हालमा आएर आदिवासी जनजाति महासंघ, प्रतिष्ठान र महिला संघहरुमा मानव संसाधनको संस्थागत विकास सम्बन्धि परामर्श सेवाहरू दिदै आएकोछु।

**इसिलिम: *परियोजनातर्फ लाग्नु संयोग नै थियो या चाहना ...?***

साँचो कुरो भन्नु पर्दा परियोजनातर्फ लाग्नु संयोग नै मान्दा हुन्छ । त्यहाँ गएपछि जीवन पद्धतिको मार्ग नै पनि परिवर्तन भएको छ। त्यो भन्दा अगाडि ५, ७ वर्ष यहींको स्थानीय स्कूलहरूमा शिक्षण सेवा पनि गरेको थिएँ ।

**इसिलिम: *परियोजनामा काम गर्दाको अनुभवबारे बताउन पर्दा नि ... ?***

०३६-०५१ सालतिर (करीब १३, १४ वर्ष) स्विस परियोजनामा पूर्व सिन्धुपाल्चोक र दोलखामा काम गर्ने मौका मिलेको थियो । त्यसैबाट साँच्चिकै विकासका क्षेत्रहरूमा चासो र अनुभव बढ्दै गयो। विकास भनेको के हो र यसलाई कसरी हेर्ने तथा यसको व्यवस्थापन कसरी गर्दै अगाडि बढाउने भन्ने बारेमा लामो समयसम्म कार्यक्षेत्र (field)मा बसेर काम गरेपछि त्यहिँ मौकामा स्विस सरकारबाट छात्रवृत्तिमा अध्ययन गर्ने अवसर पाएपछि यो अवधारणाको बारेमा दुई वर्ष गहन अध्ययन समेत गरेँ मैले । त्यसले मलाई झनै विकासलाई कसरी हेर्ने, व्यवस्थित गर्ने, अगाडि बढाउने भन्ने कुरामा गहिरो अध्ययन, अनुसन्धान गर्ने मौका मिल्यो ।

**इसिलिम: *परियोजनाको क्षेत्रमा काम गर्दा यहाँको आत्ममूल्यांकन के कस्तो रहेको छ ?***

परामर्श दिने सन्दर्भमा नै पनि दिनानुदिन नयाँ-नयाँ क्षेत्रहरु सिर्जना हुँदै गैराखेका छन् । जस्तै संविधान सभा भनौं, गणतन्त्रमा देश लागेको छ । संघात्मक राज्यको संरचना हुदैछ । जसले गर्दा मेरो अध्ययन अनुभवको साथमा स्नातक तहमा भूगोल विषय अध्ययन गरेकोले पनि हालसम्म ६४/६५ जिल्लामा पुगिसकेको छु। यसै क्रममा नेपालका विविध जातजाति, उनीहरूको रहन सहनको बारेमा अध्ययन गरेको छु। यसै आधार मा मुलुकलाई वा भनौ देश विकासलाई के कसरी लग्नुपर्छ भन्नेतर्फ पनि कतै केही योगदान दिन सकिन्छ कि भन्ने कुरा सोँचिराखेको छु ।

**इसिलिम: *यहाँको शिक्षा-दिक्षाको बारेमा केहि बताइदिनोस् न त ?***

मैले नमूना मछिन्द्र मा.वि.बाट बि.सं. २०२५ सालमा S.L.C. उत्तिर्ण गरेको हुँ ।

तत्पश्चात पाटन संयुक्त क्याम्पसबाट स्नातक (बि.ए.) सम्मको शिक्षा हाँसिल गरी १७, १८ वर्षको अन्तरालमा Philippines बाट Master's Degree पूरा गर्ने अवसर पाएँ ।

**इसिलिम: *लगनखेलमा नै यहाँको परिवारको बसोबास चाहिँ के कसरी शुरु भयो नि ?***

लगनखेल बसाईको ऐतिहासिक पक्ष भनेको राणाजीहरु सिकारी पल्टनको लागि पूर्वी नेपालका साहसी र लगनशील राई, लिम्बू, देवान आदि जातिहरूलाई भर्ना गर्नेगर्थे । अहिले पनि ललितपुर जिल्लाको सातदोबाटो, लगनखेल र तिखेदेवल कुसुन्ति क्षेत्रतिर यस्ता पुराना सिकारी पल्टनमा काम गर्नेहरूका सन्तानहरु (जस्तैः- मञ्जुल याक्थुम्बा) बसोबास गरिआएको भेटिन्छ । यसरी लगनखेलमा हाम्रो परिवारको समेत स्थायित्व रहन गयो ।

**इसिलिम: *कामको सिलसिलामा अन्य मुलुकहरुको भ्रमण पनि गर्नुभयो कि ?***

Swiss Project मा काम गर्ने सिलसिलामा अन्य मुलुकहरूमा Swiss हरूले विकास निर्माणका कामहरूलाई के कसरी बढाएका छन् भनेर अध्ययन भ्रमणको क्रममा Indonesia, Singapore, Bhutan आदि मुलुकहरूमा अध्ययन भ्रमण गरेर त्यहाँको विकास निर्माण सम्बन्धि कार्यहरूलाई नियाल्ने मौकापाएको छु ।

**इसिलिम: *ती मुलुकहरुका विकासका पूर्वाधारहरुलाई नेपालसँग दाँजेर हेर्दा नि ... ?***

नेपाल र भूटानकै तुलना गर्दा पनि भौगोलिक, धरातलीय र जलवायुको हिसावले नेपाल भन्दा भूटान अझ विकट नै छ। त्यहाँ पनि विभिन्न विकास निर्माणको सन्दर्भमा कमै विकास भएको देखिन्छ । तर पनि त्यहाँको अर्थतन्त्रमा जुन किसिमको विकास भएकोछ, त्यहाँको वातावरणलाई विकास निर्माणसँग सन्तुलित

किसिमले लगिएको छ, परम्परागत संस्कारहरूलाई जे जसरी संरक्षण गरिएकोछ, त्यो हिसावले विकास निर्माणलाई एउटा भौतिक पूर्वाधारसँग मात्रै गाँसेर हेर्न नहुने हो कि? दिगो विकासलाई हामीले बिर्स्यौ कि वा पुग्नु पर्ने ठाउँमा भौतिक विकासका पूर्वाधारहरू समय पुग्न सकेन कि भन्ने कुराहरु छन् ।

**इसिलिमः** ***नेपालको सन्दर्भमा विकासका पूर्वाधार हरुलाई हेर्दा टड्कारो रुपमा खड्केको अभाव चाहिँ के हो जस्तो लाग्छ यहाँलाई ?***

नेपालमा पनि भूटानमा भन्दा बढी भौगोलिक विविधताको हिसाबले खेतीपाती हुन सक्छन् । यहाँका वन जंगलबाट त्यतिकै प्राकृतिक स्रोतहरु उत्पादन गरेर सदुपयोग गर्न सकिन्छ । नदी नालाको सदुपयोगबाट त्यतिकै फाइदा लिन सक्छौं । विविधताको हिसाबले नै पनि विभिन्न जातीय संस्कार, संस्कृति आदिलाई पनि संरक्षण गर्न सकिन्छ । यी कुराहरूलाई समन्वय गरेर कसरी अगाडि बढ्न सकिन्छ भन्ने कुनैतालमेल नभएरै हो कि भने जस्तो लाग्छ मेरो अनुभवमा । हाम्रो चिन्तन/सोचाई प्रक्रियामा नै कहींकतै केही नपुगेको जस्तो लागेकोछ ।

**इसिलिमः** ***यी सबै पक्षहरुका बारेमा कुरा गरिसकेपछि यहाँको आफ्नो चाहना नि त ?***

अहिले जातीय पहिचानका कुरा पनि आइराखेको छ । मेरो थातथलो वा भनौं, रगत जहाँबाट उत्पन्न भएको हो, दुःमिको संस्कार-संस्कृति, अध्ययन बुझाइको लागि पनि पहिचान कै कुरा आइराखेको छ । त्यो क्षेत्रमा गएर त्यहाँको अपठ्याराहरु के छन्, त्यो हेरेर त्यस ठाउँमा केही गर्न सकिन्छ कि भन्ने एउटा चाहना पनि छ । अहिलेसम्म नेपालको विभिन्न भागहरूमा घुमेर त्यस ठाउँको लागि केही गर्नुपर्छ भनेर विभिन्न दातृ संस्थाहरूलाई बुझाएको अध्ययन प्रतिवेदन विभिन्न अध्ययन गरेर त्यही अनुरूप विभिन्न कामहरु पनि अघि बढेका छन् । आफ्नै थातथलोमा केही गर्न सकिन्छ कि भन्ने कामना पनि हो मेरो ।

**इसिलिमः** ***दुःमि समुदायबाट टाढा रहेपनि आफ्ना मौलिक परम्परादेखि त टाढा रहनु भा छैन होला नि ?***

हो त, बुबाले गर्दै आएका पितृपूजा, भूमे पूजा अद्यावधि पालना गर्दै बाखा बोका खसी पूराका पूरा बार्ने आफ्ना पितृहरूलाई मान सम्मान गर्ने चलन अझै पनि छँदैछ । बखान्ने दुःमीभाषा भने हाम्रो परिवारमा बोलिदैन । बुबा दुःमी राई र आमा याक्खा भएर होला घर परिवारमा खस भाषामा नै प्रयोग भयो । तर स्थानीय नेवार भाषा भने राम्ररी नै बोल्ने र बुझ्ने गरिन्छ ।

**इसिलिमः** ***यसै पत्रिकाको आठौं अंकमा तपाईंहरुको (छाचुङ पाछाको) बंशावली पनि आइसकेकोछ, अरु पनि आफ्ना दाजु-भाइहरु कहिंकतै रहनु भएको याद छ कि ?***

हो, वंशावली चतुर भक्त सरले हामीले दिएको केही जानकारी (एक जना टाढाको काका पर्नेसँग लिएको टिपोट)को आधारमा बंशावली जोड्ने काम भएकोछ । पहिले पहिले बर्मामा पनि चिठी आदान-प्रदान भएको हो । तर अहिले आएर त्यहाँ पनि सम्पर्क प्रायः शुन्य नै छ । तैपनि त्यहाँ ठूलो बुबा, माहिला बुबाका लगायत हाम्रा फूपुहरुका सन्तानहरू अझै त्यतै हुनुहुन्छ । त्यहाँ पनि नेपाली समुदायहरु संगठित रूपमा समेटिएरै रहेको हुन सक्छ । संस्थागत रूपमा सम्पर्क गर्न सके त्यो पनि सजिलै पत्ता लगाउन सकिन्छ भन्ने लाग्छ ।

**इसिलिमः** ***मुलुक धर्म निरपेक्ष राज्यको रुपमा अगाडि बढिसकेकोछ । यसै सन्दर्भमा किरात धर्ममा पनि केही नयाँ रुपहरु तीव्र रुपमा अगाडि आउने क्रम बढ्दो छ । यसप्रति यहाँको सिधा प्रतिक्रिया ...?***

किरात धर्मको नाममा सिकारी पल्टनका शाखा सन्तानहरूले उवेलादेखि नै सानो हात्तीवनमा संसारी पूजा गर्नेगरिन्थ्यो । त्यहाँ अस्थायी रूपमा नै भएपनि भूमेपूजा समेत गरिन्थ्यो । केही खनजोत, सरसफाई, चोखोनितो गरिकन बलिपूजा दिइन्थ्यो । त्यसरी प्रकृतिलाई पूजा गरेपछि त्यसको प्रसाद ग्रहण गर्ने चलन थियो । केही समयपछि त्यहाँ दशै बहिष्कारको साथसाथै नयाँ किसिमको धर्मको कुरा आयो र त्यहाँ सिंढी जस्तो गरेर थान बनाइयो । काटमार गर्न रोकियो । रातो अविर, फूल वस्त्रको सट्टा सेतो वा

पहेलो रङ्गको वस्तुहरू चलाउने कुराहरु आयो । अहिले पनि त्यो त्यसरी नै चल्दैछ । मौलिक संस्कारप्रति गहिरो जिज्ञासा राख्ने केही पुराना परिवारहरूले भने माथि बनावटी थानमा छोडी त्यसैको तल पुरानै संस्कारमा अझैपनि पुजा गर्दै आउनुभएको छ ।

**इसिलिमः** ***अनि यहाँको व्यक्तिगत विचार नि त ?***

पहाडको मौलिक चालचलनहरूबारे विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित फोटाहरु हेर्दा एक किसिमले कुनै पनि किरात परम्परागत संस्कारमा काटमार अनिवार्य जस्तै चल्दै र चलाउदै आएको देखिन्छ । धरान बुढासब्बामा गएर हेर्दा भित्र नै नभए पनि बाहिर त बलि चढाइन्छ नै त्यसले गर्दाखेरी पहिले जे गरिदै आएको थियो; त्यो नै पो हाम्रो मौलिक किरात धर्म थियो कि ! अहिले नयाँ स्वरूप देखिएको आयातित नै हो कि वा अरू धर्मप्रति पञ्चायत कालमा जनजातिहरूले दर्शाएको विद्रोहको एउटा संकेत पो हो कि जस्तो लाग्छ । हालसम्म कुनै आधिकारिक रूपमा यो नै मूल संस्कार हो भन्ने कुरा आइसकेको अवस्था छैन ।

**इसिलिमः** ***दशै मान्ने/नमान्ने बारेमा चाहिँ ....?***

दशैं मान्ने/नमान्ने भन्दा पनि यसबाट हुनसक्ने फाइदा/बेफाइदातिर हेर्नुपर्छ भन्ने कुरा प्रमुख हो भन्ठान्छु म । सपरिवारजन बीच भेटघाट, आपसी सौहार्द्रता, लामो समयपछिको भेटघाट गर्ने मेसो । यसलाई त्यस्तो चाँडको रूपमा लिनु पर्‍यो, टाढा गएका सन्तानहरु वा दाजुभाइहरु एकै ठाउँमा भेटघाट गरेर लामो समयको अन्तरालमा दुःख सुखको कुरा गर्ने, रमाइलो मनाउने, आफन्तहरु भेटघाट गर्ने एउटा संस्कारको रूपमा नै लिनुपर्छ । जसले गर्दा एउटै वंश बीच आत्मगौरवका साथ थप हौसला एवं आत्मबल बढाउँछ । बालबच्चाहरूको बीचमा त त्यसैपनि खानपीन गर्ने दक्षिणा बटुल्ने आदि कारण त्यसै पनि रमाइलो हुन्छ नै । विशेष गरी हाम्रा रस्ती बस्ती वा भनौ किरात समुदायमा उमेर पुगेकाहरूले नै पनि एक आपसमा आपसी सपरिवार (मामा-फुपू) एकै ठाऊँमा बसेर शुभकामना आदान-प्रदान गर्न, आफ्नोपन जनाउन एउटा अबसरकै रूपमा लिने गरेको पाइन्छ ।

**इसिलिमः** ***अनि राई जातको बारेमा नि त ?***

राई जात नभएर एउटा पद 'राय'बाट अपभ्रंशको रूपमा राई भन्ने गरिएको तथ्य छर्लङ्ग भैसकेको छ । यस शब्द 'राई'ले राष्ट्रिय मात्र नभएर अन्तराष्ट्रिय स्तरमा नै पहिचान पाइसकेको स्थीतिमा ३२ थरी राई एक भान्सा भन्ने लोकोक्तिले पनि 'किरात राई' भन्दा बढी आत्मीयता एवं अपनत्व दर्शाउछ ।

**इसिलिमः** ***राज्यको पुनर्संरचनासँगै शासन प्रणालीको बारेमा सारमा भन्नुपर्दा ....?***

एकात्मक शासन प्रणालीबाट संघात्मक राज्य प्रणालीमा जाँदा मानौ किरात प्रदेश भयो रे, यस अवस्थामा पनि संघहरूले पनि आ-आफ्नो क्षेत्रमा भएका न्यून संख्यामा भएको जाति जनजाति, आदिवासी उनीहरूका लागि पनि संरक्षणका कार्यक्रमहरु त ल्याउनै पर्छ । त्यहाँ आरक्षणको कुरा आउँछ, जुन पहिले केन्द्रले गर्थ्यो भने अब त्यो कुरा संघको जिम्मामा जान्छ । संघात्मक राज्य सरकारले आफ्नो क्षेत्रमा पनि त्यो कुरा त ल्याउनु परिहाल्छ । न्यून संख्यामा रहेका जातजातिको लागि त पहल गर्नुपर्ने हुन्छ नै । जसले गर्दा छरिएर भन्दा पनि घनिभूत भएर आउँछ त्यो ।

**इसिलिमः** ***एकात्मक र संघात्मक राज्य प्रणालीमा ठेट फरक चाहिँ ....?***

राज्य संचालन प्रक्रिया एकात्मकमा केन्द्रीकृत थियो भने संघात्मकमा विकेन्द्रीकृत रूपमा संघहरूलाई नै केही निश्चित राष्ट्रिय स्तरका कुराहरु बाहेक संचालन गर्ने जिम्मेवारी प्राप्त हुन्छ । त्यसको लागि सदा केन्द्रको मुख ताक्ने र पुरानो तरिकाले गरिने विकास निर्माणका कार्ययोजनाहरू जुन माथिबाट निर्णय गरेर तल कार्यान्वयनको लागि पठाइन्थ्यो सो कुरामा सरलता र सुगमता आउँनेछ । संघात्मक व्यवस्थामा निर्णयहरु चाँडै हुन्छन् तथा जनताले चाहे अनुसार त्यहिँको सरकारले कार्यक्रमहरु लागू गर्न सक्छ । संघात्मकमा पनि कस्तो किसिमको संघात्मक व्यवस्था अंगाल्ने भन्ने कुरा आउँछ । पूर्ण रूपमा संघात्मक भयो भने संघीय राज्यहरूलाई धेरै शक्ति अधिकारहरु हस्तान्तरण हुन्छ । त्यहाँको साधन-श्रोतको परिचालनदेखि लिएर

विकास कार्यक्रमहरु, त्यहाँका भाषा संस्कृतिहरु रक्षा गर्ने कुराहरु राजस्व संकलनका सन्दर्भमा कर लगाउने कुराहरु पनि त्यही सरकारलाई आउँछ। कुन किसिमको संघात्मक व्यवस्थामा लागू गरिन्छ त्यसैमा भर पर्दछ। होइन, भारतको जस्तो अर्ध संघात्मक किसिमले आयो भने धेरै जस्तो शक्ति केन्द्र मै हुन्छ र सीमित अधिकार मात्र संघात्मक राज्यहरूलाई दिइन्छ। त्यस्तो अवस्था केही राम्रा/नराम्रा पक्षहरु त छदैछ। नेपालको सन्दर्भमा यो नौलो विषय पनि भएकोले अहिले नै यस्तै हुन्छ भनेर भन्न सक्ने अवस्था छैन।

**इसिलिम:** ***संघीयता छुट्याउने प्रमुख आधारहरू के-के हुन सक्लान् ?***

आजसम्म मैले अध्ययन गरे अनुसार संघात्मक प्रणालीमा जानका लागि आधारहरु खुट्याउँदा केही कुराहरु राखिएका छन्। ऐतिहासिक पृष्ठभूमि, जनधनत्त्व/जनसंख्या, स्रोत साधनका बाँडफाँड एवं प्रशासनिक क्षमता र सुगमता, आदि पर्दछन्। त्यसमा पनि जातीय, क्षेत्रीयताको आधारलाई माओवादी पार्टीले टड्कारो रूपमा उठाएको छ। जातीय/ऐतिहासिक आधार मा गरिदा सजिलो पक्ष चाहिँ सिमाङ्कन गर्न सजिलो पर्दछ। तर अर्कोतिर सो ऐतिहासिक भूमिमा पछि आएर बसोवास गर्ने अन्य जातिहरूलाई त्रासको वातावरण सिर्जना हुने हुदोरहेछ। काठमाण्डु, ललितपुर, भक्तपुर लाई एउटा नेवार प्रदेशमा राख्दाखेरी जनसंख्या ठूलो हुन्छ तर भौगोलिक क्षेत्र सानो हुन्छ। भौगोलिक क्षेत्र सानो भएपनि यसले राजस्व संकलन गरी सरकार त चलाउन सक्ला। तर क्षेत्र विस्तार गर्ने मामलामा चाहि अप्ठेरो पर्दछ। अहिलेकै स्थितिमा काठमाडौ उपत्यकामा ठूलै औद्योगिक क्षेत्र नै विस्तार गर्न पर्‍यो, अन्तराष्ट्रिय स्तरको रेलमार्ग, राजमार्ग, विमानस्थल नै पनि निर्माण गर्नुपर्‍यो भने काठमाण्डुमा सम्भव नहुन सक्छ। जनसँख्याको चाप त आउने दिनहरूमा बढ्दै जान्छ तर त्यसलाई समेट्न भुगोल वा भौगोलिक क्षेत्रफल साघुँरो हुदै जान्छायीरयस्तैअनगिन्ति अप्ठ्याराहरु या भनौ चुनौतिहरु आउन सक्छन्।

**इसिलिम:** ***संघात्मक स्वायत्त किरात प्रदेश पाइहालेको अवस्थामा यसलाई :सम्हाल्न सक्ने किरात सन्ततिहरुको क्षमता चाहिँ कतिको देख्नु हुन्छ ?***

राजनीतिक, प्रशासनिक, न्यायिक क्षेत्रहरूमा हाम्रो पहुँच पुग्नु अति जरूरी छ। संवैधानिक व्यवस्थामा समानुपातिकबाट समेत गरि १८ जना पुग्नु भएकोछ। जानुभा'छ। तर पनि परिवार संचालन गर्नु र राज्य संचालन गर्नु फरक कुराहरु हुन्। धेरै ठूला चुनौति पनि छन्। त्यहाँ एक त हाम्रो अनुभव पनि कम छ। कसरी जाने भन्ने कुरामा हामीलाई अप्ठेरो पर्नसक्छ। यहीं कुरालाई किरात समुदाय कै प्रशिक्षण तालिममा उठाउँदाखेरी पहिला पाऊँ, पाएपछि त हामी गर्न सकिहाल्छौं भन्ने युवा साथीहरु पनि भेटियो। पोखरीमा कसैलाई धकेलिदियो भने उसले जाने पनि नजाने पनि उत्रिन त प्रयास गर्छ। आखिर मा पोखरी सानो छभने त उत्रिन्छ पनि। तर यो संघीय राज्यको सवाल त सामान्य पोखरी नभएर सुनकोशीको भल नै हो। भलमा धकेलिपठाउँदा उत्रिन सक्छ कि सक्दैन भन्ने कुरा आफैमा अनिश्चित छ। किनकि यति धेरै चुनौतिहरु छन् कि हाम्रो नेपालको। राज्यको पुन:संरचना गर्ने सन्दर्भमा हाल देखा परिरहेका सवाल र समस्याहरु यति जटिल हुदै गईरहेको छ कि सबैलाई समालेर समाल्न सक्ने स्थीति देखिदैछ। भोलि गएर ठूल-ठूला राजनीतिक पार्टीहरूलाई नै पनि अप्ठ्यारो स्थीति हुन्छ होला।

**इसिलिम:** ***तपाईंको बुझाईमा वर्तमानमा हाम्रो मुलुक ठीक किसिमले अघि बढ्दै छ त ?***

एकातिर हाम्रो भित्रको चाहना किरात स्वायत्त प्रदेश भयो भने हामीलाई राम्रो हुन्छ भन्ने हो। तर कसरी त्यसलाई राम्रो बनाउन सकिन्छ भन्ने चाहिँ जटिल विषय हो। विकाससँग तुलना गर्दाखेरी नेताले बाटो देखाइदिन्छ। तर त्यो बाटोमा हिँडेर गन्तव्यमा पुग्ने वा पुर्‍याउने काम चाँहि व्यवस्थापकको हो। त्यसकारणले एउटा Leader र Manager को जिम्मेवारीहरू छुट्टाछुटट्टै हो र उनीहरूको काम पनि बेग्लाबेग्लै नै हुन्छ। नेता हुन सजिलो छ, तर कुशल व्यवस्थापक

भएर सम्हाल्न चाहिँ गाह्रो छ । नेपाल कै सन्दर्भमा हेर्नुभयो भने ०७ सालको क्रान्तिपछि पञ्चायती व्यवस्था हुदै पुन: ०४६ पछि देशलाई अग्रगति दिन बेला बेलामा अनेकौ राजनीतिक दलहरू जस्तै कांग्रेस, एमाले हुदै कोही न कोही सरकारको प्रमुख पद लिएर प्रधानमन्त्री त भए नै । उनीहरू सबैको लक्ष्य त देशलाई अगाडि बढाउने नै हो । तर जुन किसिमले बढाउनु पर्ने हो, त्यस किसिमले त बढाउनु सक्नु भएन । राजनीतिक दल वा नेताहरूले केवल भाषण गरेर मात्र त देश बन्दो रहेनछ । काम गरेर देखाउन सक्नु पर्दो रहेछ । काम गर्ने त प्रधानमन्त्रीले चलाएको शासन व्यवस्थाले नै हो । वा भनौ मन्त्रीमण्डल, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र सर्वसाधारण जनता नै हो । यी सबै पक्षहरूलाई कसरी समेटेर अगाडि बढ्न सकिन्छ त्यो नै महत्वपूर्ण कुरो हो ।

**इसिलिम: *चाहे जस्तो संविधान निर्माणमा अब जनताको भूमिका कस्तो रहनु पर्ला ?***

अहिलेसम्मको जनआन्दोलनलाई हेर्नुभयो भने नेपाली जनताहरूको स्वभाव उनीहरू केहि निश्चित अवधिमा कुनै व्यवस्थाप्रति विद्रोह गर्न यति जोडले तात्दछन् कि त्यसमा आमूल परिवर्तन ल्याइदिन्छन । जनताहरूलाई तताउन हतपत सानो तिनो कुराले सकिदैन । त्यस्तै परिस्थिती भयो भने उनीहरु पुन: उठ्छन् र केही समयसम्म शिथिल हुन्छन् । उनीहरु आश्वासनको भरमा बाँच्छन् । फेरि नेताहरूको आश्वासनलाई पर्खिबस्छन्, हेर्छन् केही गर्लान् कि भनेर । अनि केही लामो समयसम्म केहि हुदैन । तव फेरि त्यहाँ जनता माझबाटै एउटा नयाँ किसिमको नेतृत्त्व पंक्तिको उदय हुन्छ र उसले फेरि विद्रोहलाई हाँक्छ । अहिले पनि जुन किसिमको आश्वासन जनताले होला र गर्लान् भनेर धैर्यधारण गरेर पर्खिबसेका छन् । अब यो कति समयसम्ममा सम्भव हुन्छ त्यो त आगामी दिनमा देखिने कुरो हो । सामान्यतया संविधान २ वर्ष भित्रमा बनाइसक्नु पर्ने प्रावधान त छदैछ । पहिलो विधानसभाको वैठक बसेको मितिबाट लगभग ३, ४ महिना त राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, प्रधानमन्त्री लगायत मन्त्रीमण्डलको चयनले नै खाइसकेकोछ । यस अनुरुप डेढ वर्ष न बाँकी रह्यो । यस अवधिमा संविधानको खाका बन्ला कि नबन्ला भन्ने कुरा अझै अन्यौलमै छ । संविधान बनाउन अवश्य पनि थुप्रै जनभावनाहरु संकलन गरि र समेटनु पर्ने हुन्छ । संविधानको लागि आवश्यक पर्ने पर्याप्त खुराकी त जनताहरूबाटै संकलन गरिनु पर्दछ नि ।

**इसिलिम: *यसबारेमा पटक्कै ध्यान गएन भन्नखोज्नु भएको हो ?***

यसलाई केही हदमा केही गैरसरकारी संस्थाहरूले अगाडि बढाएको त देखिन्छ । तर सरकारी तवरबाट, राजनीतिक दलहरूबाट जुन किसिमले जनताको घर-दैलोमा पुगेर उनीहरूको कुराहरु, विचारहरु संकलन गर्ने कामहरु भैरहेको छैन । जुन काम गर्न धेरै ढिलो हुदैछ । सायद अब समिति बन्छ । विभिन्न विज्ञहरूलाई ल्याइन्छ र उहाँहरूले नै त्यो काम गर्लान् भनेर पर्खिबसेको हुनुपर्छ । तर खासमा गरिनुपर्ने त राजनीतिक दलहरूले आ-आफना कार्यकर्ताहरु परि चालन गरेर होस् वा सरकारी निकायहरुलाई संचालन गरेर होस्, यी कुराहरू गर्नु पर्दछ । स्थानीय सरकारी निकायहरू जि.वि.स., गा.वि.स. र नगरपालिकाहरूलाई समेत परिचालन गरेर विचार सम्प्रेषण गर्ने, नयाँ विचार चाहनाहरु संकलन गरिकन सबैको विचार अटाउनु पर्ने हो । तर त्यो काम आजसम्म पनि थालनी भैरहेको छैन् । अब बाँकी अठार महिनामा बलतलले एउटा खाकासम्म त कोर्न सकिन्छ होला । त्यसलाई अनुमोदन गर्ने काम भने त्यस अवधिमा सिध्याउन त्यति सजिलो नहोला । त्यसमा पनि हर समुदायको चित्त नबुझेमा त्यसैपनि विद्रोह हुने सम्भावना पनि उति नै छ ।

**इसिलिम: *यस बारेमा किरायाको गतिविधिहरुका बारेमा यहाँको प्रतिक्रिया ...?***

किराया महासचिवज्यूको संयोजकत्त्वमा किरात स्वायत्त गणराज्यको एउटा खाका तयार पारी एउटा सानो पुस्तक नै तयार पार्ने काम हुदैछ । पुस्तकले रूप लिनु अगावै किरायामा विभिन्न

भाषिक समूहहरु आवद्ध हुनुहुन्छ । कोही बाहिरै पनि हुनुहुन्छ र कतिपय भाषिक समूदायहरूको संस्था नै बनिसकेको अवस्था पनि होला । उहाँहरूसँग निरन्तर रूपमा सम्वाद गर्नु पर्ने हो र उहाँहरूको विचारहरूलाई पनि समेटिनु पर्ने हो ।

**इसिलिमः** ***यसै सन्दर्भमा यहाँको ब्यक्तिगत दृष्टिकोण चाहिँ ?***

हामीले भन्ने गरेको किरात प्रदेशभित्र अरू पनि थुप्रै जनजातिहरु बसोबास गर्दै आएका छन् । जसमा पनि विशेषतः लिम्बु, याक्खा, धिमाल, जिरेल, लेप्चा, सुरेल, सुनुवार, हायु, थामी, दनुवार, माझी, आदि पर्दछन् । किरायाले जुन एउटा खाका/प्रारूप तयार गरेको छ, त्यसैलाई अगाडि राखेर मसिनो साथ केलाएर पुग अपुग अरूको राय लिएर त्यसलाई अन्तिम रूप दिएर त्यही अनुरूप अगाडि बढ्नु पर्ने हो । तर त्यो विविध कारणले गर्दाखेरी हुन सकिरहेको छैन जस्तो लाग्छ । त्यति मात्र नभएर किरात प्रदेशमा सामाजिक, वैचारिक रूपले नजिक भएको जाति, समूदायहरूसँग पनि निरन्तर रूपमा संवाद गर्नु आवश्यक छ। त्यसरी नै कठोर बाटो लिएर जाने कतिपय समूहहरु छन् । जस्तै पूर्वमा सुनिन्छ खम्बुवान मुक्ति मोर्चाको कुराहरु आए, लिम्बुवान मुक्ति मोर्चा पनि धेरै वटा छन् । उनीहरूसँग पनि संवाद गर्नु चाहिँ जरूरी छ। किरात प्रदेश भन्नासाथ राईहरूको मात्र त होइन। त्यहाँ बस्ने जोसुकै अरू मानिसहरूको पनि हो । यदि किरात प्रदेश भयो भने उनीहरूले के पाउने ? उनीहरूको चाहना के हो ? सहमतिमा आउने कि नआउने ? पहिले जस्तो लाठी हातमा लिएर एकोहोरो थोपरेर त हुदैन । उहाँहरूको भावनालाई पनि समेट्न सक्नुपर्‍यो। अनि मात्र पो एउटा समुन्नत, समृद्ध समाजमा आधारित चाहे जस्तो राज्य निर्माण गरी त्यसलाई सुगमता र सफलताका साथ संचालन गर्न सकिन्छ ।

**इसिलिमः** ***किरात राई बंशमा विभिन्न समयमा यावत उल्झनहरु उठ्ने गरेको पाइन्छ, यसको पछाडि कुनै अदृश्य शक्तिले भाँजो हाल्ने काम गरि रहेको त छैन ?***

राजनीति सदा शक्तिसँग गाँसिएको हुन्छ । हरेक मानिसमा म शक्तिशाली बनुँ भनेर त्यो शक्तिप्रति लालसा, चाहना त हुन्छ नै । राजनीतिक दलहरूमा पनि सरकारमा पुग्नु र त्यहाँ पुगेपछि आफ्नो नीति, कार्यक्रम तय गरी त्यसलाई लागू गर्न सकिन्छ भन्ने चाहना रहेको हुन्छ। राजनीतिक दलहरूले मानिसहरुको शक्तिप्रति मोहित हुने चाहनालाई बुझेरनै अनेक प्रलोभनमा पारेर कतिपय साथीहरूलाई उक्स्याएको पनि हुन सक्छ । यसले गर्दा सानातिना विसंगति र समस्याहरू त जहाँ पनि जहिले पनि उठने नै गर्दछ। हामी राईहरूमध्ये कति साथीहरु क्षमतावान पनि हुनुहोला, कतिपय क्षमता विहिनहरू चाँहि लहड वा उक्साहटमा पनि अगाडि बढेका हुन सक्छन् । सक्षम नेतृत्व दिने मान्छेले बलको भरमा शक्ति प्राप्त गर्ने वा अरूको सहमति/स्वीकृति लिएर त्यही अनुसार त्यसलाई अभ्यास गर्ने भन्ने कुरा आउँछ ।

**इसिलिमः** ***राजनीति र राजनीतिक पार्टिप्रति यहाँको दृष्टिकोण नि त ?***

विशेष गरेर राजनीति र पार्टीहरूसँग म कहिल्यै पनि त्यति नजिक पनि भइनँ, त्यति टाढा पनि रहिन। भन्दा खेरिमा म सबैसँग समदुरीमा बसेर कामकुरा गर्छु । तर कुनै पनि पार्टीमा सदस्यता लिएर म अगाडि बढिनँ । यो नै पार्टी राम्रो भनेर जाने गरेको छैन मैले । तर अहिलेसम्मको विभिन्न विश्लेषण अनुसार पटक पटकको चुनावमा जस्तै ०३७ सालको चुनावमा मतदान अधिकृत भएर पनि भाग लिएँ मैले । त्यो बेलामा पनि पुराना राजनीति पार्टीहरू लगायत नेताहरूका गतिविधिहरू राम्ररी नियाल्न पाइयो। नयाँ राजनीतिक पार्टीहरू प्रतिको मेरो विश्लेषण चाँहि के रह्यो भने उनीहरू परिवर्तनको संवाहकको रूपमा अगाडि आउने हुदा उनीहरूलाई मौका दिइनुपर्छ भन्ने मेरो व्यक्तिगत मान्यता रहेको छ । मेरो रोजाइमा परेका नयाँ

राजनीतिक दलहरू पटक पटक शक्ति वृत्तमा पुगेको पनि छ, तर पनि उनीहरूको काम गर्ने परिपाटिमा त्यति परिवर्तन आएको महशुस भने गरेको छुईन ।

**इसिलिम: *बर्तमान अवस्थामा ठूला राजनीतिक पार्टिहरुका भूमिकाको बारेमा नि ?***

एउटा आख्यान "राजनीति र युद्धमा जे पनि जायज हुन्छन्" भन्ने कुरा उबेलादेखि चलिआएकै हो । राजनीतिको अहिलेको खेल हेर्दाखेरी सायद यो उखान चरितार्थ भए झैं पनि लाग्छ । त्यहाँ पनि शक्तिकै बाँडफाँडमा चलखेल हुदो रहेछ । कहिले मिल्ने, कहिले छुट्टिने, कहिले गाली गर्ने, कहिले अंकमाल गर्ने । अहिलेको स्थिति हेर्दा नेपाली कांग्रेस वर्त्तमान सरकार लाई १०० दिनको हनिमुन मनाउन दिऊँ त्यसपछि त्यसको खुट्टा तानौला भनेर आतुरका साथ प्रतिपक्षमा दाउ हेरी कुरेर बसिरहेको स्थिति छ । यसरी मिलेर सगै जाउँ र देश बनाउँ भन्ने कुरामा ठूला पार्टीहरू कहिले एक ठाउँमा भेला भएनन् ।

**इसिलिम: *सरकार चलाउनेहरुका बारेमा नि त ...?***

सरकारमा जानेहरूको मति हेर्दा मर्यादाक्रममै त्यतिका विवाद भयो । जसको सिदा संकेत भनेको नै कुनै पनि समयमा हाल भएको समन्वयमा चिरा वा दरार देखापर्न सक्दैन भन्न सकिन्न । सरकारमा समावेश सबै पार्टीहरु एक भएर संयुक्त कार्यक्रमलाई साझा साँचका साथ अघि बढाउने भन्ने कुरा तर्फ लाग्नु गर्दछ । अलिकति/झिनो रूपमा पनि तलमाथि हुनासाथ अप्ठ्यारो स्थिति आउन सक्छ । अहिले तत्कालको स्थीतिलाई नै हेर्दा पनि यो गोलमटोलमा कतिहद परसम्म जान र लान सक्छन् भन्ने छ । यी र यस्तै अनगिन्ति कारणहरूले गर्दा पनि संविधान समयमा बन्छ कि बन्दैन भन्ने अन्योल सिर्जना भएको छ ।

**इसिलिम: *तपाईंको विचारमा चाहिँ संघात्मक शासन व्यवस्था कस्तो हुनु पर्दछ?***

केन्द्रले आफ्नै ठाऊँमा योजना तर्जुमा गरेर अगाडि बढ्छ भने राज्यहरूले पनि आफ्नै किसिमको संघको सम्पूर्ण खाका तयार पारेर अगाडि बढ्नु पर्छ । त्यो सन्दर्भमा हाम्रो देशको विभिन्न सन्दर्भहरु भौगोलिक विविधता, प्राकृतिक श्रोत साधनहरूको उपलब्धता, जातीय विविधता आदिले गर्दाखेरी हामी संघात्मक ढाँचामा पनि कुन तहको उपस्वायत्ता बन्छ, जिल्ला, गा.वि.स.सम्म जान्छ । त्यो हिसाबले हेर्‍यो भने यो गा.वि.स. स्तरसम्म गयो भने त्यहिँको समूदायलाई नै त्यसैभित्रको श्रोत साधन, जैविक विविधता आदि इत्यादि कुराहरूमा विकास कस्तो चाहने त्यो रोजाइ उहाँहरूलाई दिएर त्यहींको जनशक्तिलाई अधिकतम क्षमता अभिवृद्धि गरेर परिचालन गर्न सक्यौं भने मात्र त्यो दिगो हुन्छ । नत्र माथि केन्द्रबाट लादियोस् वा संघात्मक राज्यबाट, विकास फस्टाउन सक्दैन । हामी त भन्छौं, तलबाट माथि (Bottom–up approach ) नै लिनु पर्छ होला ।

**इसिलिम: *तपाईंको हेराईमा संघात्मक शासन व्यवस्थामा आवश्यक पूर्बाधारको रुपमा चाहिँ कुन कुन कुरामा ध्यान दिनु पर्ला ?***

कुनै पनि राष्ट्रको विकास कति अगाडि बढ्छ भन्ने कुरामा धेरै जसो राष्ट्रहरूले केमा लगानी गरेको देखिन्छ, भेटिन्छ भने विकासको पूर्वाधार वा जग भन्नुनै मानवीय श्रोतको विकास हो । जसको लागि व्यवहारमुखी शिक्षानीति पनि हुनुपर्‍यो नै । त्यसमा पनि व्यावसायिक वा प्राज्ञिक क्षेत्रमा सबैतिर आवश्यक पर्ने जनशक्तिहरू तयार पारी त्यसलाई संचालन गर्ने एउटा नीति नै बन्नु पर्दछ । जस्तो भनौं न दातृ सहयोगबाट एउटा बाटो त बन्ला तर त्यसलाई संभार गरी बनाएर राख्ने, संरक्षण गर्ने जनशक्ति त चाहियो । जस्तो इन्जीनियर, ओभरसियरदेखि लिएर अन्य सीपयुक्त जनशक्ति जस्ता प्राविधिक शिक्षित जनशक्ति त तयार गर्नै पर्‍यो । समग्रमा भन्नुपर्दा स्थानीय स्तरको परिस्थितीहरूको विश्लेषण गर्न सक्ने सक्षम जनशक्तिको ज्यादै आवश्यक पर्दछ । त्यस बखतमा पढिसकेपछि त्यसलाई कहाँ उपयोगमा ल्याउने हो भन्ने भौतिक संरचनामानै पनि ध्यान दिन सक्नु पर्‍यो । जलविद्युत निकाल्ने हो कि, वन-जंगलबाट जडिबुटी उत्पादन गर्ने हो कि, खानी खनिजका संभावनाहरु के कति छन् । यसमा भौतिक पूर्वाधारको क्रममा बाटोघाटो पुलपुलेसादेखि जलविद्युत

खानेपानी सिंचाइ, उद्योगधन्दा, कलकारखाना आदि पर्दछन् ।

**इसिलिमः** ***किरात युवा जमातप्रति यहाँको दृष्टिकोण के कस्तो रहेको छ ?***

अहिले आएर किरात युवा जमातमा पनि शिक्षाप्रति जागरूकता बढ्दोछ र काठमाडौंकै हकमा पनि यहाँ आएर अध्ययन गर्नुहुने युवा जमातलाई प्रशस्त भेटेको छु, देखेको छु । विभिन्न सिर्जनशील क्षेत्रहरूमा चासो राख्ने युवाहरू पनि प्रशस्तै हुनुहुन्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिलाई विश्लेषण गर्ने र नयाँ नयाँ अरू क्षेत्रहरूमा पनि आफूलाई संलग्न गराउँदै अगाडि बढ्नुपर्ने देख्छु । राजनीति भनेको चर्को स्वरमा भिषण भाषण मात्रै हैन, नेता भन्दा पनि कुशल व्यवस्थापक बन्ने, सैद्धान्तिक ज्ञानलाई व्यवहारमा के कसरी लगाउने, आ-आफ्नो समूदायमा पुऱ्याउने भन्नेतर्फ विशेष चासो राख्नुपर्ने म देख्छु ।

**इसिलिमः** ***शुरुमा किरायासँग कहिले कसरी नजिकिनु भयो ?***

किरायाको स्थापना धेरै वर्षअघि भएको भन्ने जानकारीसम्म थियो मलाई । तर सम्पर्कमा आएको चाहिँ त पाँच वर्ष जति भयो । विगतमा धेरै लामो समयसम्म किरायाले आर्थिक अभाव लगायत यावत् सवालमा विभिन्न प्रकारका अप्ठ्याराहरु व्यहोर्नु परेको कुराहरु बरोबर सुनिन्थ्यो । पछिल्लो अवस्थामा आफ्नो समूदायको लागि आफैले ढोका खोल्नुपर्छ र अगाडि बढ्नुपर्छ भन्ने सोँचका साथ म यहाँ आएँ । त्यसपछि के गर्ने त भन्दाखेरी मसँग भएको क्षमता प्रयोग गरेर केही दिन सकिन्छ कि भनेर पहिला दुई पटक महाराजगञ्जमा पाँच-पाँच दिनको परियोजना प्रस्तावना लेखन तालिम किरात राई समुदायमा प्रदान गरियो ।

**इसिलिमः** ***हालमा किरायालाई के कसरी योगदान पुऱ्याइरहनु भएको छ ?***

केहि किरात राई साथीहरूले परियोजना लेखेर केही आर्थिक श्रोत संकलन गरेर काम अगाडि बढाउनु भा'को छ । यी र यस्तै कार्यक्रमहरू अन्य ठाउँहरूमा पनि गर्दै जानुपर्छ भन्ने सोंच रहेको छ । यी बाहेक अन्य क्षेत्रहरू पनि छन् भन्ने लाग्दालाग्दै पनि केही गर्न भने नसकेको अवस्थामा संविधान सभाको माहोल सिर्जना भयो । यसमा पनि हाम्रा समुदायलाई केही जानकारीहरु दिनुपर्छ र अगाडि बढ्नुपर्छ भनेर किरायाको सल्लाहमा क्यानेडियन सहयोग कार्यालयको वित्तिय सहयोग लिएर एउटा परियोजनाकै रूपमा सचेतिकरण गोष्ठिहरूको कार्यक्रमलाई अगाडि बढायौं ।

**इसिलिमः** ***तपाइँको विचारमा संस्थाप्रति समुदायको भरोसा बढाउन के गर्नुपर्ला ?***

कुनै पनि सामाजिक संस्थाहरूले निरन्तर रूपमा केही कार्यक्रम दिएर आफ्नो समूदायलाई फाइदा पुऱ्याउन सकेको खण्डमा मात्र सो संस्थाप्रति समुदायको भरोसा एवं विश्वास जाग्दछ र समूदायका हरेक सदस्यले चासो पनि राख्दछन् । खोजी खोजी आउँछन् । यसरी कार्यक्रम दिदै गइयो भने संस्था र समुदाय बीच हाम्रो सम्पर्क स्थापित हुदैजान्छ र सजिलो पनि पर्दछ ।

**इसिलिमः** ***राज्यको नयाँ स्वरुप बनेको अवस्थामा यहाँको आफ्नो भूमिका चाहिँ के कतो रहला ?***

मैले मेरो आफ्नो क्षमता आकलन गर्दाखेरी भोलि आउने दिनहरूमा संघात्मक राज्यहरूको व्यवस्था भया भने र विशेषतया त्यसमा पनि किरात स्वायत्त राज्य खडा भयो भने त्यस क्षेत्रमा किरात राई समुदायमा कसरी योजनाहरू बनाएर त्यसलाई संचालन गर्ने, के कसरी सक्षम जनशक्ति तयार पार्ने, यी क्षेत्रहरूमा अवश्य पनि मैले आफ्नो भूमिका निभाउन सक्छु होला । गा.वि.स. स्तरमा स्थानीय श्रोत साधनको अवस्थाको विश्लेषण गरेर त्यसैमा टेकेर कसरी हामीले एउटा रणनीति तर्जुमा गर्ने, योजना बनाएर कसरी अगाडि बढ्ने भन्ने कुराहरूमा जान सकिन्छ होला । त्यो क्षेत्र एउटा रोजाइको विषय बन्न सक्छ भोलिका दिनमा ।

**इसिलिमः *यहाँले शुरुमा दुकिराफको बारेमा के कसरी थाहा पाउनु भयो ?***

फन्सिकिमको बारेमा यकिन याद नभएपनि निकै वर्ष अघि मेरो भाइबाट थाहा पाएको थिएँ । तापनि आफ्नो कामको दौरान अनि अध्ययनको सिलसिलामा सम्पर्कमा रहन भने सकिनँ । Philippines अध्ययन सकेर म ०५२ तिर नेपाल फर्केपछि ०५५/०५६ सालतिर बल्ल निरन्तर रूपमा सम्पर्कमा आउन सफल भएको हुँ । तर जुन रूपमा आएर सहयोग पुऱ्याउनु पर्ने हो, सकिरहेको अवस्था चाँहि छैन नै ।

**इसिलिमः *मुलुकको नयाँ संरचनासँगै हाम्रा दायित्व के-के हुन सक्छ जस्तो लाग्छ यहाँलाई ?***

पितृभूमिको साँध-सिमाना हेऱ्यो मात्र भनेपनि जुन भौगोलिक अवस्था दुःमी राईहरू बसेका छौ, त्यसले पनि हामीलाई एक आपस्तमा बाँधेको पाईन्छ । स्वदेश या विदेश जहाँसुकै भएपनि मेरो थातथलो यो है, भनेर एउटा चिनारी त छ नि । त्यसको साथसाथै हामीले आउने दिनमा के पनि गर्न सक्नु पऱ्यो त भन्दा जुन 'खाजाबास'मा पाँच वटा गा.वि.स. लाई वा त्यहाँ बसोबास गर्नुहुने हाम्रा वंशहरूलाई भाषा, रितिथिति, संस्कृति, संरक्षण गर्नेदेखि लिएर जागरूक गराउने तिनै कुराहरु हाम्रा प्रमुख दायित्वभित्र पर्नु पर्दछ । हामी बाहिर छुट्टिएर आएका स-सानो समुह वा व्यक्ति विशेषले त्यस्तो काम गर्न सक्दैनौं । तर उहाँहरूलाई हामी बाहिर रहेर भएपनि के कति हदसम्म हुन्छ सक्दो सहयोग गर्नु चाहिँ हाम्रो कर्तव्य हुन आउछ । कतिपयलाई लाग्न सक्ला, केही आर्थिक सहयोग उपलब्ध गराउदैमा हाम्रो दायित्त्व पूरा हुन्छ । तर कुरा त्यसो हैन । पैसा दिने मात्र हैन कि सकिन्छ भने त्यहाँ गइदिनु पऱ्यो, बुझ्नु पऱ्यो, आफ्नो विचारहरु दिनसक्नु पनि त पऱ्यो । विभिन्न किसिमले सहयोग गर्न सकिन्छ । आफ्नो पितृभूमिलाई बिर्सिनु भएन । संस्कृति संस्कारहरूलाई के कसरी जोगाउनु सकिन्छ हामीमा फुटानी ल्याउनु भन्दा पनि कसरी जुट्न सक्छौं र दुःमि बन्धुहरूलाई कसरी अगाडि ल्याउन सक्छौ भन्ने चिन्तन मनन् हुनु पर्दछ । आफ्नो क्षेत्रको भौतिक, सामाजिक, शैक्षिक लगायत अन्य विविध विषयहरूमा विकास गर्न कसरी सकिन्छ, त्यसमा चिन्तन मनन गर्नु पऱ्यो, भेटघाट गर्नु पऱ्यो, छलफल गर्नु पऱ्यो । यो चाँहि निरन्तर रूपमा चलिरहने प्रक्रिया हो । विकासलाई तुरून्तै गरी हाल्ने जादुको छडी पनि त हामीसंग छैन् । धेरै विचारहरु बटुलेर नै हामीले अगाडि बढ्ने हो । आ–आफ्नो व्यक्तित्त्व विकासको साथसाथै आफ्नो पूर्ख्यौली थलोको लागि पनि त लागि पर्नु पऱ्यो ।

**इसिलिमः *यस पत्रिकाको माध्यमबाट यहाँको आफ्नो कुनै राय सुझाव छन् भने ...?***

यो इसिलिम पत्रिकाको माध्यमबाट धेरै कुराहरु (दुःमी वंशको भाषा, संस्कार वंशावली लगायत अन्य थुप्रै ज्ञानगुनका कुराहरु) को उजागर भएको छ । हामीलाई मूलथलो, संस्कार, संस्कृति पहिचान गर्नको लागि अवश्य नै पनि केही खुराकहरू पस्किने काम गरेको छ । यो आफैमा चुनौतिपूर्ण काम त छदैछ नै । यसका साथै समय सापेक्ष भएर यस पत्रिकाले स्थायित्व पनि लिदै जान सक्नुपर्छ । यो मेरो कामना पनि छ । जहाँसम्म फन्सिकिमको सवाल छ, यसलाई पनि केही ताजापन दिएर समय सापेक्ष ढङ्गबाट अगाडि बढाउने कि । जस्तै विगतमा यहाँहरूले मातृभाषाको पहिचानसँगै दुमी वंशलाई जोगाउन क्षेत्रगत भ्रमण गर्नुभयो । त्यस्तै शब्दकोश, व्याकरण प्रकाशनका कुराहरु आदि अनगिन्ति कुराहरु मध्ये कुन के कति गर्न सकिन्छ । त्यस्तै हाम्रो विभिन्न मौलिक साहित्यहरूमा कथा, उखान टुक्काहरूको संग्रह गर्न पो सकिन्छ कि । त्यस्तै त्यहाँ अरू विकास निर्माणका कामहरूमा के गर्दा चाहिँ बढी लाभ लिन सकिन्छ भनेर त्यतातिर ध्यान पुऱ्याउनु पर्नेहुन्छ । सानो कामको लागि त हामीहरु आफैले २, ४ पैसा संकलन गरेर गर्जो टारौंला । तर ठूल-ठूला परियोजना सञ्चालन गर्नको लागि त परियोजना प्रस्ताव नै पेश गर्नुपर्ने हुन्छ । हालसालै हामी संविधान निर्माण गर्ने तरखरमा छौं र राज्यको पुनः संरचनाको कुरा उठिरहेको बेला किरायाले प्रचार सामग्री तयार गरेको छ । तर दुर दराजमा गएर हाम्रा समुदायहरूलाई तालिम दिनसक्ने अवस्था पनि छैन । यस अवस्थामा आवत जावत गर्ने कोही स्थानीय साथीहरु हुनुहुन्छ भने उहाँहरूलाई यहाँबाट केही सहयोग लिएर त्यो सामाग्री सम्बन्धित ठाउँहरूमा पनि पुऱ्याउन सकिन्छ । जुन सजिलोसँग सम्पन्न गर्न सकिन्छ । यस किसिमको नौलो कुराहरु फन्सिकिमले पनि दिदै जानुपऱ्यो भन्ने मेरो धारणा छ ।

***निरि ।***

# सुसुदप्सि (पित्रिकार्य)

-नेत्रमणि दुमीराई

वर्तमान विश्व समुदाय धर्मको नाऊमा वा निहुमा अनेकन हिंसा-प्रतिहिंसामा रूमलिरहेछ, अल्मलिरहेछ। 'चार बर्ण छत्तिस जात'को फूलबारी अनि शान्त र सुन्दर भनाउदो हाम्रो देश 'नेपाल' नै पनि यस बिडम्बनाबाट अछुतो रहन नसकेको तथ्य कतैबाट पनि छिपेको छैन नै। मूलतः प्रत्येक मानिसमा निहित स्वभाव वा बिषेशता भन्नु नै त्यो ऊसको जन्मसिद्ध धर्म हो, स्व-धर्म हो, अनि कूल धर्म हो। वस्तुतः स्व-धर्ममा अडिग रहेर जीवनलाई सार्थक तुल्याउनु नै धर्मको मर्म हो, सार तत्व हो। अनि आफ्नो स्वभाव अनुसारको आचरण देखाउनु नै हरेक ब्यक्तिको कर्म हो। जबकि आफ्नो मौलिकताको रित्तोपनाको पर्याय परधर्म। किन्तु हामीहरू मध्ये नै पनि कतिजनाले यस तथ्यलाई अज्ञानतावश वा जानाजानि धर्म परिवर्तनको नाममा यो धर्म वा ऊ धर्मको बहकावमा पर-धर्मको देखासिकि गरी आफ्नोपन गुमाई बिलखबन्धमा परिबस्न वाध्य भएका आत्मकथाहरू बग्रेल्ति छन्। ती कतै र कसैबाट छिप्न सकेका छैनन् नै।

किरात राई जाति(जो सदियौंदेखि अलग पहिचान र जिवन्त इतिहास लिएर अस्तित्वमा रहिआएकोछ)मा निहित बिषेशता वा स्वभावले नै किरात धर्मको मौलिकता बोकेको हुन्छ भन्नुमा अत्युक्ति नहोला। परापूर्व कालदेखि वा भनौ मानव सभ्यताको सुरूवातसँगै ब्यबहारमा प्रचलित किरात संस्कार, प्रकृति र मानव स्वभाव वीच अन्योन्याश्रित् रहिआएकोछ। प्राचीन् मौलिक एवं जीवित् परम्परा अनुरूप ऋतु र याम्को हर-हिसाबका साथ अलाप्दै र फलाँक्दै बिभिन्न किरातराई समुदाय र बस्तिहरूमा आफ्नो संस्कृतिलाई आजसम्म पनि बचाइराख्न सकेका अनगिन्ति जिवन्त उदाहरणहरू छन्। विविध जातिहरू बीच एक पृथक् जातिय पहिचानको साथ आजसम्म पनि आफ्नो अस्तित्वलाई ज्यूँकात्यू कायम राख्न सक्नुले किरातीहरू वा किरात जातिहरू संस्कृतिप्रेमी एवं प्रकृतिपूजक् पनि हुन् भन्ने तथ्यलाई स्वतः पुष्टि गर्दछ नै। यस लेखको मूल सार भन्नु नै किरात-राई जातिहरूले विभिन्न समयमा मनाउदै ल्याएका अनगिन्ति किरात संस्कार तथा पर्वहरू मध्ये एक महान पर्व 'सुसुदप्सि' अर्थात् 'पितृकार्य'को बारेमा प्रष्ट पार्नु हो।

आदिम् कालदेखि ऐतिहासिक उद्गमक्षेत्र(हिमाली क्षेत्र)मा बसोबास गर्दैरहेका वा बसाई सराईसँगै तराई या शहर बजारमा छरिएर रहेका किरातराईहरू, ती प्रत्येकले आफू र आफ्नो परिवारको संभारकर्ता कूलपित्रलाई बेवास्ता गर्नै नमिल्ने र आ-आफ्नो घरमा चुलो गाडी तिनलाई नमनाएसम्म(पितृकार्य नगरेसम्म) उनै कूलपित्र इखिएर(रिसाएर) स्वयम् आफू(घरमूली) वा परिवार सदस्यहरूलाई नै पिर्ने प्रायः निश्चित् रहन्छ। त्यसैले पनि संस्कारगत जटिलतालाई सरल र सहज तुल्याउने उपाय स्वरूप किरात राई यायोक्खाद्धारा प्रायः शहरी क्षेत्रहरूमा बसोबास गर्दैरहेका किरातराईहरूले सबैलाई पायक पर्ने एकै ठाउँमा साझा चुलो(सुप्तुलु) स्थापना गरी संयुक्त पित्रिकार्य गर्ने नयाँ सौंच पनि अघिसारेको यथार्थ सुन्नमा आएकोछ। यस किसिमको साझा सौंच कतिहद ब्यबहारिक र स्वीकार्य होला, त्यो त आफ्नो ठाउँमा छदैछ, 'तैपनि कूलपित्रलाई मनाउनु पर्छ' भन्ने पक्षमा चाहिँ सबै किरातराईहरू एकमत पाइन्छन्। यस पर्व बिभिन्न ठाऊँ, क्षेत्र वा बस्तिहरूमा केहि फरक किसिंमबाट मनाइने(बिधि फुकाउने) भएता पनि यस परम्पराको मूल आशय भन्नु नै आ-आफ्नो कूलपित्र(राम्रो वा नराम्रो किसिमबाट बितेका)लाई पुकार्ने(मानसम्मान ब्यक्त गर्ने) एउटा रीति/प्रक्रिया हो।

आपसी समन्वयका साथ बर्षेनी घर-घरै मनाइने यस पवित्र (माँगलिक) कार्यको लागि कुनै निस्चित् तिथी-मिति नतोकिएतापनि सामान्यतया सरदऋतुको आगमनसँगै (मूलतः नयाँधान भित्र्याउन पूर्व) विशेष महत्वका साथ आफ्नै समुदायभित्रको कुनै एक जेष्ठ ब्यक्ति (पूर्खा वा दुमी भाषामा 'कुविमी')द्धारा गर्ने गरिन्छ। प्रत्येक किरातराईको घरमा नयाँ चुला गाड्दा वा टुटे-फुटेको चुलो साट्फेर गर्दा समेत उनै 'कुविमी'द्धारा मात्र सम्पन्न गर्ने चलन छ। अन्यथा जो कोहीले उक्त काम गरेमा त्यस परिवार वा सो

व्यक्तिमा अनिष्ठ हुने प्रायः निश्चित् रहन्छ नै । स्मरण र होस्, कुबिमी भैसकेपछि सो व्यक्तिले छोरसु पोलेको वा खोलोम् ग्रहण गरेको चार दिनसम्म भेँडाको मासु, लसुन, सिस्नु, गोलभेँडा, भटमास, किनामा, चुक वा अमिला फलफूल, पिडालु, गिठा-भ्याकुर आदि खानु हुदैन भने बाखाको मासुको अतिरिक्त ननुलामाछा, काब्रेमाछा, कत्लेमाछा, गडेरा(रिङ्गो)माछा, कुखुराको आन्द्रा/पाडग्रा खान सदाका लागि बर्जितछ ।

अहिले सरद ऋतुको आगमनसँगै पितृहरूलाई सम्झिने उपयुक्त बेला पनि आइसकेकोछ । यसै सन्दर्भमा पाठकहरूको जिज्ञासालाई मथ्थर पार्न स्थानीय एक दुमीराई परिवारमा पितृकार्य गर्ने विधिविधान अनि तयारीको सन्दर्भमा दुम्बु-मे (श्रीमान-श्रीमती) वीच भएको लोकसंवादलाई तल हु-बहु प्रस्तुत गर्ने जमर्को गरिएकोछ ।

मे : ए आपु ! ताया डेंनि माका । (श्रीमान्जी ! यता सुन्नुहोस् त ।)

दुम्बु : मो वो आनाबाति ? (के पो भन्नलाग्यौ ? )

मे : याक्काम्किम्बि नानाआ ने आम्ना सोम्नाङा वो सुसु दप्मुक्सा तुम् मुनिम्गा माका ।
(पल्लघर जेठानी दिदीले त आज बेलुका नै पो पित्रिकार्य गर्ने कुरा गर्नुभा'थ्यो त ।)

दुम्बु : मन, युक्कुम्-तुक्कुम् किम्बिहाम्कायो तुम् छुकु माका ?
(अनि, तल्लो-माथिल्लो घरकाहरूसँग करा भयो त ? )

मे : तुकुक्सि देल्मेआ आचिम् ए, कुबिआ आसालाबिका मायुक्सा ए ।
(माथि बुहारीले भनेको अरे, पूर्खाले भोलिदेखि नभ्याउने रे।

दुम्बु : भिँका वो मायुक्सा ए मन ? (किन नभ्याउने रे अनि ? )

मे : युक्कुम् देल ताईसिक्सा ए, आजा सोम्ना ङा ।
(तल्लो गाऊँभर्ने अरे, भरे बेलुका नै ।)

दुम्बु : मोखो ने तेयोङा खर्जम् लुकुबि खना छुक्ता माका ।
(त्यसो भए त अहिल्यै नयाँ धान लिन जानुपर्छ त ।)

मे : चुचुमु लुकुबि फिङ्ना छुक्त खि । (केटाकेटीहरू लिन पठाउनुपर्छ नै ।)

दुम्बु : चोक्तिम् याम्ला वो खम्बि दोक्ति ये ? (छिपेको केरापात पो कहाँ पाइन्छ कि ?)

मे : प्वातेल फारगुयुम् इता का ? (आँगनतल्तिरको हुन्न र ?)

दुम्बु : खान्थे चोक्तिम् ङा माङगुन वोने । (राम्ररी छिपेको नै छैन केरे ।

मे : मोखो, तायामाया सिङ्सोकायो खि चुङ्नाछुत्ता आजातुम्बुबि ।
(त्यसोभए, यताउता सोधखोज गरेर भएपनि त तयार पार्नुपर्‍यो भरेसम्ममा ।)

दुम्बु : फिरू ने खानुक्सा बूकायोम्ङा गोता मोनो ? ( अदुवा त राम्रो बोट सहितकै छ हैन ?)

मे : किम् चिनोबिम् रोङ्नाछुक्ता ये । (घरतल्तिरको प्रयोग गर्नुपर्ला कि ।)

दुम्बु : मो खोने बोलो ङा वो चुम्ना छुक्ता माका । (त्यसो भए त चाँडै पो तयार पार्नु पर्नेभयो त ।)

मे : आनिम् लाम्लु गात्थाबिम् दुवा न्यार्सोका होनि वा, आङ् चुचुमू लम्कुबि फिङ्तोनु ।
(तपाइँ पहिले गोठको काम सिध्याएर आउनोस न, म केटाकेटीहरूलाई खोज्न पठाउँला ।)

दुम्बु : लुवात माका मोङा मुना, आङ् तेयो लाम्थियो । ( लौनत त्यसै गरौं, म अहिले हिँडें ।)

मे : किम् आताइसितानियो गोबोर येना माचामुन्ना म्यै (माचामुइस्नि वौ) ।
(घर फर्नुहुदा गोबर ल्याउनु नबिर्सनुस् है ।)

दुम्बु : माम्ने खम् चामुत्तो माका, ताम्बि किम्बि वो मिस्कोमिस्को चुङ्सोमोनि बोलो ङा ।
(त्यो त कहाँ भुल्छु तनि, यहाँ घरमा पो सम्झिसम्झि तयार पार्दैगर्नु छिटो ।)

मे : ए आहयेनि, कुबि यो हुन्खोन्ना बात्नि वोने, युकुम्खोति खोङ्सोमुखे दोक्तो ।
(ए आइपुग्नुभयो, पूर्खा पनि आइपुग्न लाग्नुभयो केरे, तल आउँदैगरेजस्तो देख्छु ।)

दुम्बु : मन आपे आन्पोहेङा ङा खल चोङ्पो माका ?
(अनि अघि भनेजस्तैगरि सबै तयारभयो त ?)

मे : माम्बि ङा तङ्मगोता सेङ्स्निमाका, च्वा फान्चुयो वो ये ।
(त्यहीँ नै राखेकोछु हेर्नुहोस् त, कुनैचिज छुट्यो पनि कि ।)

दुम्वु : एलु हाम्हलछ म्यै, किम्गोबि डा हुङ्नि म्यै भराचुमू ।
(लहै आइपुगेछन् है, घरभित्रै पसुङ् है सबैजना ।)
मे : माम्गोभाल्डा खान्थे डाइसिक्ति यै कुवि कायो देल्चुमू।
(त्यतैतिर बसुङ् है पूर्खा र गाऊँलेहरू हो ।)
कुबि : लुवा आम्ना डा सेक्किम्बि न्यार्नागोता, बोलोडा मुइसिक्ति वोये भिँवो माका ?
(लौहै आज नै सातघरमा सिध्याउनुछ, चाँडै गरूङ् कि कसो होनि ?)
दुम्बु : मकाडा खल माम्बि चुडोम्गोता म्यै ।
(त्यसैले सबै त्यहाँ तयार पारेकोछु है ।)
कुबि : लुमाका आङ् ने प्रोन्खइसुयो म्यै वात्व छारूहाम् ।
(लौहैत मत शुरू गरिहाले है दाजुभाइहरू !)
वात्व : लुवामाका कुबिआ होपुपो मिक्षेनाक्षे माचाम्नाखिका आनिलाम् दिसस्नि म्यै ।
(पूर्खाले राम्ररी ख्याल गरिकन आफ्नो बाटो पछ्याउनुहोस् है ।)

**सामा-सर्दाम् (सामग्री):-**

★ तोबा(तोङ्बा), फिप्सु(पीपा), याम्ला(केराको पात)
★ खारावाबि खामादिमा(कठ्वामा चोखोजाँड)
★ पोड्खा(चोखोमर्चा), रबुसी / लुजम्(कोदो), कंकु(पानी)
★ छ्याकाल(नाङ्लो), सुरू तुक्वो (चारमानाको एकथुप्रो चामल)
★ चोकुना डमडम् (चामलको थुप्रोमाथि नयाँ धानको चिउरा)
★ बुकायोम् सक्लि फिरू (बोटसहित अदुवा जोडी नछुटिएको)
★ साउलो प्लेम्सा(पन्दि-बन्चरो), साउलो क्लेम्सा(खुर्पा), खारू-उक्तिजा(खनजोत गरी उब्जाएको अन्न),
★ चन्त-अल(चामकोदालो), साकोदिक्पा(बेथो-खुकुरी), साकोदिक्मा(बेलुवा-सिकल), तलवा,
★ खोसु(चोखो फल्याक) वा दम्(मुड्ग्रो)

**१. सम्दुखदु (बखान्):- सुप्तुलुहु हिइसिसोका (चुलातिर फर्केर)**

फिरूआ सुप्तुलुहु फ्रुप्सोका(अदुवाले चुलातिर पर्छाउदै), खारावाबिम् सुप्तुलुचोबि कुस्सो खारावा बिम् पूचीआ (खामादिमाआ) सुप्तुलुचोबि कुस्सो (कठ्वाको चोखो जाँडले चुलामाथि चढाउदै)-

*तो म्यै, रूरिलु / सेरलु (किमविम्-पित्री) चुचु*
*साखालु (बिर्मेचु-शाखा) पुलाम्*
*सुप्तुलु (बब्मेलु-माता) पिपी*
*थामालु (मैणी-चौघेरा) हाम्*
*ताम्बि आम्ना ने मो हालाम्, मो सुलाम्बि (मो बुलाम्बि) चुपीआ सी'बा आजिचोनु आ आस्तानि य, चिलि मामोनि, खारा मामोनि, ताम्बि ने थो पियु, नो पियु यो, थो सेत्सीयो सालि ओम्लो छुकु, सुबि ओम्लो छुकु, माकु ओम्लो छुकुयो, तुकु खोति तोनाम्सिबि ने दम्दि अम्दु, मर पुचि यो, युकुहिति वायबि ने पप पुचु, छिवा पुचियो, मेवा पुचियो ने सिख्यावा-माख्यावा, बुछ-लछ आयो डामालोक्नाखिका, तक्तुकुर, च्वारे, कोचोक्पु हाम्आ खुर माब्यानाखिका डा, चाचाचुआ यो डामालोक्नाखिका चुपिआ डा मालोक्नाने चुचाचामूआ म्सिोका डालोक्ना आस्सोआ आनिमू चू-पीहू डा भू-आबेनिम् आबुस्निम् गोता म्यै चू-पी सेर्तूम्हाम्*

**(नेपालीमा अनुवाद)**

लहै त, यसघरी हाम्रा कूलपित्रहरू (पित्री, पाहुना र माता) ले आज किन आफ्ना सन्तानहरूले आफूलाई सम्झे होलान् त भन्ने सोँच्नुहोला, रिसानी माफै होला, आफ्ना सन्तानहरूप्रति बैरभाव नराख्नुहोला, समय बित्दैजाँदा, हिमालमा हिउँ भुसिदै र जुग गल्दैजाँदा, अदुवा, अन्नबाली पसाउदा, माथितिर लेकमा मालिङ्गो फक्रिदा, तलतिर अऊलमा वन बाबियो र काँस फुल्दामा त किट पतङ्ग, जीव-जीवात्माहरूले समेत मुख जुठ्याउन नभ्याउदै, ढुक्कुर, बाँदर, लोखर्के आदिले पनि हात हाल्न नपाउदै र हामी सबै सन्तानहरूले धरी उपबास बसी आफ्नो कूलपित्रलाई पहिले मान मनितो नगरी, खानपान नगराई कसरी हामीले मुख जुठ्याऊँ त भनिकन कूलपित्रलाई नै पहिले नयाँ चोखो अन्न चढाएकाछौं है, हाम्रा अनादिकूलका पुज्य सृष्टिकर्ता अग्रजहरू हो ! तपाइँहरूकै साखासन्तान हामी लाटामूर्खले के नै पो जानेका छौं र । जानी नजानी मान मनितो गर्दा, बिन्तिभाऊ बिसाउदा अनजानमा कहिं कतै बिरायौं, छुट्यायौं भनेपनि आफ्नै सन्ततिहरूको ढङ्ग पुगेन भनिकन माफै गरि दिनु होला ।

**दप्सि (मन्त्र) - १ :- मोसुमहु अइसिसोका ( थानतिर फर्केर)**

॥१॥

**हलक्सु** :- *(कुबिमे-हिनामा, हसमि-हलमिआ जोनिका तुड्निवौ यै... यै... यै... )*[२]

*आनि चाचाचुपो खारूजा उक्तिजा जोनिका तुड्निवौ, उन्सुजा, पुँन्लुजायो जोनिका तुड्निवौ यै... यै... यै... )*

**खारुवु** :- *(तोड्दुसे-मारूत्सेआ जोनिका तुड्निवौ यै... यै... यै... )*[२]

*आनि चाचाचुपो खारूजा उत्तिजा जोनिका तुड्निवौ, उन्सुजा, पुँन्लुजायो जोनिका तुड्निवौ यै... यै... यै... )*

**वलक्पा** :- *(लुम्दुसे-लाम्रूमिआ जोनिका तुड्निवौ यै... यै... यै... )*[२]

*आनि चाचाचुपो खारूजा उक्तिजा जोनिका तुड्निवौ, उन्सुजा, पुँन्लुजायो जोनिका तुड्निवौ यै... यै... यै... )*

**हजूर** :- *(सिरिसे-योरिमाआ जोनिका तुड्निवौ यै... यै... यै... )*[२]

*आनि चाचाचुपो खारूजा, उक्तिजा जोनिका तुड्निवौ, उन्सुजा, पुँन्लुजायो जोनिका तुड्निवौ यै... यै... यै... )*

**२. सम्दुखदु (बखान्):- सुप्तुलुहु हिइसिसोका ( चुलातिर फर्केर):-**

फिरूआ सुप्तुलुहु फ्रुप्सोका(अदुवाले चुलातिर पर्छाउदै), खारावाबिम्सुप्तुलुचोबि कुस्सो खारावा विम् पूची( खामादिमा)आ सुप्तुलुचोबि कुस्सो (कठुवाको चोखो जाँडले चुलामाथि चढाउदै)

*तो म्यै, रूरिलु /सेरलु (किमविम्-पित्री) चुचु*
*साखालु (बिर्मेचु-शाखा) पुलाम्*
*सुप्तुलु (बब्मेलु-माता) पिपी*
*थामालु (मैणी-चौघेरा) हाम्*

*ताम्बि आम्ना ने मो हालाम्, मो सुलाम्बि (मो बुलाम्बि) चुपीआ सी'बा आजिचोनु आ आस्तानि य, चिलि मामोनि, खारा मामोनि, ताम्बि ने थो पियु, नो पियु यो, थो सेल्सीयो सालि ओम्लो छुकु, सुबि ओम्लो छुकु, माकु ओम्लो छुकुयो, तुकु खोति तोनाम्सिबि ने दम्दि अस्दु, मर पुचि यो, युकुहिति वायबि ने पप पुचु, छिवा पुचियो, मेवा पुचियो ने सिख्यावा-माख्यावा, बुछ-लछ आयो डामालोक्नाखिका, तक्तुकुर, न्वारे, कोचोक्पु हाम्आ खुर माब्यानाखिका डा, चाचाचुआ यो डामालोक्नाखिका चुपिआ डा मालोक्नाने चुचाचामूआ म्त्सिोका डालोक्ना आस्सोआ आनिमू चू-पीहू डा भू-आवेनिम् आबुस्निम् गोता म्यै चू-पी सेर्तूम्हाम्*

॥२॥

**दप्सि (मन्त्र - २. मोसुमहु अइसिसोका (थानतिर फर्केर)**

**हलक्सु** :- *(कुबिमे-हिनामा, हसमी-हलमीआ जोनिका तुड्निवौ यै... यै... यै... )*[२]

*आनि चाचाचुपो खारूजा उक्तिजा जोनिका तुड्निवौ, उन्सुजा, पुँन्लुजायो जोनिका तुड्निवौ यै... यै... यै... )*

**खारुवु** :- *(तोड्दुसे-मारूसेआ जोनिका तुड्निवौ यै... यै... यै... )*[२]

*आनि चाचाचुपो खारूजा उत्तिजा जोनिका तुड्निवौ, उन्सुजा, पुँन्लुजायो जोनिका तुड्निवौ यै... यै... यै... )*

**वलक्पा** :- *(लुम्दुसे-लाम्रूमीआ जोनिका तुड्निवौ यै... यै... यै... )*[२]

*आनि चाचाचुपो खाँरूजा उक्तिजा जोनिका तुड्निवौ, उन्सुजा, पुँन्लुजायो जोनिका तुड्निवौ यै... यै... यै... )*

**हजूर** :- *(सिरिसे-योरिमाआ जोनिका तुड्निवौ यै... यै... यै... )*[२]

*आनि चाचाचुपो खारूजा, उक्तिजा जोनिका तुड्निवौ, उन्सुजा, पुँन्लुजायो जोनिका तुड्निवौ यै... यै... यै... )*

**३. सम्दुखदु (बखान्):- सुप्तुलुहु हिइसिसोका ( चुलातिर फर्केर):-**

फिरूआ सुप्तुलुहु फ्रुप्सोका(अदुवाले चुलातिर पर्छाउदै), खारावाबिम्सुप्तुलचोबि कुस्सो खारावा विम् पूचीआ (खामादिमाआ) सुप्तुलुचोबि कुस्सो (कठुवाको चोखो जाँडले चुलामाथि चढाउदै)

*तो म्यै, रूरिलु /सेरलु -किमविम्-पित्री) चुचु*
*साखालु (बिर्मेचु-शाखा) पुलाम्*
*सुप्तुलु -बब्मेलु-माता) पिपी*
*थामालु -मैणी-चौघेरा) हाम्*

*ताम्बि आम्ना ने मो हालाम्, मो सुलाम्बि (मो बुलाम्बि) चुपीआ सी'बा आजिचोनु आआस्तानि ये, चिलि मामोनि, खारा मामोनि, ताम्बि ने थो पियु, नो पियु यो, थो सेल्सीयो सालि ओम्लो छुकु, सुबि ओम्लो छुकु, माकु ओम्लो छुकुयो, तुकु खोति तोनाम्सिबि ने दम्दि अस्दु, मर पुचि यो, युकुहिति वायबि ने पप पुचु, छिवा पुचियो, मेवा पुचियो ने सिख्यावा-माख्यावा, बुछ-लछ आयो डामालोक्नाखिका, तक्तुकुर, न्वारे,*

*कोचोक्पु हाम्आ खुर माब्यानाखिका ङा, चाचाचुआ यो ङामालोक्नाखिका चुपिआ ङ मालोक्नाने चुचाचामूआ म्हिसोका ङलोक्ना आस्सोआ आनिमू चू-पीहू ङ भू-आबेनिम् आबुस्निम् गोता म्यै चू-पी सेर्तूम्हाम्*

**दप्सि (मन्त्र)-३. मोसुमहु अइसिसोका -थानतिर फर्केर)**

॥३॥

**हलक्सु** :- *(कुबिमे-हिनामा, हसमी-हलमीआ जोनिका तुङ्निवौ यै... यै... यै... )*[२]
*आनि चाचाचुपो खारूजा उक्तिजा जोनिका तुङ्निवौ, उन्सुजा, पुँन्लुजायो जोनिका तुङ्निवौ यै... यै... यै... )*

**खारुवु** :- *(तोड्दुसे-मारूसेआ जोनिका तुङ्निवौ यै... यै... यै... )*[२]
*आनि चाचाचुपो खारूजा उत्तिजा जोनिका तुङ्निवौ, उन्सुजा, पुँन्लुजायो जोनिका तुङ्निवौ यै... यै... यै... )*

**वलक्पा** :- *(लुम्दुसे-लास्रूमीआ जोनिका तुङ्निवौ यै... यै... यै... )*[२]
*आनि चाचाचुपो खारूजा उक्तिजा जोनिका तुङ्निवौ, उन्सुजा, पुँन्लुजायो जोनिका तुङ्निवौ यै... यै... यै... )*

**हजूर** :- *(सिरिसे-योरिमाआ जोनिका तुङ्निवौ यै... यै... यै... )*[२]
*आनि चाचाचुपो खारूजा, उक्तिजा जोनिका तुङ्निवौ, उन्सुजा, पुँन्लुजायो जोनिका तुङ्निवौ यै... यै... यै... )*

**सम्दुखदु (बखान्):- सुप्तुलुहु हिइसिसोका (चुलातिर फर्केर):-**

*तो म्यै आनिमू चू-पीहाम्, झारा(बालुक्ली) पाछ्चालाई ङा आनि चाचाचुमूआ आबेनिम्-आबुस्निम् गोता म्यै चु-पी सेर्तूम्हाम् । ताम्बिने आन्निचाचाचुआ ने खल तोवा सुलूवि खामा-दिमा प्रोङ्सोआखि स्वाक्दम्चोवि याम्ला थूमुसोआ साली-सुरू, पो-सुरू, सूबिमा, माकुमा, साउलो प्लेम्सा (पन्दी), साउलो क्लेम्सा (खुर्पा), साकोदिक्मा ( बेलुवा), साकोदिक्पा(बेथो) चन्त-अल, तलवा, खल प्रोङ्सोआ आबेनिम्-आबुस्निम् गोता म्यै चू-पी सेर्तूम्हाम् । आन्नी-चाचाचूबि लुमुकर, चुवाकर, दख्लकर, बक्तकर, मिक्सिकर, हुन्विमो-पाचिमो, जिम्जिमो, हुम्तिमो, सुप्पर, खालाम्बा लाम्मा-गुड्मा खल हिति रूवाकु-ब्लब्लकूहू लेइखईस्नि, खोति थुनाम्हू फिक्सोनि म्यै चू-पी सेर्तूम्हाम् ।*

तो म्यै रूरीलु, साखालु, सुप्तुलु थामालुआ चूपीमुआङा आभ्फोबिका आमोहुस्निम्, आबेहुस्निमआ भिँसोका / भुईसोका आनिमु चूपीहाम्लाई मासिङनाईका उङकु / अङकु चाचाचुआ खुर ब्याना आक्ताका चूपीहाम्लाई चखल / चखल जेक्ताम् म्यै, ताम्बिने चूपीहाम्आ चिलि मामोनि, खारा मामोनिवौ । तोमाका आम्नाबिका उङकु चाचाचुआयो खुर ब्यान्पो, ङा लोन्पो । आनिमू चूपीहाम्आ सी-सी, या-या मामुक्क, छुलुलु खारारा मामोनि ! तो म्यै आनिमुहाम् सी'बाआ जेक्सा उङकु / आङकु चाचाचु आयो जुन्दुवा-तुन्दुवा ङलोक्तो । रूरी बेनु, साखा बेनु, सेलेवा साखुवा बेनु म्यै चू-पी सेर्तूम्हाम् । किम्गोबि खोति जुक्साहाम् जखुरआ बिन्ननि, पाखाबि हिती जुक्साहाम् प्ये खुरआ बिङ्तोनुयो आन्निमू चूपीहाम्आ छिलुलु-खरर मामोनी ।

**दप्सि (मन्त्र) :-**

*(तो म्यै च्वाङ्ली बुदुमाआ जोनिका-तुङ्निवौ, यै... यै... यै...)*
*(रङ्गुमा- भङ्गुमाआ जोनिका-तुङ्निवौ, यै... यै... यै...)*
*( छानी-मानीआ जोनिका-तुङ्निवौ, यै... यै... यै...)*
*आनिमुयो चुपिमू ङा आमोनिमूग खोयो आभ्फोबिका हितिहुङा बिक्सा-जुक्सा आमोहुस्निम्आ हितिहु ङा बिन्ननिम् गोता । छिलिलि-खरर मालोनिवौ ।*

**(नेपालीमा अनुवाद)**

(लौहै त भूतप्रेतहरूले पनि आ-आफ्नो ठाउँमा बसेर खाने-पिउने काम गर्नु है । तिमीहरू पनि त कुनै बेला हाम्रा पूर्खाहरू नै थियौ र नै आजसम्म पनि हामी बेलामौकामा सम्फि सम्फि मानमनितो गर्दैपनि आएकाछौं नै । तरपनि उबेलादेखि नै छुट्टै अलग्गै (तलतिर) खुवाउदै पिलाउदै ल्याइआएको चलन हुदा आजपनि त्यतैतिर दिएकाछौं । आफ्ना अज्ञानि सन्ततिहरूको ढङ्ग यतिनै सम्फी रिसराग चाहिँ नराख्नु होला ।)

मुचि / निरि ।

**नोटः**

*१. माक्पा क्षेत्रमा पित्रिकार्य गर्दा चार वटा पाछाहरू (हलक्सु, खारूबु, वलक्पा र हजुर)लाई पुकार्ने गरेको पाइन्छ ।*
*२. यस लेखमा विशेष माक्पा क्षेत्रको पित्रिकार्य गर्दाको मौलिकतालाई हु-बहु झल्काउने प्रयास गरिएकोछ ।*
*३. रीतिरिवाजसँग सन्दर्भ जोडिएको यस लेखमा निश्चय नै खोटहरू रहेका हुन सक्छन् । सुरूवात मात्र भएकोले यसलाई अन्तिम रूप दिन बिज्ञ पाठकहरूबाट उचित सुझाव एवं सल्लाहको लागि अनुरोध छ ।*

# समाजसेवी बलराम राई (सरचु)

*'खाजाबासमा' दुमीराईहरूको बाहुल्यता रहेको किरात क्षेत्र मात्र नभै थुप्रै राजनीतिक दुःमि किरात व्यक्तित्वहरूको उद्‌गमस्थल पनि हो। तिनै आदरणीय व्यक्तित्वहरू मध्ये दुकिराफ संस्थापक उपाध्यक्ष श्री बलराम सरचु दुमीराईको नाम अग्रस्थानमा आउँछ। बुबा गजुरमान दुमीराई र आमा राजकुमारी राईका माइला सुपुत्रको रूपमा बि.सं. २००५ सालमा जन्मिनु भएका श्री राई ४ छोरा ४ छोरीका साथ पुर्ख्यौलि थातथलो खार्मी गा.वि.स. वडा नं. ६, खार्मीमा जन्मि हुर्कन भएका कम्युनिष्ट राजनीतिमा आस्था राखेर समाज सेवाको काममा सक्रिय रहिआउनु भएको छ। आफ्नो कर्म भन्ने कुरो नै सेवामुलक कामबाट अगाडि बढ्दै जाऊँ र आफ्नो इतिहास खोजौं यहि कुरोबाट अगाडि बडौं सबै जना यतिबाट मात्र आफ्नो प्रगति हुन्छ भन्ने दृढ संकल्पका साथ मातृभाषा र मौलिक संस्कार एवं इतिहास संरक्षणको लागि सिङ्गो युवा जमात चनाखो भई डटेर लाग्न सुझाब दिनु हुन्छ।*

किरात लिपिको बारेमा दुःमि व्यक्तित्व भन्नुहुन्छ- 'श्रीजङा' भन्ने एकजना लिम्बु व्यक्तिले यस लिपिलाई अगाडि बढाए भन्दैमा श्रीजङ्गा लिपि लिम्बुहरूको भन्नुमा कुनै तुक छैन, यसलाई चन्द्रपुलिङ लिपि भनिनु पर्छ। पूरानो ईतिहासमा समेत चन्द्रपुलिङ लिपि लेखे-पढे वा पढाएमा, देखे-सुने, जानेमा गोर्खा राजाले ज्यानसजाय दिनु भन्ने आदेश दिने लेखिएको एउटा पूरानो ईतिहासमा पष्ट रूपमा लेखिनुले एकातिर चन्द्रपुलिङ किरातहरूको लिपि हो भन्ने प्रष्ट हुन्छ भने अर्कोतिर शाहवंशीय शासकहरूले किरातहरूमाथि कति अत्याचार गरेको रहेछ भन्ने कुरा त्यस भनाईले पनि प्रष्ट पार्दछ।'

किरात इतिहासको पाटाहरूलाई के त्यसैलाई नै अझै रिन्तरता दिएर अझै त्यसैको मातहतमा चल्ने यो राणाकालिन अवस्थामा आई यिनीहरू पनि पूरानो किरातहरूको साखा हो, जो चाहिँ राणाहरूको गुलामि भएर गए र तिनीहरूलाई चाहिँ यता मगरबाट बढुवा गरी क्षेत्री राणातिर पुर्‍याइयो। अनि तिनीहरू चाहिँ ठूलो भएर आफ्नो बन्धुलाई शाहवंशका साथमा लागेर मगरहरूले किरातीहरूको संस्कार संस्कृतिलाई ध्वस्तै बनाउनलाई पहल गरे। त्यहिँ कारणले किरातिहरूका ठाऊँ-ठाऊँका शिवलोक र मुर्तिहरू तोडफोड गरे। अहिलेसम्म यसो खोजेर हेर्दा किरातिहरूको पालामा बनेको पशुपतिको कामरूपि विरूपाक्ष र कलिमुर्ति भन्ने देखापरेको छ।



अर्को कुरो बुढानीलकण्ठ भन्ने कुरो पनि किरातकालमा बनाएको एउटा मुर्ति हो। त्यसलाई लिच्छवि कालमा बनेको भनिएको छ। तर अहिलेसम्म लिच्छवि भन्नेकुरो कहिँ पनि छैन। त्यो किरातहरूकै साखा हो। यसकारणले गर्दा लिच्छबिहरू भनेको किरातिहरू नै हुन् भन्दाखेरि कुनै फरक पर्दैन। किरातिहरूले बनाएको मुर्ति हो भन्ने मलाई लाग्छ। यसरी हाम्रो ईतिहासभित्रमा धेरै गुमराह छ। मलाई त के लाग्छ भन्दाखेरीमा बुद्ध भनेको यथार्थ चाहिँ शाक्य वंशको नभइकन किरातकै एउटा पत्र हो। जस्ले चाहिँ राजा हिजो त्यो बेलामा किरातहरू मात्रै राजा थिए।

किरातहरू राजा हुदाखेरीमा शाक्य वंशको राजा सुद्दोधनको छोरा भनिनु नै यँहा हिन्दुहरू घुमाएर यो इतिहासभित्र तोडमोड गरेको हो भन्ने कुरो मलाई लागदछ। अनि त्यो कुरोमा चाहिँ अहिलेको सचेत हाम्रो दुःमि फनसिकिमका सम्पूर्ण विद्धानबर्गले अनि दुःमीबन्धुहरूले यस इतिहासलाई राम्रो कोट्याएर हेर्नुपर्छ। प्रमाणित लगाएर हेर्नुपर्छ सुनलाई कसि लगाए झै किरातीहरूको कसिमा जाँचिनुपर्छ भन्ने मलाई लागदछ। अर्को कुरो किरातकालिन राज्यभएको बेलामा यता कलाकौशलमा अगाडि बढेको थियो भने त्यो अरनिको समेत त्यति बेलाको टोपिको रूप, दौरा र पटुका बाँधेको पहिरन हेर्दा उनी किराँतकै एउटा पूत्र हो भन्ने कुरो मलाई लागेको छ।

त्यसलाई पनि ईतिहासमा यथार्थ खोजिनु पर्छ, समयकाल सम्वतलाई मिलाएर हेरिनु पर्छ । अहिलेको इतिहासकार बन्धुहरूले नेपालको इतिहासलाई खण्डन-मण्डन अथवा त्यसमा कसि लगाएर हाम्रो संस्कृति ईतिहास प्रष्ट गराइनुपर्छ भन्ने मलाई लाग्छ र अब सुरूमा म पनि आफ्नो भाषा धर्मलाई अगाढि यतिको अवस्थामा किन पछाडि राखियो भने पहिला सुरूमा चाहिँ मैले हिन्दु धर्मको रामायण महाभारत देवी भागवत सुकसार, कृष्ण चरित्र, अर्जुन गिता, रामगिता, स्वस्थानी, चण्डी, ऋगवेद, आर्युवेद, सामवेद, अर्थववेद, यो वेदमा म पनि हिन्दुहरूकै प्रशंसामा पहिला गएँ । तर पछाडि जब हाम्रो ऐतिहासिक कुराहरू हाम्रो फरक रहेछ भन्ने कुरो बुझ्दै आएपछि त्यसलाई छोडेर आफ्नो ईतिहास त आफूले नैपो लेख्नु पर्दोरहेछ ।

नभएको कुरो त कहाँ-कहाँको मान्छेले सबै कुरो जोडेर हिजोको गुफा सुफा भएको ओडार सोडारहरू हाम्रो हिजोको पूर्खाहरू बसेको ठाँउहरू उनिहरूको देबालय भनेर विविध कुरो गर्दछन् भनेदेखि हाम्रो चाहिँ ईतिहास भएको, हाम्रो पूर्खा बसेको घर-गोठ आदिलाई अर्काले मेरो भन्दा खेरिमा पनि चुप लागेर यसरी पछाडि परेका रहेछौ भन्ने जब बुझ्दै आएँ, त्यसपछि आफ्नो विशुद्ध ईतिहास त आफूले मात्र लेख्नुपर्दो रहेछ। अरूले त लेख्दिदो रहेनछ भन्ने लागेर अहिलेको युवा पिढिलाई अब हामी दु:मि हौं, आफ्नो भाषा ईतिहासलाई अगाडि बढाईनुपर्छ ।

त्यतिमात्र नभएर हामी आदिवासी किरातहरूले आफ्नो भाषा ईतिहासलाई अगाडि लिएर जानुपर्छ। आफ्नो माटोको महिमा हामीले अगाडि बढाउन सक्नुपर्छ, चिन्न सक्नुपर्छ भन्ने कुरा मलाई लाग्छ र यहि कुरो आफ्नो अनुभवलाई अहिलेको नवपिढीले तपाईहरू अगाडि बढ्नुस्। हामी सरसल्लाह, होस्टेमा हैसे गरिदिनको लागि तयार छौं भन्नेकुरो मलाई लागेको छ ।

म बाल्यअवस्थामा पहिला विद्यालयमा जाँदाखेरी यहि कालिका मा.वि. मा प्राथमिक विद्यालय जो मेरो बुबा गजुरमान राईले संस्थापन गर्नु भएको हो र त्यो विद्यालयमा बि.स. २००९ सालमा हामी यसो विद्यालयमा उपस्थित भइयो र १२ सालमा त्यो विद्यालय बन्द भयो । हामीहरू वरिपरि विद्यालय काहिँ पनि नभएको कारणले गर्दा पढ्ने मौका पाइएन । पछाडि फेरी ०१७ सालमा त्यसलाई प्रा. वि. स्थापना त्यहि ठाँउमा गरियो । त्यतिबेला माथिल्लो स्थानमा पढ्ने भनेको २ कक्षमा भर्ना भएँ । १७ सालमा र त्यसमा फेरी ६० प्रतिशत भन्दा बेसि ल्याउनेलाई चाहिँ 'कक्षा चढाउने' भन्ने चलन थियो । त्यसैले मैले १ बर्षमा २ बाट ४ मा पुगें । अनि दोस्रो सालमा फेरी टप गर्दा दुई बर्षमा म ४ बाट ६ मा पुगें । त्यसपछि म धरानमा पढ्न गएँ । पछि मलाई टाढो भएर म घरमा फिर्केर आएर १ वर्ष जस्तो रहेर अनि फेरी एकै चोटि ६ को टेष्ट भोजपूर विद्यालयमा दिएर म सातौ कक्षमा पास भएर सातौ कक्षादेखि २१ सालदेखि अध्ययन गर्दै अपन २१ सालमा हामि भोजपूर को मा.वि. मा विद्यार्थी गठन हुदामा त्यहाँको म सदस्यत भएर विद्यार्थी नेतृत्वमा पनि सहभागि भईयो र २२ सालमा अखिलको स्थापना भयो ।

त्यसपछि हामी पून: विद्यार्थीको तर्फबाट अखिल प्रगतिशिलको तर्फमा अगाडि लाग्यौ । त्यसबेलादेखि फेरि आएर हामी २६ सालमा अखिलको संविधान पास गर्दाखेरीमा म २५ सालमा एस.एल.सि. दिएर काठमाण्डौ त्रिचन्द्रमा साइन्सको विद्यार्थी भएर अध्यन गर्दा त्योबेलामा विधान पास गर्दा हामीहरू पनि थियौं र केन्दीय नेता कुमार राईहरू युनिभर्सिटीमा हामी क्याम्पस स्तरमा थियौं । त्यो बेलामा हामी सबै भएर चाहिँ स्थापना भएर त्यो कालदेखि एउटा प्रगतिशिल विद्यार्थीको रूपमा नेतृत्व गर्दै आएर पछि चाहिँ ०३५ सालदेखि सांगठनिक रूपबाट माले समर्थक हुदै अनि त्यसपछि त्यसैलाई अवछिन्न रूपले गोप्य तवरले काम गर्दै मैले आफ्नो भोजपूर र पछाडि हामी ०२७ सालदेखि क्याम्पस आई. एस्सि. गरेपछि म आफ्नो क्षेत्रतिर आएँ ।

त्यतिबेला के भएको थियो भने पार्टिको रूपबाट 'बुर्जुवा शिक्षा बहिस्कार गरौं' भन्ने कुरो लागेको हुनाले साँच्चि नै हामी बुर्जुवा शिक्षा बहिस्कार गरौं भन्नेमा लागियो । किनभने विद्यार्थीको अवस्थामा पनि आफूले चाहिँ गुरिल्ला भएर हामी चाहिँ जुन सुकै पनि आन्दोलन गर्ने, कुटपिट गर्ने, जबकि अरू धैरै साथीहरू मुख चलाउनेमा लागे । मुख चलाउने उनीहरू नेता पनि भए । हामी हात चलाउने जत्ति हतियार बनेछौं । यसरी पनि हामी सोझो राईहरू पछाडि पऱ्यौं । हामीहरूसँगैका सि.पि. मैनालीहरू सुदुरपूर्व झापातिर लागे, म भोजपूरतिर लागे । अब हामीले बुर्जुवा शिक्षा बहिष्कार गरौं भनेर लाग्दाखेरीमा साच्चै

आफूले चाहिँ पार्टिको निर्देशनलाई स्वीकार गरेर लागिपरेँ। उता उनिहरू चाहिँ पार्टिको ले.वि.उठाएको पैसाले उल्टै पढ्दै गएछन्।

यसरी हामी लाटाबुङ्गा सबै शिक्षामा यतिकै थन्केर बस्न बाध्य भयौं भने टाठाबाठा उनीहरूले चाहिँ शिक्षालाई अगाडि बढाए। त्यसो हुनाले नेपालको राजनीति भनेको धुर्तको राजनीति रहेछ। सिधासाधा र लागिपर्नेको लागि राजनीति होइन रहेछ भन्ने कुरो अहिले आएर ठेश लाग्छ। आफूले पढाएको, खेलाको, चलाको भाइहरू अहिले केन्द्रीय स्तरमा छन्। जस्तो एमालेको वरिष्ट केन्द्रीय नेता भनाउदा प्रदिप नेपाल नै पनि म भोजपुर मा.वि.को विद्यार्थी संगठनको सभापति हुदाखेरी मेरो नियुक्तिको सदस्य हुन्। माधव नेपाल र बामदेवहरू हामी भन्दा निकै पछाडिका हुन्। पुष्पलाल, मनमोहन, निर्मल लामा, मोहन विक्रमदेखिको पछाडि हामी हौं भनेदेखि हामी भन्दा तेस्रो पूस्ताका हुन् यी सबै जना।

तर अहिले हामीलाई उछिनेर कहाँ पुगि सके। हामी चाहिँ नितान्त पार्टिको विजयनै ठिक हो भन्ने विचार लाई पक्रेर बसिरह्यौं। उनीहरू कुर्सि पक्रे र आजसम्म पनि कुर्सिमा उछिन् र पाछिन् भईरहेको छ भने हामीलाई चाहिँ यसरी समयले फ्याँक्यो। तरपनि मलाई कुनै खेद छैन कि मैले त जनचेतना अगाडि बढाउनु पर्छ र आफ्नो सैदान्तिक कुरोमा विचलन हुनु हुदैन। विचार प्रष्ट भयो भने आफूले नपूगे पनि आफ्नो विचारमा अरू पुग्नेछन्। त्यो विचार पुग्नुनै सफलता हो भन्ने कुरो मलाई लाग्छ। यसरी म गाऊँ प्रतिनिधि हुदा पनि एउटा सैदान्तिक प्रगतिशिल विचार ले नेतृत्व गर्दै आइराखेको छु। सर्बहारा श्रमजिवि, किसान मजदुरहरू हलि गोठालाको नेतृत्व गर्दै त्यसैको वकालत गर्दै त्यसैको वारीसेबाट अहिलेसम्म आफ्नो जीवनलाई यापन गरिरहेको छु। सामाजिक क्षेत्र जस्तो ठूलो कुरो केहि होइन, धर्म र कर्म पनि त्यहि हो।

म त विज्ञानको चेला हुँ। कुनै मुर्तिपूजा गरेर देवता प्राप्त हुन्छ भन्ने कुरामा मलाई विश्वास छैन। जिवित प्राणीहरूको आत्मापूजा गर्नु, सहयोग गर्नु नै सबैभन्दा ठूलो धर्म हो, कर्तव्य हो र मानवहित कल्याण विश्वमा पूरा गर्नु नै सबैभन्दा ठूलो प्रगति हो भन्ने लाग्छ। यिनै कुरोलाई लिएर म एक जना दुःमि किरात सरचु राई आफ्नो जीवन यापन गरिरहेको छु। यसैबाट नै आफ्नो संक्षेपमा परिचय दिन चाहन्छु। धन्यवाद

*आफ्ना बंशका दाजुभाइ के कति कहाँसम्म फैलिएका छन् भन्ने जिज्ञासाप्रति केन्द्रित रही सरचु राई भन्नुहुन्छ-* यस विषयमा विशेष मुलथलो भनेको त खार्मी नै हो र खार्मीबाट नजिकै पाथेका गा.वि.स. तिर पनि छन्, नेर्पा गा.वि.स.मा पनि प्रशस्तै छन्, दिक्तेल गा.वि.स. को सोल्मातिर पनि छन्, रतन्छाको केहि ठाँउहरूमा पनि छन्, तराईको बाहुन्ने भन्ने ठाँउतिर पनि थुप्रै छन्, दार्जिलिङतिर पनि केहि सन्तानहरू निकै बसेका छन् भन्ने कुरा छ र यता इण्डियाको विभिन्न क्षेत्रमा पहिलो भनौन बृटिस तालिमको युंद्धकालिन प्रथम विश्व युद्धतिर उतै गइकन त्यहाँबाट नआई त्यतै बसोबास गर्दागर्दै उतै प्रशस्त भइसकेका छन्। अहिलेको अवस्थामा त अब वरिपरि भोजपुरको छिनामाखु लगायत धरानतिर, दमक, इटहरीतिर अनि काठमाण्डौतिर पनि केहि मात्रामा बसोबास गर्दै आएकाछन्।

*दुमी किरात राई फन्सिकिम (दुकिराफ)को बारेमा राखिएको जिज्ञासामा तात्कालिन संस्थापक उपाध्यक्ष भन्नुहुन्छ-* आफूले प्रथम पल्टमा दुमी किरात राई फन्सिकिममा उपाध्यक्ष भइकन केन्द्रीय स्तरमा रहेता पनि आफूले धेरै क्षेत्रहरूमा (राजनैतिक क्षेत्रमा पनि, गा.वि.स.मा पनि काम गर्नुपर्ने, अन्य सामाजिक क्षेत्रमा पनि) काम गर्नुपर्ने भएकोले मैले त्यसमा भ्याउन सकिनँ र साथीहरूलाई पनि तपाईंले ठाऊँ मात्र ओगटेर भएन काम गर्नेहरूले तपाइँहरूले भाग लिएर काम गर्नुपर्छ भन्ने चाहिँ मेरो सल्लाह हो। जुन बेलादेखि सुरूवात भयो त्यो बेलादेखि अहिलेको अबस्थासम्म आउदा खेरिमा त जे होस् हाम्रो सक्रिय त्यो बेलादेखि काम हाम्रो संयोजकको रूपमा प्रा. चतुरभक्तज्यू बसिरहनु भा'को छ। उहाँको नेतृत्वबाट अविछिन्न रूपले अगि बडिराखेकै छ।

विभिन्न कार्यक्रम पनि आईराखेकै छ। अब यँहाहरू जस्तो सक्षम नेत्तृत्व गर्नुहुने सचिवज्यूहरू, अध्यक्षज्यूहरूबाट केन्द्रीय रूपमा राम्रो काम गरिराखेको हुनाले यो हाम्रो भाषाको विभिन्न क्षेत्रमा खोजि भइराखेको छ। व्यक्ति विशेषमा पनि भनेदेखि अब जिल्ला र गाऊँस्तरमा पनि दुमकिम र देलकिमहरू गठन भएर सबै क्षेत्रमा जनसङ्ख्याको जनगणना पनि प्रस्ट उल्लेखित हुनुपर्छ र

हाम्रो यथार्थमा के कति जनसङ्ख्याहरू छन्, शैक्षिक क्षेत्रमा हाम्रो स्थिति के कस्तो रहेकोछ भन्ने कुराको पनि तिनै सङ्गठनहरूको मातहतबाट अगाडि आइरहेको छ र खोजिभइरहेको छ ।

यँहाको सक्रिय नेतृत्वले गर्दा मलाई विश्वास लाग्छ । भविश्यमा पनि यो हाम्रो दुकिराफको मातहतबाट गाऊँ-गाऊँमा गठन भइकन हाम्रो भाषा, भेष-भुषा, ईतिहास, संस्कार अगाडि जान सक्छ । त्यसमा पनि अहिले जुन शब्दकोशहरूको प्रकाशन हुन लागिरहेको छ । त्यसले गर्दा खेरिमा दुमीवन्धु सबैलाई नै पछि सजिलो हुन सक्छ भन्ने कुरामा मलाई विस्वास छ । यो प्रगति भन्ने कुरो सहि कुराबाट मात्र थोरै भएकोले नै अगाडि आईराखेको देखिदा खेरिमा हामी दुमीहरू सन्तोष अथवा खुसि व्यक्त गर्दछौ । मुचि

# गीत



*प्रकाश दुमी राई*

हाँसो पनि जीवन हो
रुनु पनि जीवन हो
जिन्दगीका आँधीवेहरी दुःख-सुख जीवन नै हो ।

जन्म पछि मर्नै पर्ने कस्तो हो यो जिन्दगानी
सपनाको संसारभित्र हराई दिन्छ रहर पनि
जितको खुशी जीवन हो
हारको रुवाई जीवन हो
हावा जस्तै उडीहिड्ने शुन्य मन नि जीवन नै हो ।

रोई रोई वाँच्नै पर्ने बेहाल कस्तो यो जिन्दगानी
हाँसी हाँसी रमाई दिन्छ कस्तो रैछ भाग्य पनि
मनको खुशी जीवन हो
दिलको दुखाई जीवन हो
बादल भै भेलि हिड्नु अर्थहिन नि जीवन नै हो ।

# गजल

**हर्कधन राई**

**खोटाङ, वाक्शिाला**

*पहाड जत्रो समस्याले पनि मेरो साहस झुकेको छैन*
*बशन्त नै नआए पनि मेरो हृदयको पालुवा ओईलाएको छैन ।*
*मानव समाजप्रतिको मेरो टुक्रे शैक्षिक ज्ञान*
*दिनरात बैदेशिक गुलामीमा फस्दा पनि खुईलाएको छैन ।*
*कहिल्यै हात नपरे पनि मेरो असिम सफलता*
*नाडीमै नवाधी विग्रीएको चाईनीज घडीसंग दाँजेको छैन ।*
*यो ज्यानलाई कहिलेकाही अभावको भारीले थिच्दा पनि*
*आफ्नो जीवनको भाग्यरेखालाई अभिषाप ठानी थुकेको छैन ।*
*हुन त कसलाई के थाहा मेरो पिडा व्यथा*
*होला साँच्चै मेरो हृदय धैरै धैरै दुखेको तर भन्दैछु दुखेको छैन ।*




**विजया दशमी**
**तथा दिपावली २०६५ को**
**सुखद उपलक्ष्यमा देश विदेशमा रहनु भएका समस्त शुभेच्छुकहरु एवं ईष्टमित्रहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**जनसेवा समाज**
**जालपा, खोटाङ्ग**

विजया दशमी
तथा दिपावली २०६५ को
सुखद उपलक्ष्यमा देश विदेशमा रहनु
भएका समस्त शुभेच्छुकहरु एवं
ईष्टमित्रहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

प्रेमभक्त राई
पुर्वेली स्टोर, इमाडोल
फोन: ९८४१५६९९५५

विजया दशमी
तथा दिपावली २०६५ को
सुखद उपलक्ष्यमा देश विदेशमा रहनु
भएका समस्त शुभेच्छुकहरु एवं
ईष्टमित्रहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

मणिकुमार राई
नक्खीपोट

विजया दशमी
तथा दिपावली २०६५ को
सुखद उपलक्ष्यमा देश विदेशमा रहनु
भएका समस्त शुभेच्छुकहरु एवं
ईष्टमित्रहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

सांग्रीला पब्लिक स्कुल
जोरपाटी, काठमाडौं
फोन: ४९१०९०१

विजया दशमी
तथा दिपावली २०६५ को
सुखद उपलक्ष्यमा देश विदेशमा रहनु
भएका समस्त शुभेच्छुकहरु एवं
ईष्टमित्रहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

धनप्रसाद दुमीराई
सरस्वतीनगर, काठमाडौं
फोन: ९८५१०५३१९६

# अबको युवाशक्ति

सम्पूर्ण नेपाली जनता र विशेषत युवाशक्तिको अग्रणि र महत्वपुर्ण भुमिकामा कष्ठसाध्य दशबर्षे गौर वशाली जनयुद्ध, २०६२/६३ को १९ दिने ऐतिहासिक जनआन्दोलनको वीरता, त्याग, तपस्या र वलिदानीको तागतले नेपाली क्रान्ति पुरातन र यथास्थितिको निरन्तर तालाई क्रमभंग गर्दै नुतन र अग्रगमनको निरन्तरता संस्थागत गर्दै एक पछि अर्को विजयको नयाँ उचाई चुम्दै नयाँ रूपले विकसित हुदै आएको छ । फलस्वरूप आज मूलुक संविधानसभामार्फत युगान्तकारी परिवर्तनको महान बाटोमा अघि बढेको छ । संसारमा युवा शक्ति नै त्यस्तो शक्ति हो जसले जस्तोसुकै उजाड मरूभुमिलाई पनि सुन्दर र हराभरा बनाइदिनसक्छ, कठोर चट्टान फुटाएर समथर बनाई सुन्दर बस्ति बसाउन सक्छन्, र जतिसुकै असम्भवहरुलाई पनि सम्भव पार्न सक्छन्। आज वास्तवमै विश्वको जुनजुन राष्ट्रहरु विकासशील छन् ती राष्ट्रहरुले आफ्ना युवा शक्तिलाई सही ढंगले, सही ठाउँहरुमा प्रयोग गर्न सफल भएका छन् र जहाँ-जहाँ युवा शक्तिहरुलाई वेवास्ता गरीएको छ त्यहाँ हाम्रै मुलुकको जस्तो अवस्था रहिआएको छ। आज यो कुरा पनि प्रमाणित भएको छ की विना युवा शक्ति देशलाई जस्तो रूपबाट जोसुकैले जस्तो ढाँचाको बनाउन खोजे पनि त्यो प्राय असम्भव जस्तै सावित भएका छन् ।

अहिले प्राय सबै नेपालीहरुको जिब्रोको टुप्पामा भुण्डीएको प्यारो शव्द हो नयाँ नेपाल निर्माण । नँया नेपालको निर्माणको लागि मुलुक हाक्नको लागि तैयार सबै शक्तिहरुले अहिले नयाँ नेपाललाई आ-आफ्नै संघिय ढाँचामा प्रस्तुत गरिराखेका छन् तर अझ मुलुक यस्तै हुने भनेर निर्क्योल भइनसकेको अवस्था छ । अव बन्ने त्यो नयाँ नेपालभित्र विगतमा जस्तो युवाशक्तिलाई बेवास्ता गरि नुहुन्न र ससम्मान नयाँ नेपाल निर्माणमा सम्पूर्ण युवाशक्तिहरुलाई स्थान दिइनुपर्दछ र त्यसभित्र पनि विगतमा जस्तो असमान सहभागिता होइनकि सबै जातजाति, भाषाभाषी, पिछडिएकाहरु सबै तह र तप्काहरुको युवाशक्तिहरुलाई समान र निष्पक्ष रूपबाट सहभागि गराउनुपर्दछ। विशेषगरी अवको संघीय ढाँचाको गणतान्त्रिक नयाँ नेपालभित्र आदिवासी जनजाति, दलित, पिछडिएका वर्ग, महिला आदि युवाशक्तिहरुलाई निष्पक्ष र समान रूपबाट सम्मानजनक सहभागी गराएर लानुपर्दछ । अझै पनि उनिहरु बलिया, बहादुर, स्वाँठे भनेर मात्र होइन कि नेपाली हुँ भनी आफ्नो शिर ठाडो बनाएर आफूलाई नयाँ नेपाल निर्माणमा समाहित बनाउन सक्ने खालको हुनुपर्दछ । विगतले यस्ता युवाशक्तिहरुलाई सधै वेवास्ता गरे र अवको नयाँ नेपालमा पनि यहि स्थिति रहिरहे अव पनि यी युवा शक्तिहरु जसले भयानक विध्वंसकारी विश्वयुद्धहरुमा जसरी आफ्ना शत्रुहरुलाई पराजित गरेर विश्वमा कहलिएका छन् त्यसैगरी नयाँ नेपालमा पनि आफ्नो हक अधिकारको लागि जो कसैलाई पनि परास्त गर्न पछि हट्नेछैनन् । अहिलेसम्म धेरैले नेपालको मुहार फेर्छु भनेर आए र गए तर कसैले पनि आफुले बोलेको कुरा व्यबहारमा चाहिँ गरेर देखाएनन् मात्र हावाको भरमा गफ चुटे। अवको नयाँ नेपाल निर्माण गर्छु भन्नेहरुले पनि फेरि पुरानै कथालाई दोहोऱ्याउने काम गर्छ अनि देश, जनता र सम्पूर्ण युवाहरुलाई धोका दिन्छ भने यो हाम्रोलागि दुर्भाग्य हुनेछ र त्यसले भविष्यमा ठूलै दुर्घटना निम्त्याउन सक्छ त्यसैले तमाम युवा शक्तिहरु एकजुट हुनैपर्दछ ।



महेन्द्र दुमीराई

रोजगारीको अभाव र द्धन्दका क्रममा विस्थापित हुने परिस्थिति सिर्जना भएर २० लाखभन्दा बढीको ठूलो युवाजमात बाहिर गई कष्टपूर्ण जीवन बिताएर पनि मुलुकको अर्थतन्त्र धान्दै आएको छ । वर्तमान स्थितिमा हरेक दिन हाम्रा युवा शक्तिहरु हजारको हाराहारीमा आफुलाई सस्तो मुल्यमा विदेशी मरूभूमिलाई हराभरा बनाउन आ-आफ्नो

भाग्यलाई दोष दिँदै र आफुलाई नेपाली भएर जन्मेकोमा धिक्कार्दै अँध्यारो भविष्य लिएर विदेशिँदैछन् यस जमातप्रति राष्ट्रले करूणा र दया व्यक्त गर्नुको सट्टा यसको तागतलाई अझ बलियो पार्न राष्ट्रभित्र नै गन्तव्यको मागअनुसारको प्रशिक्षण र गन्तव्यमा हुने शोषण र सोको रक्षार्थ पूर्ण संरक्षणको व्यवस्था मिलाउनु पर्दछ । अहिले मुलुकले फड्को मार्ने क्रममा पुरानो संस्कारलाई तोड्दै बिल्कुलै नयाँ संस्कार बसाउने क्रमसँगै सम्पूर्ण युवाशक्तिहरुलाई पनि मुलुकको आवश्यकता अनुसार रूपान्तरण गर्दै लानुपर्दछ । सँगसँगै अहिलेको बेरोजगार युवाहरु उत्पादन गर्ने थलो बनेको शिक्षा अब बैज्ञानिक र व्यावहारिक हुने र समाजको गरीबी, कु-संस्कार, कुसंस्कृति र भेदभावलाई अन्त्य गरेर समृद्ध र विकासशील नयाँ नेपालको निर्माणको गर्नेसक्ने हुनुपर्दछ । त्यसैले अवको नयाँ नेपालको संरचनाले सम्पूर्ण युवाशक्तिलाई आफ्नै देशको विकास निर्माणको लागि आवश्यकता महशुस गरी उनिहरुलाई अर्काको मुलुकमा दोस्रो दर्जाको नागरीक सरह बाँच्नुपर्ने बाध्यतालाई अन्त्य गरेर उनिहरुलाई आफ्नै मुलुकमा नयाँ नेपाल निर्माणमा संगसँगै समाहित गरेर लाने खालको नीति तथा कार्यक्रमहरु निर्माण गर्नुपर्दछ । यदि यस्तो हो भने कोहि कसै युवाहरु चाहेर पनि आफ्नो घरपरिवार, समाज र मातृभूमिलाई छोडेर कदापी विदेशिँदैनन् । तर त्यसको लागि अवको नयाँ नेपालले युवाहरुको लागि स्पष्ट नीति तथा कार्यक्रमहरु ल्याउनै पर्दछ । अनि मात्र नयाँ नेपाल सम्भव छ ।

अहिलेको लोकतान्त्रिक सरकारले भर्खरैमात्र सरकारी बजेट सार्वजानिक गरेको छ जहाँ हामीले विगतको बजेटहरुमा देख्दै आएका जस्तो विकासको खर्चको मात्रा घट्दैजाने र साधारण खर्च बढ्दै जाने बजेटका संस्करणहरु नभएर यसपटक त्यस प्रक्रिया र अनुपातलाई पनि उल्ट्याएर विकासको चर्खलाई बढाइएर साधारण खर्चको वृद्धि अनुपातलाई घटाई महत्वपूर्ण कदम चालेको छ । यसले पनि युवाहरुमा केही उत्साह थपेको महशुस गराएको छ ।

विगतमा जसरी युवा शक्तिलाई बेवास्ता गर्दै सरकारले आफ्नो नीति तथा कार्यक्रमहरु ल्यायो फलतः देश विकासतिर होइन अशिक्षा, अज्ञानता, द्वन्द, अन्धकारतिर धकेलियो र फेरि पनि यस्तो गल्ती कोहि कसैले पनि दोहोर्‍याउने दुश्साहस गर्छ भने अव पहिलेको जस्तो युवाहरु चुप लगेर बसिरहनेछैनन् । काँधमा बन्दुक बोकेर फेरि पनि बिद्रोह गर्न तैयार छन् । सडकमा आगोको ज्वाला दन्काएर आन्दोलित हुदै सडक तताउन पनि तैयार छन् र चाहिएको अवस्थामा अव पुरानो कामै नलाग्ने खालको शक्तिहरुलाई जरैबाट उखेली सिंगो मुलुकलाई नै हाँक्नको लागि पनि तैयार छन् । खबरदार ! युवा शक्तिहरु सुतेका छैनन् । फेरि पनि युवाहरुको आँखामा छारो हाल्ने काम गर्ने प्रयास भए मुलुकको जुनसुकै कुनाबाट, गाउँ बस्तिहरुबाट, झुपडीहरुबाट र शहरका गल्ली-गल्लीहरुबाट युवाहरु एकावद्ध भएर सिद्धान्तको लडाई लाड्न, बौद्धिकताको लडाई लाड्न, अनि जस्तोसुकै खालको शक्तिको लडाईं लड्न अनि सिंगो राष्ट्रको स्वरूप फेरेर नयाँ नेपाल निर्माणको लागि जुर्मुराएर उठ्न तैयार छन् । अवको साँच्चिकै र सार्थक नयाँ नेपाल मात्र ती शक्तिहरुले निर्माण गर्न सक्दछन् र ति शक्ति अरू कोहि नभएर युवा शक्ति नै हुन् । *मुचि !*

## सुम्निमालाई

**ज्ञानु राई**
**सप्तेश्वर-२, छेराडाँडा**

*धर्म र संस्कारलाई जोगाउनु छ भने*
*नविर्स है सुम्निमालाई ।*
*मौलिकतालाई निरन्तरता दिनु छ भने*
*सधैं सोध्ने गर पूर्खाहरूलाई ॥*
*पारूहाङ्गलाई व्यूझाउनु छ भने*
*सोध्दै बुझ्दै गरौं सुम्निमालाई ।*
*पूर्खाको गौरवगाथालाई बचाइ राख्नु छ भने*
*आत्मबल माग्ने गरौ सुम्निमालाई ॥*
*समाजमा नौलो विहानी ल्याउनु छ भने*
*आधुनिकताको उपहार देउ सुम्निमालाई*
*किराँती इतिहासलाई बचाउनु छ भने ।*
*अभाव र कुसंस्कारमा पनि नछोड सुम्निमालाई ॥*
*साकेला शिली नाच्नु छ भने*
*सिकाई माग सुम्निमालाई ।*
*किरातीको अस्तित्व जोगाउनु छ भने*
*बिश्वास गर सुम्निमालाई ॥*

दुमीराई भाषा तथा संस्कार प्रधान भाषिक पत्रिका

# सुलाम (मेसो)
# Sulam

– TheWay__

अंक-२ २०६५ असोज वर्ष-२ 2008, October



## यसो भनुङ

दुमीराई भाषामा मौलिक प्रकाशनको रूपमा विशेष अंक सुलाम् (मेसो) इसिलिम अंक-१० देखि सुरु गरी यसैको निरन्तरता स्वरुपै भाषिक खुराकको रूपमा पाठक समक्ष प्रस्तुत गरेका छौं । सक्दो मेहनतका साथ सन्देशमूलक एवं व्यवहारमूलक बनाउने दायित्व हाम्रो, सिर्जनशील प्रतिक्रिया एवं राय सुझाव पठाउने जिम्मा तपाइहरुको ।

प्रकाशक
दुमी किरात राई फन्सिकिम
तथा
इसिलिम परिवार

## सन्दर्भ

| क्र.सं. | लेखक |
|---|---|
| १. | मिकसि रदु हलक्सु |
| २. | तेजमाया मुरह दुमीराई |
| ३. | किर्तिकुमार दुमीराई |

## आव्हान

सम्पूर्ण दुमी सर्जकहरुलाई आफ्नो मातृभाषाको संरक्षण तथा संवर्द्धन गर्नको लागि दुमी भाषामा मौलिक लेख रचनाहरू रचना गरी पठाई सहयोग गर्न आव्हान गरिन्छ ।

-सुलाम

## ढुःमि ब्र चेङसिकूति म्यै

**आत्तिनम्का मुर्मा - सुःरु झिन्पोम् ।**
(अस्तिको दिन आईतबार-चामल भिजाको।)
**आस्नम्का काट्मा - फुल पुन्पोम् ।**
(हिजोको दिन सोमबार - पिठो कुटेको ।)
**आम्ना गर्नेमा - साबे उक्सा ।**
(आज मंगलबार - रोटी पोल्ने ।)
**आजाका सोम्ना छुक्ताका उक्सा ए ।**
(भरे साँझ परेपछि पोल्ने गरे ।)
**आसाला संगर्मा - किरोदेल खक्सा ।**
(भोलि बुधबार - माउलो जाने ।)
**नाम्ना धुरिमा - ङु सेःकुबि खक्सा ।**
(पर्सि बिहिबार - माछा मार्न जाने ।)
**सुम्ना जानेमा - किम् अइसिक्सा ।**
(निपर्सि शुक्रबार - घर फिर्ने ।)
**घ्लुम्ना बाट्मा- दुवाबि खक्सा ।**
(कानेकोर्सि शनिबार - मेलोमा जाने ।)
**आतासावा नु जेथिङ्ता ।**
(आजभोलि सोच आउदैछ ।)
**आतेम्बि सोजा तुप्सा ।**
(यो साल पैसा कमाउने ।)
**आनम्म सु सेक्सा ।**
(आघुङ् काठ काट्ने ।)
**आछेम्म किम् फुक्सा ।**
(पाराघुङ् घर निर्माण गर्ने ।)
**आप्लो म्यैसि तुल्सा ।**
(पछि भैसि पाल्ने ।)
**आझोङ्का वि तुल्पो ।**
(पोहर साल गाई पाल्यौं ।)
**आझो ख्लिबा यो म ए ।**
(उहिले कुकुर पनि थियो गरे ।)
**इंकि दुमीरदुआ छ्वारा चै तुल्ना इता ए ।**
(हामी दुमीराईले बाखा चाहिँ पाल्नु हुदैन गरे ।)

सिङसिम्:-

१. सुरू मोना आभिस्निम् ? **साबे उना ।**
२. किरोदेल खक्साका मो मुक्सा ? **ङु सेक्सा ।**
३. मःनः दुवाबि हिनम् खक्सा ? **बाट्मा खक्सा ।**
४. सोजा तुप्साका मो मुक्सा ? **किम् फुक्सा ।**
५. ङु मोना सेक्सा ? **क जुना ।**
६. किम् हिनम् फुक्सा ? **आछेम्म ।**
७. बि कायो म्यैसि मोना तुल्सा ? **दुदु हप्ना ।**
८. ख्लिबा हियों म ए ? **आझो ।**
९. इंकि दुमीरदुआ भिका छ्वारा तुल्ना इता माका ? **चुपी हाम्तुइस्तिन ।**

**छिरि याम्लोबि पुःमा पुस्ता ।** (शरद ऋतुमा फूल फुल्छ ।)
**चुकु याम्लोबि हि किःल्ता ।** (हिउद ऋतुमा हावा चल्छ ।)
**धिरि याम्लोबि तक्तेबु पुःस्ता ।** (बसन्त ऋतुमा गुराँस फुल्छ ।)
**चिरि याम्लोबि हु येता ।** (बर्षा ऋतुमा झरी पर्छ ।)

१. **जिलोबि बप्सि रोक्ति ।** (वैसाखमा मकै गोड्छौं ।)
२. **तुप्जुबि लुजम् लेक्ति ।** (जेष्ठमा कोदो रोप्छौं ।)
३. **चिरिम्बि साम्बाकि धुक्ति ।** (आषाढमा आलु खन्छौं ।)
४. **पात्तालुबि ब्रामु न्याप्ति ।** (श्रावणमा फापर छछौं ।)
५. **चियम्बि खोक्सी रोक्ति ।** (भादौमा पिँडालु गोड्छौं ।)
६. **लिम्लुबि बुजाम् न्याप्ति ।** (असोजमा पित्रि बुझाउछौं ।)
७. **सम्लुबि लिङु हिप्ति ।** (कात्तिकमा खर काट्छौं ।)
८. **बृमतिबि जम् वाङ्ति ।** (मङ्सीरमा धान भित्र्याउछौं ।)
९. **सादुरिबि ह्याक्ति ।** (पुसमा कोदो टिप्छौं ।)
१०. **दिकुरिबि तोः पुक्ति ।** (माघमा तान बुन्छौं ।)
११. **हल्साबि रःरु बुःरु न्याप्ति ।** (फागुनमा विउविजन छछौं ।)
१२. **अम्लुबि थाङ्रा ताङ्ति ।** (चैत्तमा थाँग्रो झाछौं ।)

(बर्तमान काल)

| | | |
|---|---|---|
| १. | **आङु ङुक्तो ।** | (म रून्छु ।) |
| २. | **इन्चि ङुक्ती ।** | (हाम्दुई रून्छौ) |
| ३. | **इङ्की ङोक्ती ।** | (हामी रून्छौं ।) |
| ४. | **उन्चु ङुक्तु ।** | (हाम्दुई रून्छौं ।) |
| ५. | **उङ्कु ङोक्ता ।** | (हामी रून्छौं ।) |
| ६. | **आनी आङुक्ता ।** | (तिमी रून्छौ ।) |
| ७. | **आन्चि आङुक्ती ।** | (तिम्दुई रून्छौ ।) |
| ८. | **आनिमु आङुक्तानी ।** | (तिमीहरू रून्छौ ।) |
| ९. | **उम् ङुक्ता।** | (ऊ रून्छ ।) |
| १०. | **उन्चि ङुक्ती ।** | (उन्दुई रून्छन् ।) |
| ११. | **उनिमु ङुक्तानि ।** | (उनीहरू रून्छन् ।) |

(भूत काल)

| | | |
|---|---|---|
| १. | **आङु ङुखो ।** | (म रोएँ ।) |
| २. | **इन्चि ङुखी ।** | (हाम्दुई रोयौं ।) |
| ३. | **इङ्की ङोक्की ।** | (हामी रोयौं ।) |
| ४. | **उन्चु ङुखु ।** | (हाम्दुई रोयौं ।) |

५. उङ्कु ङोक्कु ।　　(हामी रोयौं ।)

६. आनी आङुखु ।　　(तिमी रोयौ ।)

७. आन्चि आङुखी ।　　(तिम्दुई रोयौ ।)

८. आनिमु आङुक्नी ।　　(तिमीहरू रोयो ।)

९. उम् ङुखु ।　　(ऊ रोयो । )

१०. उन्चि ङुखी ।　　(उन्दुई रोए । )

११. उनिमु ङुक्नी ।　　( उनीहरु रोए ।)

**ताम् ओपो रम् । मोनो** (यो मेरो शरीर हो । होइन)

**खोःतिहु दख्ल गोता । माङ्मु** (माथितिर टाऊको छ । छैन)

**दख्लबि दो छुक्ता । छुक्तान** (टाऊकोमा रौं हुन्छ । हुदैन)

**हुर्तिनयो स्यार छाःता । छाःतान** (ननुहाउदा जुम्रा पर्छ । पर्दैन)

**मिस्मामुआ दो खेत्तानि ।** (आईमाईहरूले केश कोर्छन् ।

**लस्बामुआ दो क्रिप्तानि ।** पुरूषहरूले कपाल काट्छन् ।

**स्वाक्ली ङिचो यो गोता । माङ्मु** (दुईवटा कान पनि छ । छैन

**ङिचोआ ङिक्ती । ङिक्तीन** (कानले सुन्छौं । सुन्दैनौ

**स्वाक्ली मिक्सी गोता । माङ्मु** (दुईवटा आँखा छ । छैन

**मिक्सीआ सेङ्ती । सेङ्तीन** (आखाँले हेर्छौं । हेर्दैनौ

**मिक्सीआ सेन्सोका दोक्ती ।दोक्तीन ।)** (आखाँले हेरेर देख्छौं । देख्दैनौ)

**तुक्ली नु यो गोता । माङ्मु** (एउटा नाक पनि छ । छैन)

**नुआ नम्ती/नुम्ती । नम्तीन** (नाकले सुङ्छौं । सुङ्दैनो)

**तुक्ली क्वाम् यो गोता । माङ्मुन** (एऊटा मुख पनि छ । छौन)

**क्वाम्आ जिक्ती । जिक्तीन** (मुखले बोल्छौं । बोल्दैनौ)

**क्वाम्ला ङ जुक्ती यो ।** (मुखबाट नै खान्छौं पनि ।)

**क्वाम्ला ङ तुङ्ती । तुङ्तीन** (मुखबाट नै पिऊँछौं । पिऊँदैनौ)

**गोःबि तुक्ली लेम् गोता । माङ्मु** (भित्र एऊटा जिभ्रो छ । छैन)

**लेम्आ दाप्ती । दाप्तीन** (जिभ्रोले चाख्छौं । चाख्दैनौ)

**हिःति-खोःति ङिलो गोता । माङ्मु** (तल-माथि दाँत छ । छैन)

-सम्पादक

# सूचना

**निकट भविष्यमा प्रकाशन गरिन लागेको दुमी शब्दकोश (त्रैभाषिक)को लागि सम्पूर्ण दुमकिम, देलकिम लगायत समस्त दुमी जनले तन, मन र धनले साथ सहयोग पुऱ्याउनु हुन हार्दिक अनुरोध गरिन्छ ।**

**दुमी किरात राई फन्सिकिम**
**बाक्सिला, खोटाङ**

# सुलाम



आनि हिनाए लम्लु बर्नु ।
आनि मोम लम्थिन्पो लम्थिरि,
हिनए य मासन्सिनु ।
बुङ्थिर्मा तम् खिन्जुर ब पो,
हिनाए हिदुम्मा छुक्नु ।
खल मारेक्सु काक्छिबि,
दुमोदु कुमिनपो छन्दु मुनुक होनु ।
आनिबिम् इङ्कि नुसिपो,
हिनाए सम्सुर मुनुक तनु ।
हिना, हेम्पा मु ब पो छिदुम् छुकता,
सानु लमनुक सेन्सो मुनु ।
आनि रामजुवाबि गोता ।
चामुत्तुक बात्थेर माछकुक्नु ,
हिनाए य मासन्सिनु ।

*–तेजमाया दुमी*

**(नेपाली अनुवाद)**

तिमी निरन्तर अगाडि बढ्नु ।
तिम्रा ती गतिशिल पाइला,
कहिल्यै पछाडि नहट्नु ।
मुर्झाएका यी निरीह भाषाको,
हमेशा ढुकढुकी बन्नु ।
हर तिरस्कृत मस्तिष्कमा,
असिमित तृष्णाका छाल बनिआउनु ।
तिमीप्रतिको हाम्रो विश्वास,
हरतरहले जोगाई राख्नु ।
कहि कतै मातृभाषाको बिनास होला,
सुर खोजेर रखावरी गर्नु ।
यसको जीवन अनि मरन,
तिम्रै भरोसामा निहीत छ,
भुलेर बेइमान नहुनु ।
कहिल्यै पछाडि नहट्नु ।



# दु:मि चिनारी



किर्ति कुमार दुमीराई

__दुमी ब्र (दुमी भाषा)__

*आङु का ओपो ब्र, रिदुमहदुम*
*आङु ङा ओपो ब्र का रिदुम-हदुम्*
*मिहिका*
*आङु चाम्तो खो, चामता ब्र का हिदुम्-हदुम्*
*ओपो ब्र का रिदुम्-हदुम् ङा आङु*
*मिहिका*
*आङु होपुङा चामतो, ताम्ताखो ब्र का रिदुम-हदुम्*
*आङु मोतो होपु, गोताखो ब्र का रिदुम्-हदुम्*
*मिहिका*
*ओपो गोता छेन्सी का ब्र का रिदुम्-हदुम्*
*आङु होपु मोतो खो गोता ब्र का रिदुम्-हदुम्*
*मिहिका*
*आङु बि गोता ओपो ब्र का रिदुम्-हदुम्*
*मकाङा आङु आस्ता*
*आङु ङा ओपो ब्र का रिदुम्-हदुम्*
*ओपो ब्र का रिदुम्-हदुम् ङा आङु*
*किर्ना इङ्कीपो  ब्र का रिदुम्-हदुम्*
*मिहिका*
*आप्लो होता किर्तीनोखो ब्र का रिदुम्-हदुम्*
*लुम्तानी आप्लो चु-चाचाआ ब्र का रिदुम्-हदुम्*
*मिहिका*
*चाहेछुक्ता मयो होपुपो ब्र का रिदुम्-हदुम्*
*झारा दुङ्सो किर्त इङकीर्पा ब्र का रिदुम्-हदुम्*
*मिहिका*
*हाम्यिर्ता चु-चाचाआ चाम्ताखो ब्र का रिदुम्-हदुम्*
*मकाङा आङु आस्तो*
*इङ्गी ङा इङकीपो ब्र का रिदुम्-हदुम्*
*इङ्गीपो ब्र का रिदुम्-हदुम्ङा इङ्गी*

*मुचि ।*

__नेपाली अनुवाद__

-म नै मेरो भाष र संस्कृति
किनकी
म हराए हराउने छ भाषा र संस्कृति
-मेरो भाषा र संस्कृति नै म
किनकी
म आफै हराउने छु हराए भाषा र संस्कृति
-म छु आफू, भए भाषा र संस्कृति
किनकी
मेरो छ पहिचान र अस्तित्त्व भाषा र संस्कृति
-म आफू भए छ भाषा र संस्कृति
किनकी
म मा छ मेरो भाषा र संस्कृति
त्यसैले म भन्छु
मनै मेरो भाषा र संस्कृति
मेरो भाषा र संस्कृति नै म
-जोगाउन हाम्रो कर्तव्य भाषा र संस्कृति
किनकी
भविष्यमा आउनेछ विपत्ती नजोगाए भाषा र संस्कृति
-खोज्ने छन् भविष्यमा सन्तानले भाषा र संस्कृति
किनकी
चाहिने छ त्यसबेला आफ्नो भाषा र संस्कृति
-सबै मिली जोगाऔं हाम्रो भाषा र संस्कृति
किनकी
धिकार्ने छन् सन्तानले हराए, भाषा र संस्कृति
-त्यसैले म भन्छु
हामी नै हाम्रो भाषा र संस्कृति
हाम्रो भाषा र संस्कृति नै हामी

*समाप्त ।*

# किरात स्वशासित खम्बुवान राज्यको आधार र औचित्य

**पूर्व कथन** : मुलुक २५० वर्षदेखिको सामन्ती राजतन्त्रको अन्त्यपछि गणतन्त्रात्मक युगमा प्रवेश गरेको छ । गणतन्त्रात्मक मात्र होइन यो मुलुक अब संघीय गणतन्त्र बन्ने निश्चित भएको छ। अढाई सय वर्षदेखि राज्यविहिन भएका आदिवासी जनजाति, मधेसी, दलित, सिमान्तीकृत जाति, जनजातिहरूको माग र आन्दोलनका कारण नै मुलुक संघीय ढाँचामा जान लागेको हो। तर पनि संघीयताका स्वरूपका बारेमा भने अझै अन्यौल र अनिश्चितता कायमै रहेको छ। राजतन्त्रको अन्त्य भएर अब केन्द्रीकृत, एकात्मक राज्य संरचनामा परिवर्तन गरी स्वशासनयुक्त संघीय गणराज्य नेपाल निर्माण गर्ने उपयुक्त समय आएको छ। यो समयलाई सही तवरले प्रयोग गर्न सकियो भनेमात्र हाम्रो देशले उन्नति प्रगति गर्न सक्ने निर्विवाद छ। यदि सही आधारहरूमा संघीय राज्य निर्माण गर्न सकिएन र आदिवासी, जनजाति, दलित लगायतले उठाएको शासनमा सहभागिताको कुरालाई वेवास्ता गरियो भने मुलुकले अर्को दुर्भाग्यपूर्ण त्रासदी बेहोर्नु पर्ने निश्चित छ। त्यसैले अहिलेदेखि नै यस बारेमा ब्यापक वहस हुनु र संघीयताका आधार र प्रकारका बारेमा प्रष्ट हुँदै नयाँ बन्ने संविधानमा त्यसलाई संस्थागत गर्नु जरूरी भएको छ।

संघीय राज्य निर्माण गर्दा संघहरू कसरी के के का आधारमा गर्ने भन्ने निधो भइसकेको छैन । यस विषयमा मत्यैक हुन बाँकी नै रहेको छ। कसैले यसलाई भूगोलको आधारमा मात्र विभाजन गर्न भनेका छन् । कसैले नेपालको विशिष्ठता भन्दै हिमाल, पहाड र तराई सबै प्रदेशमा पार्नैपर्छ भनेका छन्। कसैले हिमाल एउटा प्रदेश, पहाड एउटा प्रदेश बनाउनुपर्छ भन्ने मान्यता राखेका छन्। तर हामीले संघीय राज्यको माग उठेको ऐतिहासिक पृष्ठभूमि र नेपालको वास्तविकतालाई हेरेर हामी के भन्न सक्छौं भने राज्यको संघीय संरचना गर्ने आधार जाति, भूगोल र भाषालाई बनाउनु पर्दछ। मुख्य आधार यसलाई बनाएर राज्यको नयाँ संरचना निर्माण गर्ने हो भने मात्रै यसले संघीय राज्यको नेपाली जनताको मागलाई संबोधन गर्न सक्छ। यसरी जाति, भूगोल र भाषालाई आधार मानेर राज्यको नयाँ संरचना गर्दा नेपाललाई ११ वटा राज्यमा विभाजित गर्न उपयुक्त हुन्छ। यी ११ राज्यहरूमा १) जातिका आधारमा लिम्बुवान, खम्बुवान, तामाङसालिङ, नेपा: प्रदेश, तमुवान, मगरात, थरूहट, २) प्रदेशका आधारमा खसान र पश्चिम खसान र ३) भाषाका आधारमा अवध भोजपुरी र मिथिला थारू बनाउनु पर्दछ। यी ११ संघीय राज्य जाति, प्रदेश र भाषाका आधारमा स्वशासित प्रदेश बनाउनु पर्दछ र यसभित्रका विविधतालाई समेट्नका लागि अरू स्वशासित एकाइहरू स्थापना गर्नु पर्दछ। अनि मात्रै सबै जाति भाषा, प्रदेश र मानिसले शासनाधिकार प्राप्त गर्न सक्नेछन्। अर्थात सबैलाई शासन प्रणालीमा समेट्न यसो गरियो भने मात्र सहज हुनेछ।



टंक दुमीराई

माथि उल्लेखित अरू प्रदेशहरूका बारेमा यस टिपोटमा अरूबढी चर्चा नगरी खम्बुवान प्रदेशका बारेमा मात्र यहाँ केही कुराहरू छलफलका लागि अघि सारिएको छ। खम्बुवान राज्यका आधार र औचित्यका बारेमा ब्यापक बहस गर्नुपर्ने आजको युगिन आवश्यकतालाई ध्यान दिएर यो टिपोट अघि सारिएको छ।

**राज्यको स्वरुप** : खम्बुवान राज्य खासगरी किरात स्वशासित राज्य हुनेछ। आज आफूलाई किरात सभ्यताका उत्तराधिकारी भनी गर्व गर्ने राई, लिम्बु, सुनुवार र याक्खालाई नै हामीले प्रस्तुत सन्दर्भमा किरात मान्नु पर्दछ। त्यसो हुदा किरात स्वशासन भनेको यिनै माथि उल्लेख गरिएका किराती समुदायको सामुहिक स्वशासन भन्ने अर्थमा बुझ्नुपर्ने हुन्छ। खम्बुवान भन्नाले ऐतिहासिक भू-क्षेत्र नै हो। यो भू-क्षेत्रमा वर्तमान बसोबासको आधारलाई हेरेर धनकुटा पश्चिम

राई बहुल क्षेत्र, संखुवासभा पश्चिम राई र याक्खा बहुल क्षेत्र, सुनसरी पश्चिम राई बहुल क्षेत्रदेखि पश्चिम हिमाल उत्तर, उदयपुर जिल्ला दक्षिण र रामेछाप पूर्व सुनुवार बहुल क्षेत्र नै संभावित खम्बुवान राज्यको क्षेत्र हुनुपर्ने देखिन्छ । सिमानाका बारेमा विशेषज्ञहरूका राय, स्थानीय जनताहरूका आकांक्षा समेतका आधारमा निर्धारण गर्नु बढी उपयुक्त देखिन्छ ।

**आधारहरु** : किरात स्वशासित खम्बुवान राज्यका व्यापकतम आधारहरू रहेका छन् । ती आधारहरू संघीय गणतन्त्र नेपाल निर्माणका बेला खम्बुवान किरात स्वशासित राज्य स्थापनाका लागि पर्याप्त छन् । ती आधारहरूलाई संक्षेपमा निम्न बमोजिम चर्चा गर्न सकिन्छ ।

**१. सिद्धान्त** : हरेक जातिलाई आत्मनिर्णयको अधिकार छ भनेर संयुक्त राष्ट्रसंघले मानेको छ र त्यो सिद्धान्तलाई नेपालले पनि स्वीकार गरेको छ । त्यही आत्मनिर्णयको अधिकार को सिद्धान्त बमोजिम जातीय प्रादेशिक स्वशासनको आधारमा खम्बुवान राज्य स्थापना गर्नु पर्दछ । यो नै खम्बुवान राज्य स्थापनाको सैद्धान्तिक आधार हो ।

**२. जाति :** यो खम्बुवानको भू-क्षेत्र ऐतिहासिक कालखण्डदेखि निरन्तर रूपमा किरात समुदायका राई, सुनुवार र याक्खा बसोबास गरिआएको भू-क्षेत्र हो । जातीय स्वशासनका आधारमा यो प्रदेशको स्थापना गर्दा यो प्रदेशको मूल जातिका रूपमा किरात समुदायका यिनै तीन जातिलाई लिनु पर्दछ । जातीय स्वशासनका आधारमा निर्माण हुने राज्यका मूल जाति स्वीकार गर्नुको अर्थ अन्य जाति उपेक्षित हुने वा अधिकार विहिन बनाइने शंका र त्रास पनि विद्यमान रहेका सन्दर्भमा यहाँ यो कुरा भन्ने पर्ला कि हामीले अहिले राज्यको नयाँ सरचना सबै जातिलाई समान अधिकार दिनका लागि गरिरहेका छौं । कसैलाई शासक जाति र कसैलाई शासित जातिका रूपमा स्थापित गर्न होइन । अब यहाँ मुल जाति कसलाई किन मान्ने भन्ने प्रश्न उठ्न सक्तछ । जातिहरूका बीचमा विभेद र खासगरी शासन प्रणालीमा एक जातिको मात्र बर्चश्व रहेकाले अन्य आदिवासी जनजाति, दलित महिला मधेसीले आफूलाई शासनप्रणालीबाट पृथक राखिएको तथ्यलाई उजागर गर्दै शासनमा सहभागिताका लागि संघीय प्रणालीको माग भएको हो । पछि पारिएका जातिको शासनमा सहभागिताको राम्रो उपाय संघीयता नै हो, जहा अधिकारको बाँडफाँड हुन्छ । तर, संघीय राज्य पनि बैज्ञानिक र युक्तिसंगत तवरले निर्माण गरिएन भने त्यसले समेत समस्याको समाधान गर्न सक्तैन । त्यसैले जातीय स्वशासनलाई मूल आधार मानेर संघीय राज्य निर्माणलाई जोड दिइएको हो । यस आधारमा राज्य स्थापना गर्दा पछि पारिएका जातिहरूको शासनमा स्वभाविक सहभागितालाई जोड दिइन्छ । यसका साथै उनीहरूमा हराएको गौरवबोध समेत जागृत गर्न यो आधारले उल्लेख्य भूमिका खेल्न सक्तछ । खम्बुवान राज्यमा रहेका मूल जातिहरू यो राज्यको स्थापना हूदा स्वत शासनमा प्रमुख हिस्सेदारका रूपमा स्थापित हुनेछन् ।

**२. जनसंख्या :** यो प्रदेशको जनसंख्या जनंख्या करिब १४ लाख हुन्छ । यो नेपाल जस्तो देशका लागि संघीय राज्य निर्माण गर्ने आदर्श जनसंख्या हो । धेरै सानो र धेरै ठुलो जनसंख्या हाम्रो जस्तो देशमा संघीय राज्य निर्माण गर्नका लागि उपयुक्त हूदैन । यस प्रदेशमा मूल जाति मानिएको किरातहरूको जनसंख्याको लगभग ३० प्रतिशत हुन आउछ । यो जनसंख्या यो प्रदेशको पहिलो जनसंख्या हो । यस प्रदेशमा यो जति वा यो भन्दा धेरे जनसंख्या अन्य कुनै पनि जातिको छैन । यसले पनि यो क्षेत्रलाई किरात स्वशासित खम्बुवान राज्य बन्ने बलियो आधार प्रदान गर्दछ ।

**३. भूमि :** प्रस्तावित खम्बुवान प्रदेशमा भूमि पनि अर्को यसको आधार हो । माथि वर्णन गरिएको सिमालाई कायम गरियो भने ११ खण्डको एक खण्ड जति (अलिकति तलमाथि हुनसक्छ) नै भूभाग खम्बुवान प्रदेशमा पर्न जान्छ । यस भू-खण्डमा हिमाली, पहाडी र केही भित्री मधेस समेत पर्न जाने र यो उपयुक्त भूमि पनि बन्ने निश्चित छ ।

**४. इतिहास** : खम्बुवान प्रदेश ऐतिहासिक रूपमा किरातहरूको भूमि हो । यो प्रदेशमा इतिहासमा राज्यका रूपमा अस्तित्वमा रहेको इतिहासकारहरूको दावी रहेको छ । यो भूमिमा सभ्यताका शुरूआतदेखि नै किरातहरूको अविच्छिन्न बसोबास रहेका तथ्यबाट राष्ट्र निर्माणका लागि ऐतिहासिक आधार भएकैले यो खम्बुवान राज्य बन्नु पर्ने देखिन्छ ।

**५. भाषा** : यस क्षेत्रको विशिष्ट भाषिक विशेषता समेत रहेको छ। माथिल्लो हिमाली भेगमा शेर्पा भाषा, अलि तल तामाङ भाषा, बहुसख्यकले बोल्ने पर्वते नेपाली भाषा र किरात समुदायले बोल्ने विविध किराती भाषा यो क्षेत्रको भाषिक विशेषता हो। त्यसैले भाषिक एकता र विकासका लागि समेत यो खम्बुवान राज्य अपरिहार्य रहेको छ।

**६. श्रोत साधन** : संघीय राज्य निर्माण जातिहरूको आत्म गौरब बढाउने माध्यम वा कसैको तुष्टिका साधन मात्र होइन यो विकासको पूर्व शर्त पनि हो। बन्ने संघ राज्यहरू आर्थिक उन्नति गर्न सक्षम र श्रोत साधनको वितरणका हिसावले समानुपातिक हुनु पर्ने हुन्छ। प्रस्तावित खम्बुवान राज्यमा वन, जमिन, जल लगायत प्राकृतिक श्रोत र पर्यटन लगायत उद्योगको प्रचुर सम्भावनालाई दृष्टिगत गर्दा श्रोत साधनका हिसावले पनि यो क्षेत्र आत्मनिर्भर बन्ने भएकाले राज्य निर्माणको आधार रहेको छ।

**७. भौगोलिक समिपता र पारस्परिक अन्तरसम्बन्ध** : प्रस्तावित खम्बुवान राज्यको भूगोललाई हेर्दा यो सघीय राज्य अनुकुल रहेको र यस क्षेत्रमा बस्ने मानिसहरू सामाजिक, आर्थिक र राजनीतिक रूपले समेत एक दोश्रोसाग अति निकट सम्बन्ध रहेको छ। यातायातको बनिरहेको सञ्जालले पनि यो पुरै क्षेत्रलाई एक दोश्रोसँग जोडेकाले पनि यो क्षेत्र एउटै राज्य बन्नु उपयक्त हुन्छ। यसका साथै प्रस्तावित भू-क्षेत्र एउटै नदि प्रणालीभित्र पर्ने कुराले पनि राज्य बन्न अझ बल पुऱ्याएको छ।

अहिलेका लागि यिनै आधारहरूलाई नै मात्र पनि मान्ने हो भने किरात स्वशासित खम्बुवान राज्य बन्न रोक्नु पर्ने वा इन्कार गर्नु पर्ने देखिन्न। तर, आधार विद्यमान हुदैमा राज्य बन्नै पर्दछ भन्ने केही छैन। राज्यको औचित्य हुनु अपरिहार्य छ। त्यसैले खम्बुवान राज्य किन बन्नु पर्दछ? यसको औचित्व किन छ भन्ने बारेमा पनि चर्चा हुनु जरूरी छ। तल सामान्य रूपमा त्यसको चर्चा गरिएको छ।

**१. सबै जातिलाई शासनाधिकार दिन** : एकात्मक केन्दीकृत राज्य एक जातीय भएकाले सबै जातिले शासनमा समान र समानुपातिक सहभागिता नपाएकैले सघीय राज्य बन्नु पर्ने भएको हो। खम्बुवान राज्य बन्यो भने किरात समुदाय मुल जाति बन्ने र अन्य जातिको समेत शासनमा समानुपातिक सहभागिता हुने भएकाले नै खम्बुवान राज्य स्थापना गरिनु पर्दछ।

**२. विकासका लागि** : केन्द्रीकृत शासनमा केन्द्रले श्रोतहरूको सबै उपभोग र उपयोग गर्ने भएकाले प्रदेशहरूमा उपयुक्त विकास भएन। यदि खम्बुवान राज्य बन्यो भने यो प्रदेशको द्रुततर विकास हुने आधार प्राप्त हुन्छ। यस क्षेत्रको जल सम्पदा र पर्यटनको विकास मात्र गर्न सके पनि यो क्षेत्र आर्थिक रूपमा सम्पन्न बन्नेछ।

**३. भाषिक उन्नतिका लागि** : लोपोन्मुख अवस्थामा रहेका यस क्षेत्रका भाषाहरू र चलनचल्तीमा रहेका भाषाहरू यस प्रदेशका अमूल्य निधिहरू हुन्। यसको संरक्षण सम्बर्द्धन र विकास खम्बुवान राज्यको स्थापना बाहेक सम्भव छैन।

**४. जातीय प्रादेशिक स्वशासनका लागि** : पूर्वाञ्चलमा रहेको किरातहरूको ऐतिहासिक भूमि लिम्बुवान र खम्बुवान नै हो। लिम्बुवानको माग र आन्दोलनले एउटा उचाइ तय गरिसकेकाले किरात स्वशासित खम्बुवान राज्य स्थापना अपरिहार्य बनेको छ। यसका साथै केन्दीय तहमा किरातहरूको २ वटा राज्यले प्रतिनिधित्व गर्ने समेत भएकाले केन्द्रीय तहको नीति निर्माणमा समेत अनुकुल प्रभाव पार्ने निश्चित छ। यसो गर्न सकियो भने मात्र किरातहरूको स्वशासन कायम गर्न सकिन्छ।

**५. किरात समुदायको एकताका लागि** : किरात समुदायलाई एक बनाएर राख्न सिंगो किरात राज्यको माग पनि सतहमा देखा परेको माग हो। तर लिम्बुवानले आफ्नो छुट्टै स्वशासनको माग अघि बढाएको सन्दर्भमा भविश्यमा समेत किरात राज्यको सम्भावना बाँकी नै रहेकाले त्यस सम्भावनालाई पनि उपयोग गर्नका लागि किरात स्वशासित खम्बुवान राज्य आवश्यक र अपरिहार्य रहेको छ।

माथि मोटामोटी रूपमा मात्र औचित्य टिपोट गर्ने काम गरिएको छ। यसका अलावा खम्बुवान राज्य बन्दा किरात समुदायमा बढ्ने आत्म गौरबको लेखाजोखा गर्नै सकिन्न। यो अतुलनीय छ। गौरबबोध बोकेका जनतामात्र देश रक्षा र विकास गर्न सक्षम बन्ने पक्का छ। त्यसैले जनताको गौरबबोधका लागि पनि खम्बुवान राज्य जरूरी छ।

यी बाहेक अन्य धेरै कुराहरू यस क्षेत्रका जनता तथा विज्ञहरूसागको छलफल गरेपछि प्राप्त हुनेनैछ। यसका लागि व्यापक छलफल र बहस सञ्चालन गर्न ढिलाइ गर्न हुन्न। अब हामी किरात स्वशासित खम्बुवान राज्य नै किन भन्ने बारेमा समेत छोटा छलफल गरौं।

## किराँत स्वशासित "खम्बुवान' राज्य नै किन ?

खम्वुवान राज्यको माग उठिरहेको बेला यससाग सान्दर्भिक छलफलमा रहेका केही विवादास्पद प्रसंगहरूको पनि चर्चा गर्नु उपयुक्त हुन्छ। खासगरी केही जातीय/सामाजिक संगठनहरूले समग्र पूर्वाञ्चलको किरात बसोबासको क्षेत्रलाई लिएर किरात प्रदेश बनाउनु पर्दछ भन्ने माग पनि गरिरहेका छन्। यो माग नाजायज माग हो भन्न नसकिएला। यदि वहाहरूले भने जस्तै किरात प्रदेश बन्यो भने श्रोत साधनको प्रचुरता पनि होला र त्यसले विकासलाई सजिलो पनि पार्ला। तर, यहाँ विचारणीय कुरा के छ भने ऐतिहासिक रूपमा छुट्टै विशिष्ठ चिनारी बोकेको लिम्बुवानले लिम्बुवान प्रदेशको स्वशासनको माग गरिरहेको छ। लिम्बुवान क्षेत्रका सबै लिम्बु सामुदायिक संघ संस्था लगायत त्यससाग सरोकार राख्ने शक्ति तथा व्यक्तिले आज लिम्बुवानको मागमा समर्थन गरिरहेका छन्। स्वशासित लिम्बुवान प्रदेशको मागले निकै उचाइ प्राप्त गरिसकेको छ। यो मागलाई अलिकति मात्रै पनि हामी अन्य प्रदेशमा बसोबास गर्ने किरातहरूले पनि समर्थन गरेको खण्डमा स्वशासित लिम्बुवान राज्य असम्भव कुरा र हेन। त्यसैले हामीले आम लिम्बुवान बासीको साझा माग बनेको लिम्बुवानको स्वशासनको मागलाई समर्थन गर्नै पर्दछ। यस्तो अवस्थामा ती सबै क्षेत्रलाई लिएर किरात राज्य स्थापना गर्ने र सबैलाई त्यसैभित्र बस्न बाध्य तुल्याउने भन्ने कुरा न्यायसंगत पनि छैन र सकिन्न पनि। लिम्बुवानको माग गर्नेहरूका पनि बलशाली तर्क रहेका छन् त्यसलाई सोझै नकार्न सकिन्न।

खासगरी सबै पूर्वाञ्चलको किरातहरूको ऐतिहासिक बसोबासको थलोलाई किरात प्रदेश बनाउनु पर्दछ भन्ने माग राई समुदायबाट उठेको देखिन्छ। त्यसमा राईहरूलाई सजिलो पनि होला किनभने ऐतिहासिक लिम्बुवान क्षेत्रका इलाम, धनकुटा जस्ता कतिपय जिल्लामा लिम्बुहरूको भन्दा राईहरूको जनसंख्या बढी नै छ र सबै किरात प्रदेश भयो भने र राई, लिम्बु, सुनुवार र याक्खा (जसले आफूलाई किरात स्वीकार गर्दछन्) को स्वशासन भयो भने राईहरूको जनसांख्यिक अग्रतालाई उपयोग गर्न सकिएला। तर, जुन भु-भागको आदिवासी हो त्यसैले आफ्नो छुट्टै पहिचान र अस्तित्वको दावा गरेर बेग्लै प्रदेशको माग गरिसके पछि उसलाई बाध्य पारेर तिमी यो प्रदेशमा बस्नै पर्दछ भन्नु सामन्तवादको अर्को स्वरूप बाहेक अर्थोक केही पनि हूदैन। हामी आदिवासी जनजातिहरू जातीय आत्मनिर्णयको अधिकारका पक्षपाति हौं र सबै जातिलाई आत्मनिर्णयको अधिकार छ भन्छौ भने लिम्बुवानवासी र लिम्बुहरूले माग गरिरहेको लिम्बुवानको विपक्षमा उभिन कदापि मिल्दैन। आत्मनिर्णयको अधिकार छ, उनीहरूलाई लिम्बुवान स्वशासनको माग गर्ने। बरू उनीहरूले इतिहासमा टेकेर लिम्बुवानको माग गर्दा हामीले स्वत: खम्बुवानको माग गर्नु पर्दछ। यसरी हामीले लिम्बुवानको मागलाई समर्थन गऱ्यौं भने लिम्बुवानले पनि खम्बुवानको मागलाई समर्थन गर्ने सहज वातावरण बन्दछ र संयुक्त आन्दोलन उठाउन सहज परिस्थिति सिर्जना हुन्छ। यस्तो बेलामा मात्र हामी हाम्रो स्वशासन प्राप्त गर्न सक्तछौं।

लिम्बुवानलाई छाडेर बाँकी किरात बसोबास गर्ने प्रदेशलाई मात्र भए पनि किरात प्रदेश भनेर किरात स्वशासित प्रदेशको माग गर्नु पर्दछ भन्ने पनि एक थरी राय छ। यो आफैमा खतरनाक र गर्नै नहुने माग हो। यसले किरात भनेर आफूलाई स्वीकार गरेका राई, लिम्बु, याक्खा र सुनुवार भित्र फाटो पार्ने काम गर्दछ। समग्र लिम्बुवानलाई छाडेर किरात अधुरो हुन्छ। लिम्बुवानलाई छाडेर बाँकीलाई मात्र किरातहरूको भूमि भनियो भने यसले लिम्बुवान अर्थात पल्लो किरातलाई बाहेक गर्दछ र लिम्बुलाई किराती भन्दा बाहिर बुघ्नु पर्ने अवस्थाको सिर्जना गर्दछ। यसले ऐतिहासिक रूपमा रहेको किरातीको चिनारीलाई नै संकटमा पारिदिन्छ। त्यसका अलावा किरात भन्नाले भूमिभन्दा पनि बढी सभ्यता र संस्कृति नै बुझिन्छ। भूमि बुझाउने ऐतिहासिक शब्द भनेको खम्बुवान र लिम्बुवान नै हो। त्यसैले भूमि बुझाउने खम्बुवान नै अहिले हाम्रो स्वशासित राज्यको माग हुनु पर्दछ।

लिम्बुवान र खम्बुवान दुई किरात राज्यहरूको मागलाई हाराहारीमा उठाएर आन्दोलन गर्न सकियो भने मात्र यो प्राप्त हुनेवाला छ। लिम्बुवान र खम्बुवानको माग गरिरहेको बेला लिम्बुवानले सांकेतिक र भावनात्मक रूपमा लिम्बुको र खम्बुवान भन्नाले खम्बु अर्थात राईको मात्र प्रतिनिधित्व गरेकाले लिम्बुवानभित्र बसोबास गर्ने गैर लिम्बु किरातहरू र खम्बुवानभित्र बसोबास गर्ने गैर राई किरातहरूको मन खुम्चिएको वा वहाहरूमा गुनासो रहेको पनि देखिन्छ। त्यसको पनि समाधान गर्न सकिन्छ। लिम्बुवान र खम्बुवान दुवै राज्यहरू किरात स्वशासित राज्यका रूपमा परिभाषित गरियो भने यसले किरात समुदायको एकता र स्वशासनको मागलाई धेरै नै माथि उठाउन मद्दत गर्नेछ। त्यसो भएको खण्डमा इलाममा बसोबास गर्ने राईहरूले समेत अहिलेको भन्दा दश दोब्बर सकृय भएर लिम्बुवानको माग गर्न थाल्नेछ भने खम्बुवानमा बसोबास गर्ने याक्खा, सुनुवार लगायतका किरातहरूले खम्बुवानको मागलाई आफ्नै माग ठान्नेछन्। त्यसैले अहिले हामीले किरात स्वशासित खम्बुवान राज्यको लागि संगठित हुने, संघर्ष गर्ने बेला हो। त्यसैमा हामी सबैको ध्यान केन्द्रित हुनु पर्दछ। समाप्त

पूर्वाञ्चलमा किरात स्वशासित २ राज्यहरूको स्थापना अहिले भएपनि कालान्तरमा त्यो एक किरात राज्यमा विकसित हुन सक्दछ। किनभने संघीय राज्य निर्माणको अहिले त प्रारम्भिक चरण हो। यो अहिले नै समाप्त हुँदैन। यसले प्रदेशहरू टुक्रिने, जोडिने क्रमलाई तत्काले रोक्दैन। त्यसैले अहिले हामी समझदारीका साथ २ वटा प्रदेश स्थापना गर्न सफल भयौं भने भोलि ती दुवै प्रदेशलाई एक बनाएर किरात प्रदेशको पनि स्थापना गर्न सक्दछौं। त्यो बाटो हामीलाई खुला नै रहन्छ। अहिले लिम्बुवानको दिल दुखाएर किरात प्रदेश भनेर हामीले बढी नै जोड गऱ्यौ भने त्यसले हामी बीचमा कहिल्यै नपुरिने खाल्डो पनि पर्न सक्दछ, त्यतातिरपनि ध्यान दिनै पर्दछ।

जहाँसम्म किरात स्वशासित खम्बुवान प्रदेशको सिमानाको कुरा छ, त्यसलाई बैज्ञानिक तवरले रेखांकित गर्नु पर्दछ। जातीय बसोबासको अविच्छिन्नता, भुगोलको अनुकुलता, प्राकृतिक साधनको समानुपातिक वितरण जस्ता कुराहरूलाई आधार बनाएर सिमाना निर्धारण गरिनु पर्दछ। सिमाका विषयमा विवाद अवश्य आउनेछ। त्यसबेला सिमाना क्षेत्रमा बसोबास गर्ने जनताको रायलाई प्राथमिकता दिनु पर्दछ। हामीले के बुझ्नु जरूरी छ भने हामी इतिहासलाई सन्दर्भमा लिएर जातीय/प्रादेशिक स्वशासनका आधारमा राज्यको नयाँ संघीय संरचना निर्माण गर्न गइरहेका छौं। तर, हामी इतिहासमा विद्यमान २२से २४से राज्यको पुनर्स्थापन गर्न भने गइरहेका छैनौं। त्यसैले इतिहासको कुनै कालखण्डमा कुनै भू-भाग खम्बुवानमा थियो भनेर आज कुनै बहस छलफल बेगर र त्यस क्षेत्रमा बसोबास गर्ने जनताको इच्छा बेगर तिमीहरू खम्बुवानमा नै वस्नु पर्दछ भन्यौ भने त्यो अर्को राजतन्त्र हुन्छ र राजतन्त्रले भने जस्तो "तिमीहरू मेरा रैती हौ त्यसैले मेरो मातहत बस्नै पर्दछ" भन्नुसाग हाम्रो दावी कुनै पनि मानेमा फरक हुने छैन। त्यस बेला सिमा क्षेत्रका जनताको निर्णयलाई सबैले स्वीकार गर्नुपर्दछ। बसोबासको सघनतालाई हेर्दा हालको धनकुटा जिल्लाको पश्चिमी राई बहुल क्षेत्र, सुनसरी जिल्लाको पश्चिमी रई बहुल क्षेत्र, सखुवासभाको पश्चिम उत्तरी राई, याक्खा बसोबासको क्षेत्र, भोजपुर, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, उदयपुर र रामेछापको सुनुवार बसोबासको पूर्वी क्षेत्रलाई लिएर खम्बुवान राज्य स्थापना गर्नु पर्ने देखिन्छ। यो सामान्य प्रस्ताव हो। यसमा छलफल बहस गरेर हामी निष्कर्षमा पुग्नै पर्दछ। राज्यलाई जातीय/प्रादेशिक स्वशासनका आधारमा राज्यको संघीय रचना गर्नु पर्दछ भनेर स्वीकार गर्न लगाउनु ठुलो कुरा हो सिमानाको कुरा त्यसका सामुन्ने त्यति ठुलो होइन। त्यसैले अहिले हामीले राज्यलाई आत्मनिर्णयको अधिकार र स्वशासनका बारेमा प्रष्ट नीति अख्तियार गर्न र जातीय प्रादेशिक स्वशासनलाई स्वीकार गर्न लगाउनका लागि खम्बुवान आन्दोलनलाई बुलन्द गर्नु पर्दछ। यसका लागि अब अलमल गर्नै हुन्न।

***नोटः यस लेखमा व्यक्त विचार संस्थाको आधिकारीक धारणा नभई लेखकको व्यक्तिगत विचार रहेको जानकारी अनुरोध छ।***

***-सम्पादक***

# दुमी सर्बनाम र क्रियाका तुलनात्मक अध्ययन बाक्सिला हल्खुम् र माक्पा नोरोङ



तेजमाया दुमीराई

दुमीराईहरू नेपालको विभिन्न ठाँउ तथा प्रवासमा छरिएर रहे पनि दुमीहरूको सघन बस्ती पूर्वी खोटाङ जिल्लाको रावाखोला र तापखोला वरिपरिको गाऊ जाल्पा, खार्मी, सप्तेश्वर बाक्सिला र माक्पा गा.वि.स.मा मुख्य रूपमा रहेको छ ।

यी गाऊहरूमा दुमीराईहरूको घना बस्ती भए पनि दुमी भाषा बोल्ने भाषीहरू माक्पा क्षेत्र औसतमा बढी भेटिन्छन् भने अन्य क्षेत्रमा अत्यन्तै न्यून रहेको छ। यो दुमी रदुचुपो तितो यथार्थ हो । मातृभाषा विकासको निम्ति अब पनि जुट्ने हो कि होइन गहन बिषय बनेको छ। किनकि ***"मातृ, मातृभाषा अनि मातृभूमि"*** स्वर्ग भन्दा पनि महान हुन्छ ।

विगतका शासकहरूले थोपरेको 'एक धर्म एक देश, एक भाषा एक भेष' को नीतिले गर्दा आफ्नो भाषा, धर्म, संस्कृति परम्परालाई संरक्षण र सम्वर्द्धन गर्न प्रतिकूल अवस्था रहेपनि अव देश संघिय लोकतान्त्रिक गणतन्त्रमा प्रबेश गर्न लाग्दा हामीले यी कुराहरूप्रति सचेत भई पहलकदमी गरी हाल्नु पर्ने वर्तमानको आवश्यकता हो ।

वस्तुतः विश्वको सम्पूर्ण भाषाहरुमा क्षेत्रगत भिन्नता पाईन्छ । यसलाई भाषाका विशेषता मान्न सकिन्छ। यसै अन्तर्गत दुमी भाषा माक्पा नोरुङ गाँउ र बाक्सिला हल्खुम् भित्र बोलिने दुमी सर्वनाम र क्रियाका केहि ढाँचालाई तुलनात्मक रुपमा प्रस्तुत गर्ने प्रयास गरिएका छ ।

**<u>बाक्सिला हल्खुम्</u>**

**दुमी सर्बनाम**

१. अङ्- (म) प्रथम पुरूष एकबचन ।
२. इन्चि- (हामीदुई) प्रथम पुरूष द्विवचन(समावेसी)
३. अन्चु -(हाम्दुई) प्रथम पुरूष द्विवचन (असमावेसी)
४ इङ्कि- (हामी) प्रथम पुरूष बहुवचन (समावेसी)
५. अङ्कु- (हामी) प्रथम पुरुष बहुवचन (असमावेसी)
६. आन्/आनि- तँ/तिमी
७. आन्चि- तिमीदुई
८. आन्नि/आन्निमु-तिमीहरू
९. उम् - ऊ
१०. उन्चि- उन्दुई
११. उन्नि/उन्निमु-उनिहरू

**<u>माक्पा नोरोङ</u>**

दुमी सर्वनाम

१. आङु- (म) प्रथम पुरूष एक बचन
२. इन्चि- (हामीदुई) प्रथम पुरूष द्विवचन (समावेसी)
३. उन्चु -(हाम्दुई) प्रथम पुरूष द्विवचन असमावेसी
४ इङ्कि- (हामी) प्रथम पुरूष बहुवचन (समावेसी)
५. उङ्कु- (हामी) प्रथम पुरुष बहुवचन (असमावेसी)
६. आनि/आन्- (तिमी)
७. आन्चि- (तिमीदुई)
८. आनिमु- (तिमीहरू)
९. उम् - (ऊ)
१०. उनचि- (उन्दुई)
११. उन्निमु-(उनिहरू)

**दुमी क्रियाका रुपहरु(बाक्सिला)**

**वर्तमान काल**

१. अङ जा जाइत । (म भात खान्छु)
२. इन्चि जा जुति । (हामीदुई भात खान्छौ)-समावेसी
३. अन्चु जा जुतु । (हाम्दुई भात खान्छौ)-असमावेसी
४. इङ्कि जा जुक्ति । (हामी भात खान्छौ)-समावेसी
५. अङ्कु जा जुक्तु । (हामी भात खान्छौ)-असमावेसी
६. आन् जा आजुता । (तिमी भात खान्छौ)
७. आन्चि जा आजुति । (तिम्दुई भात खान्छौ)
८. आन्नि जा आजुतिनि । (तिमीहरू भात खान्छौ)
९. उम्आ जा जुता । (उस्ले भात खान्छ)
१०. उन्चिआ जा जुस्ति । (उन्दुई भात खान्छन्)
११. उन्निआ जा जुतिनि (उनिहरू भात खान्छन्)

**दुमी क्रियाका रुपहरु (माक्पा)**

**वर्तमान काल**

१. आङ् जा जङ्तो । (म भात खान्छु)
२. इन्चि जा जुति । (हामीदुई भात खान्छौ)-समावेसी
३. उन्चु जा जुतु । (हाम्दुई भात खान्छौ)-असमावेसी
४. इङ्कि जा जुक्ति । (हामी भात खान्छौ)-समावेसी
५. उङ्कु जा जुक्ता । (हामी भात खान्छौ)-असमावेसी
६. आनि जा आजुता । (तिमी भात खान्छौ)
७. आन्चि जा आजुति । (तिम्दुई भात खान्छौ)
८. आन्नि जा आजोतानि । (तिमीहरू भात खान्छौ)
९. उम्आ जा जुता/जिता । (उस्ले भात खान्छ)
१०. उन्चिआ जा जुतासि । (उन्दुई भात खान्छन्)
११. उन्निआ जा जुतानि (उनिहरू भात खान्छन्)

**दुमी क्रियाका रुपहरु(बाक्सिला)**

**भूतकाल**

१. अङ्आ जा जाङ् । (मैले भात खाएं)
२. इन्चिआ जा जुइ । (हामीदुइले भात खायौं)-समावेसी
३. अन्चुआ जा जुयु । (हाम्दुइले भात खायौं)-असमावेसी
४ इङ्किआ जा जुक्कि । (हामीले भात खायौ)-समावेसी
५. अङ्कुआ जा जुक्कु । (हामीले भात खायौं)-असमावेसी
६. आन्आ जा आजु । (तिमीले भात खायौं)
७. आन्चिआ जा आजुइ । (तिम्दुइले भात खायौं)
८. आन्निआ जा आजोनि । (तिमीहरूले भात खायौं)
९. उम्आ जा जु । (उसले भात खायो)
१०. उन्चिआ जा जुसि । (उन्दुइले भात खायो)
११. उन्निआ जा जुनि । (उनिहरूले भात खाए)

**दुमी क्रियाका रुपहरु (माक्पा)**

**भूतकाल**

१. आङ्आ जा जङ् । (मैले भात खाएं)
२. इन्चिआ जा जुयि । (हामीदुइले भात खायौं)-समावेसी
३. उन्चुआ जा जुयु । (हाम्दुइले भात खायौं)-असमावेसी
४. इङ्किआ जा जुक्कि । (हामीले भात खायौ)-समावेस
५. उङ्कुआ जा जुक्कु । (हामीले भात खायौं)-असमावेसी
६. आनिआ जा आजि । (तिमीले भात खायौं)
७. आन्चिआ जा आजुयि । (तिम्दइले भात खायौं)
८. आन्निआ जा आजोनि । (तिमीहरूले भात खायौं)
९. उम्आ जा जु/जि । (उसले भात खायो)
१०. उन्चिआ जा जुसि/जिसि । (उन्दुइले भात खायो)
११. उन्निआ जा जुनि/जिनि । (उनिहरूले भात खाएं)

**म रुन्छु**

**वर्तमान काल**

| | |
|---|---|
| १. म रून्छु । | अङ् डुक्त । |
| २. हामीदुई रून्छौ । | इन्चि डुक्ति । |
| ३. हाम्दुई रून्छौ । | अन्चु डुक्तु । |
| ४ हामी रून्छौ । | इङ्कि डुक्ति । |
| ५. हामी रून्छौ । | अङ्कु डुकता । |
| ६. तिमी रून्छौ । | आन् आडुकता । |
| ७. तिम्दुई रून्छौ । | आन्चि आडुकति । |
| ८. तिमीहरू रून्छौ । | आन्नि आडुक्तिनि । |
| ९. उ रून्छ । | उम् डुकता । |
| १०.उन्दुई रून्छन् । | उन्चि डुकति । |
| ११.उनिहरू रून्छन् । | उन्नि हाम्डुकता । |

**म रोए**

**भुतकाल**

| | |
|---|---|
| १. म रोएँ । | अङ डुख । |
| २. हामीदुई रोयौं । | इन्चि डुखि । |
| ३. हाम्दुई रोयौं । | अनचु डुखु । |
| ४. हामी रोयौं । | इङ्कि डुककि । |
| ५. हामी रोयौं । | अङ्कु डुकखु । |
| ६. तिमी रोयौ । | आन् आडुखा । |
| ७. तिम्दुई रोयौ । | आन्चि आडुकखि । |
| ८. तिमीहरू रोयौ । | आन्नि आडुकखिनि । |
| ९. उ रोयो । | उम् डुखा । |
| १०.उन्दुई रोए । | उनचि डुकखि । |
| ११.उनिहरू रोए । | उन्नि हाम्डुखिनि । |

# राज्य पुन: संरचनाको सन्दर्भमा, जातीय स्वायत्तताको प्रश्न


प्रकाश राई

**विषय प्रवेश :**

नेपाल राज्य करीब यसको आधुनिक इतिहासको सुरूवातसँगै भण्डै २४० वर्षसम्म एक जाती, एक भाषी, एक धार्मिक र एक क्षेत्रको सामन्ति अति केन्द्रिकृत एकात्मक राज्यको रूपमा रह्यो। यो नेपालको सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक जातीय र भौगोलिक यथार्थको फरक मात्र हैन विपरित थियो । त्यसैले राज्यमा नेपालको यथार्थ र वास्ताविक अनुहार भल्कन सकेन। यो एकदमै एकांकी र एकपक्षीय बन्यो । यो एकांकी एकपक्षीय र पक्षपाती र ाज्यले नेपालको वास्ताविक यथार्थलाई प्रतिनिधित्व गर्न नसकेपछि मूलत: नेपालका भूमिपुत्र आदिबासी जनजातिहरु राज्यका हरेक अंग र निकायहरुबाट घचेडिंदै डिलमा पुग्न बाध्य भए राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै रूपले सिमान्तकृत अवस्थामा पुगे। यो सबै प्रक्रियाले उनीहरुलाई अधिकारको क्षेत्रमा मात्रै अधिकारविहिन बनाएन बरू पहिचानको डरलाग्दो संकटमा पनि फसाइदियो। यी सबैको केन्द्रमा हिजोको नेपालको अति केन्द्रिकृत सामन्ति खस अंहकारीवादी राज्य सत्ता थियो ।

तर, २०६२/६३ को संसारलाई चकित तुल्याउनें जनआन्दोलनले नेपालको त्यो पूरानो राज्य सत्तालाई कहिल्यै फर्कन नसक्नेगरी चिहानमा पुरिदियो र नयाँ समावेसी, समानुपातिक र समतामूलक राज्यको सिर्जना गर्ने उद्‌घोष गऱ्यो । नेपालको आजसम्मको इतिहासमा यो सबैभन्दा गौरवशाली र ऐतिहासिक घटना हो । अहिले नेपाल त्यही जनआन्दोलनको राप-ताप र प्रकाशमा नयाँ नेपाल निर्माण गर्ने प्रक्रियाबाट गुज्रिरहेको यथार्थ हाम्रो सामु जिउँदै उभिएको छँदैछ। यही सन्दर्भमा नयाँ नेपालको संरचना कुन रूपमा संरचित हुनुपर्दछ भन्ने सन्दर्भमा विभिन्न कोठाहरुबाट विचारहरु प्रभावित भइरहेका छन्। जुन अत्यन्त स्वभाविक पनि हो। सवैधानिक रूपमा नेपाल संघीय राज्य संरचनामा रूपान्तरित हुनुपर्दछ भनी लिपिबद्ध भइसके पनि संघीय स्वरूपका आधारहरु के हुने ? कति हुने ? भन्ने जस्ता बहसहरु सकारात्मक ढंगले अघि बढिरहेको छ। तर अभै पनि यो बहस जुन स्तरमा घनिभूत रूपले अघि बढ्नु पर्दथ्यो । त्यो चाहिं बढ्न नसकिरहेको यथार्थ पनि हाम्रो सामू छर्लङ्ग नै छ । तर, यी सबै कुरा हुँदाहुँदै पनि एउटा सकारात्मक र सबैले स्वीकार गरिएको कुरा चाहिं के छ भने-अब नेपाल राज्य हिजोको संरचना अनुरूप चल्न सक्दैन । हिजोका संरचना एकात्मक थियो, सामन्ती थियो, पक्षपाती थियो र नेपालको जातीय, भाषिक, धार्मिक, सांस्कृतिक याथार्थलाई समेट्न सकेको थिएन । त्यसैले यसको पुन: संरचना जरूरी छ। यो पुन: संरचना, प्रगतिशील, अग्रगामी, समानुपातिक र न्यायपूर्ण हुनै पर्दछ ।

**राज्य पुन: संरचनाको सन्दर्भमा जनजातिहरूको दृष्टिकोण :**

नेपालका आदिबासी जनजातिहरुको २४० वर्षे लामो सामन्ती खस अहंकारवादी राज्यसत्ताद्वारा सबैभन्दा पीडित मध्येको एक हो। यही कारणले नेपालका आदिबासी जनजातिहरु राजनैतिक रूपमा अधिकार विहिन, आर्थिक रूपमा विपन्न, सामाजिक सांस्कृतिक रूपमा सिमान्तकृत र मनोवैज्ञानिक रूपमा पराजित अवस्थामा पुग्यो । त्यसैले राज्यको पुन:संरचना आदिबासी जनजातिहरुका लागि सर्वाधिक महत्वको विषय भएको छ ।

हिजोको सामन्ति एकात्मक राज्यको संरचनामा तलको उपस्थितीले राज्यको चरित्र प्रष्ट पार्दछ ।

## शासन प्रशासनमा प्रतिनिधित्व सन् १९९९

| क्र.सं. | संस्थाहरू | पहाडे उच्च जात | नेवार | मधेसी | पहाडे जनजाति | दलित | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | संवैधानिक अंगहरुमा | १४ | ६ | ३ | २ | | २५ |
| २. | मन्त्रीपरिषदमा | २० | ३ | ५ | ४ | | ३२ |
| ३. | न्यायपालिकामा | १८१ | ३२ | १८ | ४ | | २३५ |
| ४ | व्यवस्थापिकामा | १५८ | २० | ४६ | ३६ | ४ | २६५ |
| ५. | निजामती प्रशासनमा | १९० | ४३ | ९ | ३ | | २४५ |
| ६. | राजनैतिक दलको नेतृत्वमा | ९७ | १८ | २६ | २५ | | १६६ |
| ७. | जिविस/सभापति/मेयरमा | १०६ | ३० | ३१ | २३ | | १९० |
| ८. | नागरिक समाजको नेतृत्वमा | ४१ | ८ | ४ | १ | | ५४ |
| | **कुल जम्मा** | ८०८ | ६० | १४२ | ९८ | ४ | २१२ |
| | हरेक ठाडो लहरको (क) % | ६६=६ | १३=२ | ११=७ | ८=१ | ०=३ | १०० |
| | कुल जनसंख्याको (ख) % | ३१=६ | ५=६ | ३०=९ | २२=२ | ८=७ | १०० |
| | क बाट ख घटाउँदा | + ३५.० | + ७.६ | - १९.२ | -१४.१ | -८.४ | - |

*श्रेष्ठ श्याम, संघीय राज्यको नयाँ संरचना, २०६५ नेपालमा संघीय राज्य प्रणालीको सम्भावित स्वरुप र संरचना*

यसै सन्दर्भमा नेपालका आदिबासी जनजातिहरुले आत्मनिर्णय र अग्राधिकार सहितको जातीय स्वायत्त राज्य प्रदेशको माग गरिरहेका छन् । सैद्धान्तिक रूपमा यो माग सबै आदिबासी जनजातिहरुको साझा माग भए पनि प्रदेशहरुको संख्याको विषयमा उनीहरुबीच एकमत भने पाइदैन । तर, आत्मनिर्णय र अग्राधिकार सहितको जातीय स्वायत्त राज्य प्रदेशको सैद्धान्तिक अवधारणामा एक रूपता भइसकेपछि अन्य कुराहरु स्वभाविक रूपमा गौण हुन्छन् । तर राज्य भने अहिलेसम्म पनि आम आदिबासी जनजातिहरुको यस मागप्रति पूर्व सकारात्मक देखिएको छैन । यस्तो अवस्थामा आम आदिबासी जनजातिहरुको एकिकृत र दबाबयुक्त मागले मात्र त्यो सम्भव देखिन्छ ।

### जातीय स्वायत्तताको माग र औचित्य :

अहिले नेपालका आदिबासी जनजातिहरुको माग मूलभूत रूपमा दुई वटा कुराहरुसँग अन्रसम्बन्धित छन्- एक अधिकारको मागसँग र पहिचानको लडाइसँग ।यी दुवै कुराको वरिपरिबाट जातीय स्वायत्तताको माग उठेको छ ।

मूलत: छोटो अर्थमा जातीय स्वायत्तताको राजनैतिक अर्थ कुनै पनि जातिका आदिम भूमिको वा घनत्वयुक्त भूमिको शासन अधिकार सम्बन्धित जातीलाई नै सुम्पनु भन्ने हुन्छ । यसको अर्थ केरि कुनै एक अमुक जाति वा जनजातिलाई मात्रै कुनै ठाउँको अधिकार पूर्व रूपमा सुम्पन्न भन्ने हुँदैन बरू आदि वा घनत्वयूक्त भूमिमा रहेका जो जातीहरु/जनजातिहरु छन् । उसलाई त्यहाँको राजनैतिक अधिकार वा शासन अधिकार दिनु र अन्य जाति/जनजातिहरुलाई उक्त क्षेत्रमा समावेशी समानुपातिक ढगले शासन अधिकारमा समाहित गरेर लैजानु भन्ने बुझ्नु पर्दछ । त्यसैले जातीय स्वायत्तता प्राप्त गर्ने जाति /जनजातिको मात्रै हक अधिकार सुरक्षित हुन्छ भन्ने होइन बरू यसले त त्यहाँ भएका सबै जाति/जनजातिहरुको हक अधिकारको ग्यारेन्टी गर्दछ ।

अहिले नेपालमा आदिबासी जनजातिहरुले गरेको माग जातीय स्वायत्तताको मात्र होइन । स्वायत्तताभित्र स्वायत्तताको माग हो । स्वायत्तताभित्र स्वायत्तताको माग भन्नु कुनै एक स्वायत्तता सघ/प्रदेशभित्र यदि कुनै इलाका वा गा.वि.स.मा अर्को कुनै जात/जातीको घनत्वयुक्त जनसंख्या भए उनीहरुले सम्बन्धित ठाउँमा उपस्वायत्तता प्राप्त गर्ने कुरा हो । जस्तै किरात प्रदेशमा शेर्पा उपस्वायत्त प्रदेश यो स्वायत्तताभित्र स्वायत्तताको सिद्धान्त आफैमा कुनै पनि जाति/जनजातिको स्वायत्तता इलाका सघभित्र अन्य जात/जनजातिहरुको अधिकार पनि पूर्व रूपमा ग्यारेन्टी होस् भन्नाका खातिर आएको हो ।

अहिले नेपालका आम आदिबासी जनजातिहरुले माग गरिरहेको यसैसँग जोडिएको अर्को कुरा हो । आत्मनिर्णयको अधिकार सहितको राजनैतिक अग्राधिकारको । आत्मनिर्णयको अधिकारको दुई पक्षहरु हुन्छन्-आन्तरिक र बाह्य आत्मनिर्णयको अधिकार लेनिनले रूसमा जातिहरुलाई ल्बतष्यल दिने अनि अनिवार्य अधिकारका रूपमा स्थापित गरेका हुन् । यस अनुसार कुनै पनि जातिले आफू त्यस देशमा हेपिएको, शोषित भएको र बस्न नसक्ने अवस्थामा आफ्नो छुट्टै राज्य स्थापना गर्छु भन्दा पाउने अधिकारसँग सम्बन्धित छ । अर्थात् यसलाई सिधा अर्थमा भन्दा छुट्टिएर स्वतन्त्र राज्य बनाउन पाउनेसम्मको अधिकार भनेर बुझ्नु पर्दछ भने आत्मनिर्णयको आन्तरिक अधिकार भनेको आफ्नो संघ/क्षेत्रमा आफूसँग सम्बन्धित जस्तै शिक्षा, संस्कृति, भाषा, धर्म लगायतका तमाम विषयहरुमा स्वतन्त्र रूपमा गर्न पाउनु पर्ने निर्णय अधिकार भन्ने बुझिन्छ । अर्थात् छुट्टिएर स्वतन्त्र राज्य निर्माण गर्न नपाउने तर अन्य आफूसँग सम्बन्धित निर्णयहरुचाहिं गर्न पाउने अधिकार भन्नै बुझिन्छ । तर यहाँ बुझ्नै पर्ने एउटा कुराचाहिं के हो भने लेनिनले बाह्य आत्मनिर्णयको अधिकार जाति ल्बतष्यल लाई दिने अधिकार भनेका छन् । नेपालका आदिबासी जनजातिहरु जाति ल्बतष्यल राष्ट्रका रूपमा विकसित भइसकेको छैनन् ।

नेपाल संयुक्त राष्ट्र संघको एक सदस्यको नाताले आदिवासी जनजाति अधिकार सम्बन्धि घोषणापत्रमा हस्ताक्षर गरिसकको र आइ.एल.ओ. महासन्धी १६९ लागु भइसकेको अहिलेको अवस्थामा नेपालका आदिबासी जनजातिहरुले संयुक्त राष्ट्रसंघको आदिबासी, जनजाति, अधिकार सम्बन्धी घोषणा पत्रका आधारमा आत्मनिर्णयको अधिकार प्राप्त गर्नु कानूनी अधिकार हो ।

अहिले नेपालका आदिबासी जनजातिहरु अधिकार र पहिचान दुवैको लागि लडिरहेको अवस्था छ । हिजोको केन्द्रित सामन्ती राज्यले खोसेको यी दुवै अधिकार प्राप्त नगरी नेपालका आदिबासी जनजातिहरुको मुक्ति आन्दोलन सफल हुन सक्दैन । त्यसैले जातीय स्वायत्तता अन्तर्गत आत्मनिर्णय र अग्राधिकारको अधिकार सुनिश्चित हुन जरूरी छ । यदि अग्राधिकारको अधिकार सुनिश्चित भएन भने फेरि पनि अर्को नाममा जनजातिहरु पहिलेकै अवस्थामा रहने कुरा निश्चित प्रायः छ र उनीहरुको जुन पहिचान प्राप्तिको लडाई छ, त्यो अधुरो रहन सक्छ । त्यसैले स्वायत्ततासँगै आत्मनिर्णय राजनैतिक अग्राधिकारको अधिकार सुनिश्चत हुन जरूरी छ । यदि यसो हुन सकेन भने हिजो जुन असमानता थियो त्यो रहिरहन्छ ।

**स्वायत्तता प्रदेश निर्माणका आधारहरू :**

निश्चित रूपमा स्वायत्त प्रदेशहरु निर्माण हुने हुँदा त्यसका निश्चित आधारहरु तय गर्नु पर्ने हुन्छ । अहिले संघ निर्माणका आधारहरुसँग पनि यो मुद्दा जोडिएको छ । संघ अर्थात् स्वायत्त प्रदेशहरु निर्माण गर्दाखेरि यदि हामीले हाम्रो समस्याको गाँठो फुकाउने आधारमा सोचेनौं भने संघीय राज्यले हामीले जुन कुराको अन्त्य गर्छ भनिरहेका छौं, त्यो सम्भव हुँदैन । त्यसैले यो अर्को सर्वाधिक महत्वको विषय हो ।

अन्तर्राष्ट्रिय तहको अनुभव र हाम्रो आवश्यकतालाई दृष्टिगत गर्दा नेपालको सन्दर्भमा संघ वा स्वायत्तता प्रदेश निर्माण गर्ने निश्चित आधारहरु हुनुपर्दछ । ती हुन्- (१) आदिम भूमि- जोसंग प्रत्येक जाति/जनजातिहरुको इतिहास, संस्कृति र मनोविज्ञान जोडिएको हुन्छ । (२) सघन बसोबास (३) प्राकृतिक स्रोत साधनको उपलब्धता (४) प्रशासनिक अनुकूलता र (५) अन्य संघ सञ्चालन गर्ने पूर्वाधारहरु ।

यदि यी आधारहरुमा आधारित भएर स्वायत्त संघहरुको संरचना निर्माण गरियो भने आजसम्मको नेपालका आदिबासी जनजातिहरुले भोग्दै आएका तमामखाले समस्याहरुको वैज्ञानिक हल हुन सक्दछ ।

यहाँ आदिबासी जनजातिहरुले नबुझी नहुने कुरा के रहन्छ भने हामीले अहिले माग गरिरहेका जुन अधिकारहरु छन्, त्यो अत्यन्त अल्पसंख्यकहरु (Minority) ले प्राप्त गर्न नसक्ने अधिकारहरु पनि हुन सक्दछ । त्यसैले अहिले हामीले हिजोकै धङ्धङ्गीसहितको राज्यसत्तासँग लडिरहेको अवस्थामा मागहरु उठान गर्दा सचेततापूर्वक उठाउनु पर्ने जरूरत छ । यदि हामी माग गर्नेहरुबीच नै एकता हुन सकेन भने फेरि पनि राज्यसत्ताले हामीलाई फुटाउ र राज्य गर को नीति अन्तरगत राज्य गर्नेछ । यसरी हेर्दा अहिले कताकता सांस्कृतिक जातीय स्वायत्तता अन्तरगतका माग र आन्दोलनहरु उठिरहेका छन् । त्यो गलत छ । त्यसले

नेपालको आदिवासी जनजातिको मुक्ति अन्दोलनलाई योगदान हैन क्षति पुर्‍याउँछ । हामी सबै यसबाट सचेत र हन जरूरी छ ।

**निश्कर्ष :**

अहिले नेपाल राज्य पुन:संरचनाको प्रक्रियामा छ । विगतको अति केन्द्रिकृत एकात्मक र खस अहंकारवादी राज्य समावेशी, समानुपातिक र न्यायपूर्ण बन्ने क्रममा छ । यसलाई राजनैतिक रूपले संक्रमणकाल भनिएको छ । यो अवस्था तरल अवस्था पनि हो । निश्चित रूपमा यसबेला सबैले आ-आफ्नो अधिकारहरु सुनिश्चित गर्ने प्रयास गर्नेछन् । र, कतिपय कुतत्वहरुले आफ्नो निहित स्वार्थ पूर्तिका लागि प्रयासहरु पनि गर्नेछ । यथास्थितिवादीहरु अझ पनि राज्यलाई यथास्थितिमा राख्नका लागि हर प्रकारको प्रयत्न गर्नेछन् भने अग्रगामी र प्रगतिशीलहरु राज्यलाई प्रगतिशील र अग्रगामी दिशामा लैजाने प्रयत्न गर्नेछन् । अहिलेको रस्साकस्सी यहीनेर छ ।

यस्तो बेलामा नेपालका आदिबासी जनजातिहरु जो सयौं वर्षदेखि अधिकारविहीन अवस्थाबाट गुज्रदै आए, आफ्नै भूमिमा शरणार्थी बन्दै आए, तिनीहरूले आफ्नो मुक्ति आन्दोलनका लागि फलामे एकता सहित अघि बढ्नु जरूरी छ । यसका लागि वैज्ञानिक र यथार्थ मागसहित आफूभित्रै हुनसक्ने भड्काव प्रति पनि सचेत हुँदै अघि बढ्नु जरूरी छ । नेपालका आदिबासी जनजातिहरुको मुक्ति आत्मनिर्णय र अग्राधिकार सहितको जातीय स्वायत्तताले मात्र गर्न सक्छ भन्ने कुरालाई मनन् गर्दै त्यसै प्रति अर्जुनदृष्टि लगाउँदै र सांस्कृतिक जातीय स्वायत्तताको माग जुन सम्भव छैन, प्रति सचेत हुँदै अघि बढ्नु पर्दछ । हामी महान सम्भावनाको संघारमा छौं ।


विजया दशमी
तथा दिपावली २०६५ को
सुखद उपलक्ष्यमा देश विदेशमा रहनु
भएका समस्त शुभेच्छुकहरु एवं
ईष्टमित्रहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

नील गगन बहुउद्धेश्यीय सहकारी संस्था लि.
सुकेधारा, काठमाडौं
फोन: ४६५०२५०

विजया दशमी
तथा दिपावली २०६५ को
सुखद उपलक्ष्यमा देश विदेशमा रहनु
भएका समस्त शुभेच्छुकहरु एवं
ईष्टमित्रहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

जनमुक्ति मल्टिपर्पोज को-अपरेटिभ लि.
सुकेधारा, काठमाडौं
फोन: ४३७४५३२, ४३७८६२१

विजया दशमी
तथा दिपावली २०६५ को

सुखद उपलक्ष्यमा देश विदेशमा रहनु भएका समस्त शुभेच्छुकहरु एवं ईष्टमित्रहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गोरखा मीलेनियम ब. सहकारी संस्था लि.
नयाँ बानेश्वर, शान्तिनगर गेट, काठमाडौं, नेपाल
फोन: ४४६२८४४/४४८५१३७, फ्याक्स: ४४८४५५०

Wish You Happy Vijaya Dashamai & Tihar 2008

विजया दशमी
र तिहारको शुभकामना ।

DIDI BAHINI OFFSET PRESS
PRIVATE LIMITED
Anamngar, Kathmandu
Tel: 2102511, 4222803

PRESS POST PRESS SERVICES:
**Didi Bahini Offset Press** is an organization of like minded professional. It has a broad spectrum of share holders with deceade, long experience and contributes in their rspective fields.
**Didi Bahini Offset Press** has modern printing machines prompt relable and profesional services.

विजया दशमी
तथा दिपावली २०६५ को

सुखद उपलक्ष्यमा देश विदेशमा रहनु भएका समस्त शुभेच्छुकहरु एवं ईष्टमित्रहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शम्भु छाचुङ दुमीराई
लगनखेल

विजया दशमी
तथा
दिपावली २०६५ को

सुखद उपलक्ष्यमा देश विदेशमा रहनु भएका समस्त शुभेच्छुकहरु एवं ईष्टमित्रहरुमा हार्दिक मंगलमय शुभकामना ।

खोटाङ विकास मञ्च
ढोलाहिटी, ललितपुर
फोन: ९८५१०५३१९६

# दुःमि भाषाको आत्मकथा

- मिक्सि रदु हलक्सु



अन्त्यमा सन्त्य मिलाइकन गाऊंघरमा दन्त्यकथा सुन्ने सुनाउने चलन उबेलादेखिको पूर्ख्यौली रेवश नै हो । मानौ, फुर्सदको बेलामा सबै पुस्ताका परिवारजन वीच धक फुकाउने र मन बुझाउने अझ भनौ नजिक्याउने मेसो बन्छ त्यो । अझ मातृभाषामा गरिने प्रस्तुतिले झनै मिठास र मौलिकता थप्ने त भयो नै । किन्तु हिजोसम्म त्यसरी भन्दै र सुनाउदै ल्याइएका ती लोककथाहरू, जनश्रुतिहरू अनि प्राण जतिकै प्यारो जनजिब्रोमै जडित् लोलिबोलि (मातृभाषा) अनायासै हाम्रा सामुबाटै दिनानुदिन बिरानो बन्दैछन् वा भनौ लोप हुदैछन् । जुन यथार्थबाट दुःमि मातृभाषा पनि अछुतो रहने कुरो भएन नै । चाहेर पनि यसलाई संरक्षण गर्ने प्रयासहरू अनायासै फित्तलो साबित हुदैछन् । उपयुक्त बिकल्पबारे सोँच्नुको अलाबा मुकदर्शक बनेर भएसम्मको दोष राज्यलाई थोपरी हामी कुशल व्याख्याता मात्र बन्न खोजिरहेछौं । असहज मान्दै नै भएपनि सत्य ओकल्नै पर्नेहुन्छ, दुःमिभाषा नै पनि लोपवान भाषाको दर्जामा दरिइसकेको छ । यो तितो यथार्थ सुन्न र सुनाउन पर्दा मातृभाषाप्रेमी दुःमि सन्तति कसको पो मन नकुँडिएला र ! खयर, मन मान्नु वा नमान्नु एउटा कुरो, नचाहेरै पनि भाषा लोप हुदैजानु बिडम्बनापूर्ण बेग्लै कुरो हो । जुन यथार्थ घाम जतिकै छलङ्ग छ ।

आँठे सवाल यो पनि उठ्न सक्छ, उसोभए फन्सिकिमको आजसम्मको गतिविधि दुमीभाषाको यही दयनीय अवस्थामा पुऱ्याउनैको लागि हो त ? अथवा यसरी मातृभाषाको लोप भैरहदा यस संस्थाले केहि पहल गर्न सकेन त ? हो, अवश्य नै पहलहरू भएका छन् र हुदैछन् पनि । चासो र चिन्ता हुदाहुदैपनि स्वीकार्नै पर्ने कटुअनुभव भनेको चाहिँ बेलैमा प्रक्रियागत वा विधिसम्मत ठोस कार्यक्रमहरू अघि ल्याउन सकिएन वा भनौ ढगै पुगेन । अनि मेसो पहिल्याउन जानिएन । जसको कारण भाषा संरक्षणको क्षेत्रमा केहि गर्न खोजे जस्तो देखिएतापनि गरिहाल्न भने सकिएको छैन आजसम्म पनि । नत दुःमि संस्कार संस्कृतिको जगेर्नातर्फ नै । मातृभाषाकै सन्दर्भमा दुःमिवृतबाटै यत्रतत्र सर्बत्र भाषिक जिज्ञासाहरू उठ्ने गरेका छन् । दुःमि शब्दकोश कहिलेसम्ममा तयार हुन्छ त ? लौन जानी नजानी भएपनि दुःमि बोल्न कोशिश गरौं, केहि गरी पनि आफ्नो मातृभाषा मर्नदिनु त भएन नि ! दुकिराफ यतिबेलासम्म पनि मौन बसिराख्या किन नि ? हामीलाई समय परिस्थितिले पछ्यार न र ? यसको अर्थ यो पनि होइन कि हामी यतिका एक दशक निधाएरै बस्यौं, बेहोसीमै दिन कटायौं । युगलाई नचिनेर समय खेर फाल्यौं । अहँ, कुरो त्यसो किन हुन्थ्यो र ! मेसो नबिराई बेलिबिस्तार नै लगाउन पर्दा नि कथा लामो बन्न सक्छ, दुःमीजनको आफ्नो कथा अझ भनौं, दुःमिभाषाको आत्मकथा ।

कथाको शुरूवात कताबाट गरौं, त्यो घोत्लिरहनै पर्दैन । नत कसैलाई सोधिरहन नै । किन्तु सुनाई भन्दा देखाई अनि देखाई भन्दा भोगाई बढी प्रभावशाली हुन्छ, अनि चीरस्मरणीय पनि । सारमा भन्नु पर्दा दुःमिहरूका पितृथली रावाखोला र तापखोलाको सेरोफेरोमा आधारित यो कथा यी तिनै अनुभूतिको आदर्श स्वरूप हो, समुच्च निष्कर्ष हो । सुप्तुलु, युङ्खुलु र दुङ्कुलुलाई क्रमशः परम्पितृ, ईष्टदेव र उद्गमस्थल वा भनौ यी तिनै पक्षलाई सत्कर्मको आधारशीला ठान्ने किरात सन्ततिहरू मध्येको दुमीराई समुदायको भाषा र संस्कारको उठान समेत यसै पवित्रस्थल (रावाखोला र तापखोलाको संगमस्थल) बाट भएको छ । कुरोको चुरो खोतल्दै जाँदा व्यक्ति विशेष वा एक्लो प्रयासमा मातृभाषाको खोजीनीति वा संरक्षणको काम उबेलादखि नै गर्न नखोजिएको त होइन नै । किन्तु बलिष्ठ शासकहरूका 'एक राज्य एक भाषा'को एकाङ्गी

नीतिले घोक्रेठ्याक लगाइसकेपछि उपेक्षित किरात प्रदेशका हामी बबुरो किरात राई सन्ततिहरूले न सामुहिक रूपमा पहल गर्ने वातावरण नै बन्यो नत कुनै निर्दिष्ट लक्ष्य नै। पछिल्लो समयमा (तिथिमितिको हेक्का नरहेपनि) 'खाजाबासमा' यी पाँचै दु:मि सघन बसोबास क्षेत्रहरूबाट सचेत मातृभाषाप्रेमीहरू साझा संकल्प, गहिरो जिज्ञासा र दृढ विश्वासका साथ एकाबिहानै आ-आफ्ना घरबाट बाटो लागी समयमा नै गन्तव्य (रावा र तापखोलाको दोभान)मा एकैसाथ पुग्ने गर्दथे र दिनभर अन्तरक्रियाका साथ भाषा टिपोट र छलफल गर्ने गर्दथे। भौगोलिक विकट्ता र मौसमी प्रतिकूलताको बाब्जुद्ध पनि सम्भव तुल्याइएको उक्त प्रयास आफैमा प्रशंसनीय मात्र नभै प्रेरणादायी अनि अनुकरणीय पनि थियो भन्न सकिन्छ। त्यस किसिमको उदाहरणीय कामको थालनीबाट के कति उपलब्धि हात लाग्न सक्यो, त्यो त फगत शब्दमा उतारेर साध्य नहोला नै। किन्तु पछिल्ला समयमा भाषाको संरक्षणमा जे जति प्रयास र पहलहरू भैराखेका छन् ती सबै अभियानहरू सोही पृष्ठभूमिलाई टेकेर नै भएकाछन् भन्न सकिन्छ।

बर्षदिन अघि नैपनि विभिन्न गाऊँ-ठाऊँका मातृभाषी खोज अनुसन्धानकर्ताहरूका साझा प्रयासमा 'खाजाबसमा' धरान, काठमाण्डु लगायत अन्य विभिन्न ठाऊँहरूमा बसोबास गर्दै आएका दु:मि मातृभाषीहरूसँगको भलाकुसारीमा सोधखोज गरी एउटा दु:मिशब्द संग्रह तयार पार्ने काम भैसकेकोछ। साथै स्थानीय चलन चल्तिका शब्द परिक्षण एवं शुद्धाशुद्धिको लागि पाँचैवटा दु:मि सघन क्षेत्रहरूमा अलग अलग दु:मिशब्द संग्रहहरू तयार पारी सम्बन्धित ठाऊँहरूमा थप्ने एवं सच्याउने कामहरू भैरहेको छ। प्रारम्भिक चरणमा गरिने उक्त काम आफैमा भाषाविज्ञानको सिद्धान्तमा आधारित नहुन सक्छ, तर समस्त दुमीजनको तन, मन र धनको उपज स्वरूप प्रकाशन गरिन लागेको दु:मि शब्दकोश भने निःशन्देश भाषाविज्ञानमा आधारित हुनेछ। जसको लागि दु:मिशब्द संकलनको क्षेत्रमा होस् वा आर्थिक संकलनको क्षेत्रमामू समस्त दु:मिजनको तदारूक्ता अनि सहभागिताको अभाव खट्किदो छ,।

यसैगरी आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको आर्थिक सहयोग र त्रि.वि. भाषाविज्ञान विभागको पहल एवँ विभाग प्रमुखको संयोजकत्वमा करीब अर्धबार्षिक अबधिसम्मको अथक प्रयासमा हालसालै दु:मिभाषाको अभिलेखिकरणको काम सम्पन्न गरी (अंग्रेजी भाषामा) प्रतिबेदन पेश गर्ने काम सम्पन्न भैसकेकोछ भने यसको नेपाली रूप समेत तयार भैरहेको छ। यसै सिलसिलामा यस भाषाको शब्दकोश तथा ब्याकरण प्रकाशनको लागि समेत हरसम्भव प्रयासहरू भैराखेकाछन्। त्रि.वि. भाषाविज्ञान विभागको पहलमा नै यस भाषाको पाठ्यक्रम-पाठयपुस्तक निर्माण तथा प्रकाशन गर्न सके सुनमा सुगन्ध हुने हेतुले अनौपचारिक रूपमा नै भएपनि सम्बन्धित निकायहरूसँग संवाद अघि बढाउने काम समेत भइरहेकोछ।

दु:मिभाषाको ध्वनी तथा बर्णमालाको पहिचान गरिए अनुसार हालसम्म १४ वटा स्वर वर्ण र २५ वटा ब्यञ्जन वर्ण पाइएको छ। मातृभाषा हराएमा दु:मि स्व:पहिचान नै धरापमा पर्ने पूर्वसंकेत पाएका काठमाण्डुमा रहेका मातृभाषाप्रेमी दु:मिजनको उत्साह एवं सत्प्रयासमा दु:मि मातृभाषा कक्षा 'चेन्लाम' विभिन्न समयमा सञ्चालन समेत भएका छन्। जसको निरन्तरताको लागि पुन: स:शुल्क दु:मी भाषाकक्षा संचालन गर्ने सोँचाई समेत रहेको छ। भाषा संरक्षणको क्षेत्रमा यस किसिमको नौलो प्रयोग आफैमा बढी ब्याबहारमुलक एवं उपयोगी हुनेमा सबै जना आशावादी पनि देखिन्छन्।

आफ्नो प्राण जतिकै प्यारो मातृभाषाप्रति सचेत दु:मि सन्ततिहरूबाट यसै पत्रिका 'इसिलिम' लगायत 'गोरखापत्र', 'कान्तिपुर' का अतिरिक्त अन्य थुप्रै प्रकाशनहरूमा विभिन्न शीर्षकहरूमा दु:मिभाषाका लेखहरू निरन्तर रूपमा पस्किने काम गरिल्याएकै छन्। यसरी नै रेडियो नेपालमा 'अप्ति नामतोरि' (सूर्य उदायो) बोलको बिसुद्ध दु:मिभाषाको लोकगीत रेकर्ड गरिनुका साथै विभिन्न औपचारिक अनौपचारिक प्रतियोतितात्मक कार्यक्रमहरूमा समेत यसभाषामा लेख-रचनाहरू प्रस्तुत गरिदै आएको छ।

मातृभाषामा पाठ्य सामग्री तयार पार्ने सिलसिलामा मातृभाषा पिपल पुस्तक परियोजना एस.आई.एल. अन्तरगत विगत बर्षहरूमा ओदेलपो मिनसि (मेरो गाऊँको सम्झना), कुलु-छिदु (बाढी-पहिरो), ओप्पो चु:सानु (मेरो बाल अबोधता) र लिमु हुस्सड्ुयो (खर डढाउदा) आदि

नामका गाउँले परिवेशमा आधारित छुट्टाछुट्टै मौलिक अनुभवका लोककथाहरू समेत प्रकाशित भैसकेका छन् । आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको आर्थिक सहयोगमा दु:मिभाषाको विश्लेषणात्मक अध्ययनका साथ प्रतिबेदन पेश गर्ने काम समेत भैसकेको छ ।

विज्ञ भाषाविदहरूका राय सल्लाह अनुसार नै दु:मि समुदायबाट भाषाविज्ञान विषयमा स्नातकोत्तर तहको अध्ययन कार्य भैरहेको छ भने यस क्रममा नै दु:मिभाषाको प्रयोगात्मक अध्ययन समेत भैराखेकोछ । जसले गर्दा करि व २८ वटा किरात भाषाहरू मध्येको लोपवान दु:मिभाषाको संरक्षणमा भैराखेको यसखाले सानै प्रयास पनि कोशेढुङ्गाको रूपमा लिन सकिन्छ ।

यसरी समग्रमा दु:मिभाषाको आत्मकथाको चुरो खोतल्दै जाँदा यस भाषाको हालसालै सम्पन्न अभिलेखिकरण कार्यसँगै दु:मि शब्दकोश तथा व्याकरण निर्माण, त्यसको लगतै पाठ्यक्रम पाठ्यपुस्तक निर्माण, दक्ष जनशक्ति उत्पादन, पठन-पाठन कार्यारम्भ आदि योजना तथा कार्यक्रमका साथ 'दुकिराफ' क्रियाशील रहिआएको संक्षेपिकृत नालीबेलीका साथ यो प्यारो दु:मिभाषाको आत्मकथाको पनि अन्त्य हुन्छ ।

तुर्नीमा यो कथा सुन्ने-सुनाउने सबै जनालाई सुगन्धित सयपत्री फूलको माला, बुझ्ने-बुझाउनेलाई बाबरीको माला, मनैदेखि मनन गर्नेलाई मनमोहक मखमलीको माला । जसले यो कथाको मूलमर्म बुझी देला, ऊ मरेर गएपनि सदाका लागि बाँचिरहला । तर जसले बुझ्नै आनाकानि गरिरहला, ऊ बाँचेर पनि सधैंभरि मरि रहला । दु:मी दिल दिमागले देखेर दु:मि हातले लेखेको यो दु:मिको आफ्नो कथा, दु:मि आँखाले पढी मनन गरिएमा अजर अमर भइकन दु:मिलोकमै रहिरहला, यहिँ लोकका सुम्निमा पारूहाङका सच्चा दु:मि सन्ततिहरूलाई प्रेरणा एव सन्देश छरिरहला ।

*निरि ।*


विजया दशमी
तथा दिपावली २०६५ को
सुखद उपलक्ष्यमा देश विदेशमा रहनु भएका समस्त शुभेच्छुकहरू एवं ईष्टमित्रहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

एशोसियट
बचत तथा ऋण सहकारी संस्था लि.
चावहिल, काठमाडौं
फोन: ४४९९९७६

विजया दशमी
तथा दिपावली २०६५ को
सुखद उपलक्ष्यमा देश विदेशमा रहनु भएका समस्त शुभेच्छुकहरू एवं ईष्टमित्रहरूमा हार्दिक मंगलमय शुभकामना ।

Ourlink Support
Tinchuli, Kathmandu
Ph: 4471072, 4460526, 2010998
E-mail: ourlink@wlink.com.np
G.P.O. Box No.: 20211

# वैदेशिक रोगजार र लोपोन्मुख हाम्रो संस्कृति

विश्वका हरेक देशहरू एकाइशौं शताब्दिसंगै आधुनिक र वैज्ञानिका रपबाट आफ्नो देश र क्षेत्रको विकासमा तल्लिन छन् तर विवशता हामी नेपालीहरू आफ्नो घरपरिवार, छरछिमेक र देशको विकास र उन्नती त छाडौ विकृति विसंगति अनि आतंकले देशमा रहेका शक्तिका श्रोत भनाउँदा युवा युवतीहरू विदेश पलायन हुन वाध्य छौं र छन् । फेरी विदेश भन्ने वित्तिकै हामीहरू पनि आकर्षित हुन्छौं । जुन त्यो हाम्रो वाध्यता हो र आज विदेश हामी नेपालीहरूको आय आर्जनको श्रोत भएको छ। अनि करोडौ रूपैया देशको ढुकुटीमा जम्मा भएको छ। तर त्यसको उपयोग हुन सकिरहेको छैन। विदेशमा धन कमाउँन भनेजस्तो सजिलो त छैन, नेपालमा भिषा लगाउनेदेखि विदेश जाने वेलासम्म मेनपावर र त्यसका दलालहरू कसरी आफ्नो जालमा फसाउने र सोझा साझा आफ्नै दाजुभाईलाई विभिन्न थरीका अविश्वासी र अपत्यारिलो झूठा सपनाहरू देखाएर विदेश पठाउने काम भईरहेको छ । हामीहरू पनि त्यसैको सिकार भएका छौं ।

उज्वल भविष्यको सपना वोकी वृद्ध वुवाआमा, श्रीमति, छोराछोरी, दाजुभाई, घरपरिवार, छरछिमेकलाई चटक्क विर्सेर विदेशिन पक्कै पनि हामी युवाहरूलाई रहर त थिएन होला । भनिन्छ नि वाच्नको लागि केही गर्नु पर्छ, त्यसैले हामी गरीव नेपालीहरूका छोराहरू ठुलो रकम चर्को व्याजमा कि त पुर्ख्यौली सम्पति साहुको हातमा वन्धकी राखी आएका हुन्छौं तर विदेशमा भने जस्तो काम र सुविधा नपाएर कति त मानसिक चिन्ताले विरामी हुन्छन्, कोहीले आत्महत्या समेत गरेका समाचारहरू पनि वारम्वार आउछ। अन्ततः विदेशको सपना चकनाचुर हुन्छ। घरको परिस्थिती आफ्नो विदेशको कहालीलाग्दो व्यथा हो। विदेश भोग्नेलाई मात्र थाहा हुन्छ । प्रशंग वदलौं, हाम्रो साझा चौतारी इसिलिम मार्फत दुमीराईसंगै केन्द्रीत भएर यो लेख लेखी रहेको छु। जो तपाई हामी सवै गरीव र दुखी छैनौं । हाम्रै दाजुभाईहरू पनि सम्पन्नशाली र धनी छौं । दिनहुँ हजारौको रूपैयाँ क्षणिक रमझममा खर्च गर्छौं । र फेरी हेरौं कोही ओत लाग्ने छाप्रोको खोजीमा भौतारीहरेका छौं । हाम्रै दुमीराई दाजुभाईहरू वर्षेनी सयौंको संख्यामा व्रिटिश आर्मीमा भर्ति भएर विदेशमा कर्म गर्छौं । यो हाम्रो लागि गौरवको कुरा नै हो तर दुःख लाग्दो कुरा के छ



मकर खवचु दुमीराई

भने कति हाम्रा दाजुभाईहरूले हाम्रो जन्मथलोलाई विर्सिएर हाम्रो रितिरिवाज, संस्कृतिलाई त्यागेर त्यतैतिर वसोवास गर्न थालिसकेका छन्। यो हाम्रो लागि गम्भिर र चिन्ताजनका विषय हो। हामी राई जातिको संख्या त्यसै त अन्य जातिको तुलनामा नगन्य छ फेरी एक पछि दुई र तिन गरी सवै विदेशमा वसोवास गर्न थालेर हाम्रो माटोलाई विर्सी दिए भने हाम्रो अस्तित्वमा निकै आँच आउन सक्छ र हाम्रो भविष्य पनि सुनिश्चित हुन्न। त्यसैले कोही रगत र पसिनाको खोलो वगाई उज्ववल भविष्यको सपना वोकेर विदेशीएका त कोही संसारिक रमझममा आनन्दमय दिनहरू विताई रहेका छन् । तर भन्न खोजेको कुरा यो हो की क्षमता र शक्ति छ भन्दैमा विकृति र विसंगतिमा, विदेशी रमझममा भुल्नु भन्दा नेपालमा नै हाम्रा दाजुभाईहरूले जो हुने खाने वर्गमा वा सम्पन्न हुनुहुन्छ, भनौ केही गरौ भन्ने आँट र जोश जसमा छ, उहाँहरूले भौतिक रहझममा र क्षणिक आवन्दलाई विर्सेर सवै लोकको हितमा हुने काममा आफ्नो पूँजी लगानी गर्न जानेको भए यसरी विदेशमा पसिना वगाई ज्यानको वाजी राखेर विदेशमा वस्न पर्दैनथ्यो होला । यदि हामीसंग रहेको पूँजीलाई उचित ठाउँमा लगानी गरेर रोजगारीको वातावरण सिर्जना गर्न सकिन्थ्यो होला। नेपालको हरेक क्षेत्रमा हरेक किसिमका रोजगारीको सिर्जना गरेर हिमाली क्षेत्रदेखि पहाड र तराईसम्म विभिन्न किसिमका जडीवुटीहरू, खानीहरू, विभिन्न क्षेत्रमा भिन्नभिन्नै प्रकृति र वातावरण मौषम अनुसारका विभिन्न प्रकारका फलफुल, तरकारी, पशुपंक्षि देखि पाल्तु जनावरसम्म एउटा

रोजगारी मिल्ने उद्योग व्यवसायहरू खोल्न र सिर्जना गर्न सकिन्छ। हो पूँजीको अभाव त छ नै तर एकल रूपले नभए तापनि संयुक्त वा साझेदारी रूपबाट व्यवसाय संचालन गर्न गाह्रो छैन । हाम्रा दाजुभाईहरूले भौतिक आनन्दलाई भन्दा सयौं युवायुवतीहरूको भविष्यलाई उज्वल पार्ने काम गर्न सिकौं । जुन ठाउँमा जुन कुराको सम्भावना छ, त्यस ठाउँमा त्यही उद्योग व्यवसाय सञ्चालन गरेर रोजगारको सुनिश्चित गर्न सकिन्थ्यो । कुनै विदेशीसंग हात जोडेर रोजगारको लागि भिख माग्न पर्दैनथ्यो। यदि विदेशमा गर्ने दुःख अनि पसिना नेपालमा गर्न जानेको र सिकेको भए घर परिवार संगसगै वसी आफ्नो भविष्य र भावि सन्ततिको भविष्य उज्ववल पार्न निकै सजिलो हुन्थ्यो ।

'शुरू आफैबाट गरौं' भन्ने ओशोको उक्तिलाई ध्यानमा राखी विशेषत हामी दुमीराई परिवारको साझा चौतारी इसिलिम पत्रिका मार्फत स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण दाजुभाई दिदीवहिनीहरूलाई यो आग्रह गर्दछु की हाम्रो भाषा तथा संस्कृति, रितिरिवाज, परम्परा र भेषभूषाको जगेर्ना गर्न हरेक क्षेत्रबाट सहयोग गरौं र हाम्रो लोप हुन लागेको भाषा र संस्कृतिलाई खोजी गरी संरक्षण गर्ने वातावरण वनाउनु अति आवश्यक भएको छ । धेरै हदसम्म हाम्रो पत्रिका इसिलिमले भाषा संस्कृति, परम्परा र रितिरिवाजको खोजी गरीरहेको छ साथै संरक्षण गरेको छ । यसरी नै हाम्रो इसिलिमले निरन्तरता दिई रहेको खण्डमा हाम्रा भावी सन्ततीहरूलाई हाम्रो भाषा संस्कृतिको विकास तथा संरक्षणमा टेवा पुग्नेछ र अन्त्यमा हाम्रा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनु हुने राईहरूले इसिलिम पत्रिकालाई सक्दो सहयोग गरी आफ्नो रितिरिवाज, परम्परा, भेषभूषा एवं संस्कृति संरक्षणको वातावरण वनाऔं । हाम्रो भाषाहरूलाई एकरूपता ल्याऔं अनि सभ्य र उन्नत राई समाजको विकास गरौं भन्दै यस पत्रिकाको निरन्तरता तथा दुमीराईहरूको प्रगति र उन्नतिको कामना गरौं ।




विजया दशमी
तथा दिपावली २०६५ को
सुखद उपलक्ष्यमा देश विदेशमा रहनु
भएका समस्त शुभेच्छुकहरु एवं
ईष्टमित्रहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

अरूणज्योती इङ्गलिस बोर्डिङ्ग स्कुल
कपन, काठमाडौं
फोन: ०१४४८४५२०



विजया दशमी
तथा दिपावली २०६५ को
सुखद उपलक्ष्यमा देश विदेशमा रहनु
भएका समस्त शुभेच्छुकहरु एव
ईष्टमित्रहरुमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

प्रोग्रेसिभ इङलिस सेकेण्डरी स्कुल
काठमाडौं-६, बौद्ध महाँकाल

# शासित आदिवासी जनजातीहरुमा एकताको जरुरी

नवीन राई

'जब परी राती तव वुढी ताती' भने भ्रै मेरै पनि यी पंक्तिहरू ढिला भई सकेको हुन सक्छ। तथापी यो मुलुकका आदिवासी जनजातिहरू ढिला हुनु भन्दा अगाडी नै एक भई सक्नु पर्ने टड्कारो आवश्यकता रहेको छ। वि.सं. १८३० भन्दा अगाडी रहेका खम्वुवान, लिम्वुवान, तमुवान, ताम्सालिङ आदी यी राज्यहरूको अस्तित्व नामेट हुनुका पछाडी स्वयं आफैभित्र र समग्र मुलुकभरिका आदिवासी जनजातिहरूमा रहेको फुट नै अत्यन्त ठुलो कारणको रूपमा देखिएको छ। यही कमजोरीका आधारमा नै त्यस बेलाका गोर्खाका राजा पृथ्वीनारायण शाहले एकिकरणको नाममा त्यही वेलादेखी विकेन्द्रीत र संघिय प्रारूपमा गई सकेको शासन व्यवस्था र राज्यहरूलाई केन्द्रीकृत गर्दै एकात्मक राज्यतर्फ धकेल्न सफल भएका हुन् भन्ने यो पंक्तिकारको मत रहेको छ। त्यसैवेलादेखि यो मुलूकका तमाम आदिवासी जनजातीहरूमाथि शासन चलाउनका लागि तागाधारीहरूको लिगेसी निर्माण गरी त्यही लिगेसी पेरीफेरीका निश्चित व्यक्तिहरूले मात्र हालसम्म यो मुलुकको सत्ताको बागडोर हाँकी रहेका पाईएको छ। जसको मूल सुत्र बाहुनवाद वा तागाधारीवाद नै हो। खाली समय र परिस्थीति अनुसार रूप मात्रै फरक फरक भएर आएको छ। त्यसैले उनीहरू छरिएर रहे पनि त्यो लिगेसीको आधारमा एक हुने र हामी एकिकृत भएर रहे पनि उनीहरूको लिगेसीको चक्राधार को कारण अनेक हुने या छरीइ रहने भएका छौं। यसरी त्यो लिगेसीको अनुयायीहरूले कुनै पनि क्षेत्रमा आदिवासी जनजातिहरूलाई ढिम्कीनसम्म दिएका छैनन् भन्दा अत्युक्ति हुँदैन।

यो राष्ट्रको जम्मा जनसंख्याको ७०% भन्दा वढी आदिवासी जनजातीहरू भएता पनि नेपालको एकिकरणपछि आजको मितिसम्म पनि शासितै भएर रहेका छन्। त्यसो हुँदा आदिवासी जनजातीहरूलाई राजनैतिक, आर्थिक, शैक्षिक, सामाजिक यी आदि क्षेत्रमा जबरजस्ती पछि पारिएकोछ। त्यसैले गर्दा निजामती सेवा, सेना, प्रहरी, उद्योग धन्दा, बन्द व्यापार आदि कुनै पनि क्षेत्रमा यहाँका वहुमत प्रतिशत कहलाउने आदिवासी जनजातिको पहुँच छैन। यस्तो अवस्थामा रहेको आदिवासी जनजातिहरूको प्राकृतिक श्रोत्र साधनमा पहुंच हुन त परै जाओस, खास भन्ने हो भने एउटा सामान्य विकास निर्माणको कुराबाट समेत सम्वोधित छैनन्। जसको लागि तपाई हाम्रो एउटै उदाहरण काफी छ की विश्वको सर्बोच्च शिखर सगरमाथा जस्तो नेपाललाई संसारकै अगाडी चिनाउन सक्ने पर्यटकिय स्थानको बेस क्याम्पमा हालसम्म पनि यातायातको सुविधा उपलब्ध हुन सकेको छैन। यसको एउटै प्रमुख कारण के हो भने सगरमाथा खम्वुवान क्षेत्रमा पर्दछ। उस जमानादेखी सगरमाथा चढे वापतको कर तागाधारी राज्य सत्ताको सरकारले लिएको छ भने सगर माथाको फेदमा बस्ने आदिवासी जनजातिहरू कुर्कुचा फुटाएर नुन वोकी खान वाध्य छन्।

यो क्षेत्रमा यसो हुनुको पछाडी तागाधारीहरूका त्यसवेलाका पूर्खासंग खम्वुवानले सात वर्ष लगातार लडेको लडाई मुख्य कारक तत्वको रूपमा रहेको हुँदा सोही इगोका कारण तागाधारी राज्यसत्ताबाट यो ठाउँ अपमानित छ भने अर्कोतिर यदि यस क्षेत्रको विकास गर्ने हो भने यस क्षेत्रको तमाम आदिवासी जनजातिको समेत जीवनस्तरमा सुधार आई तागाधारीको राज्यसत्ता धरापमा पर्नेछ भन्ने मनोविज्ञानले काम गरेको देखिन्छ। यसरी तागाधारीहरूको राज्यसत्ताले आदिवासी जनजातिहरूको वसोवास रहेको ठाउँहरूमा छानीछानी कसरी उपेक्षा गरेको छ भन्ने स्पष्ट हुन्छ।

आजसम्म आदिवासी जनजातिहरूको उत्थानका लागि विभिन्न संघ संस्था तथा राजनैतिक दलहरू नखुलेको पनि होईन। यीनीहरू मार्फत कुनै काम नभएको होईन तर जे जति काम आदिवासी जनाजातिको नाममा भएका छन् तिनीहरू कि त अपूर्ण छ कि त तागाधारीहरूको लिगेसीको पक्षमा छ। यस हिसावले हेर्दा ती संघ संस्था तथा राजनैतिक दलका नेतृत्वकर्ताहरूको आन्दोलनको धार र लक्ष्य सहि दिशामा देखिदैन। यसो हुनुमा विशेषत: ति संघ संस्था तथा राजनैतिक दलको गलत संरचना र अदुरदर्शिता मुख्य छन्। साथै सवै नभनौ केही आदिवासी जनजातिकै चाटुकार ब्वाँसो रुपी आचरण समेत उतिकै जिम्मेवार रहेको छ। त्यसो हुँदा नै सात सालका क्रान्तीकारी नेता श्री रामप्रसाद राई जतिको पनि क्रान्तीकारी धारमा हालसम्मकै आदिवासी - जनजातिका कुनै पनि नेतृत्वकर्ताहरुले आफूलाई दाँज्न सकी रहेका छैनन्। त्यसैले

आदिवासी -जनजातीका नाममा जे जति संघ -संस्था तथा राजनैतिक दलहरु रहेका छन् । तिनीहरुको सांगठानीक संरचनालाई समय सापेक्ष बनाउँदै, सबैलाई एकीकृत गर्दै हाम्रा भावी लक्ष्य र उद्देश्यहरुलाई सु-स्पष्ट पार्दै अघि बढाउनुको कुनै विकल्प छैन ।

अवका दिनमा, के तराई के हिमाल के पूर्व, के पश्चिम, केहि नभनी यो मूलुक अगाडी बढाउनु अति जरूरी छ । तर यहाँ प्रश्न उठ्छ की, एकताको आधार के हुन ? त्यो एकताको कुनै पुरानै वाद र विचारको सिमित घेरा भित्र यतिका आदिवासी जनजातिहरुको एकताको आधार खोजियो भने गलत सावित हुनेछ । हालसम्म एकताको नाममा भएका प्रयासहरु यी र यस्तै गतिविधिहरुबाट प्रभावीत भएकोले नै सफल हुन सकिरहेको छैन । त्यसैले आदिवासी, जनजातिहरुको मजबुत एकताको आधार निर्माण गर्नको लागि तिन वटा मूलभूत विषयमार्फत जोड गर्नु पर्ने देखिन आउँदछ । पहिलो विषय भनेको हाम्रो पहिलो युद्धमा गुमेको भूमि फिर्ता गर्ने र राष्ट्रियताको जगेर्ना गर्ने हुनु पर्दछ । किनकी सामन्ती लिगेसीभित्रका तागाधारीहरुलाई यो विषयमा गम्भीर चिन्ता र चासो भएको देखिदैन । यीनीहरुलाई वैदेशिक शक्तिको 'क' बर्गको एजेन्ट भई आफू राज्यसत्ताको कूर्सीमा टिकीरहन पाए हुन्छ । चाकडी बजाउने भन्दा अरु केहि काम भएको छैन । यो विषय-बस्तुलाई त्यत्रो ठूलो जनयुद्धको हंगामा मच्चाएर आएका उक्त लिगेसीका पछिल्लो पुस्ताका प्रचण्ड हुँ भनाउँदा समेतको चरित्र हाल-सालै कान्तिपुर दैनिकले छापेको डा. मनमोहन सिहसंग प्रचण्डले छेपारोले रूखमा लेपासीए भैं लेपासीएको फोटोले नै पुष्टी गर्दछ । यसरी लेपासीएर उस बेलामा नेपाल-अंग्रेज युद्धमा गुमाएको हो, न की भारतसंगको युद्धमा होईन । त्यसैले जब इस्वी सन् १९६४ मा भारत स्वतन्त्र भयो, तब हाम्रो भूमि पनि स्वतः स्वतन्त्र भएको हो । अतः यसको प्रमाण सहिद यदि नेपाल सरकारका प्रमुख अन्तर्राष्ट्रिय अदालतमा जाने हो भने स्वतः नेपालको पक्षमा फैसला आउँदछ। यसका लागि आदिवासी जनजातिको मान्छे यो मुलूकको सरकार प्रमुख नभईन्जेल हाम्रो त्यतिवेला गुमेको भुमी फिर्ता गर्ने सपना देख्नु बेकार छ । त्यसैले यो लक्ष्यका लागि यहाँका सबै आदिवासी जनजातिविच एउटा महत्वपूर्ण र दिर्घकालीन एकताको जरूरी छ ।

दोस्रो विषय भनेको नयाँ बन्न लागेको नेपालको संविधान हो । यो संविधानमा विशेषतः आदिवासी जनजातिहरू माथि लादिएको विभेदपूर्ण व्यवहारलाइ अन्त्य गर्दै संविधानलाई आदिवासी जनजातिहरूको पक्षमा निर्माण गर्नको लागि आदिवासी जनजातिका सभासद्ज्यूहरू मार्फत तागाधारीहरूको नेतृत्व रहेको दलको ह्वीप उलङ्घन गर्नु परेमा पनि पछि पर्नु हुदैन । अन्य आवश्यक समर्थनका लागि मुलूकभरिका आदिवासी जनजातिहरूमा हाम्रा सभासद्ज्यूहरू मार्फत संयुक्त रूपमा आह्वान गरिनु पर्दछ । अन्ततोगत्वा सम्पूर्ण आदिवासी जनजातिहरू एक हुन बाध्य हुनेछन । अन्यथा हाम्रा सभासद्ज्यूहरूले समेत वुभ्mे हुन्छ की तागाधारीहरूले समानुपातिकको कोटा पुऱ्याए जस्तो थाप-थाप ला तेरो हक, अधिकार भनेर हातमा लाईदिनेवाला छैनन् । अनि फेरी पनि यहाँका आदिवासी जनजातिहरू थाङनामै सुत्न वाध्य हुनेछन् । त्यसकारण आदिवासी जनजातिहरूको एकताको महत्व वढेकोछ ।

हामीले सोचेको एकता कायम गरेरै पनि हाम्रो अनुकुलको संविधान निर्माण गर्दै हाम्रो लक्ष्यमा पुग्न सकिएन भने हामी गुप्तबासमा जाने होईन । संयुक्त रूपमा सडकमा आउनु पर्छ । त्यो भनेको सःशस्त्र आन्दोलन पनि हुन सक्छ र यो तह र आधार बाट उठ्ने आन्दोलन नै यहाँका आदिवासी जनजातिहरूका लागि सबै समस्या समाधान गर्ने अस्त्रको रूपमा अत्यन्त्यै महत्वपूर्ण र फलामे एकताको अन्तिमा तथा तेश्रो आधार हुनेछ । तर त्यसवेला दुई धारको आदिवासी जनजातिहरूको उपस्थिती हुनेछ । त्यो हो एक प्रजातन्त्रवादी र अर्को साम्यवादी । त्यसपछि यी दुईधार मन, बचन र कर्मले एक हुन सकेन भने फेरी पनि 'हात्ती आयो हात्ती आयो फुस्सा' जस्तो हुनेछ । यसबाट बच्नको लागि दुवै पक्षले आफूभित्र रहेको केही भ्रमलाई हटाएर कुनै साझा वादको विकास गर्नु पर्दछ । याने की प्रजातन्त्रवादीले पनि यो मुलुकमा मुड्कीले नै मात्र आन्दोलन गर्छु भन्ने भ्रम त्याग्नु पर्दछ । अनि विचको वाद भनेको आदिवासी जनजातिवाद हो । यसैलाई यहाँको आदिवासी जनजातिहरूले आफ्नो आदर्शवादको रूपमा विकास गरेर लैजानुको कुनै विकल्प छैन भन्ने यो पंक्तिकारको अभिमत रहेको छ । यति मात्र होईन, यो आन्दोलनलाई सामुहिक कर्तव्य, सामुहिक जवाफदेहिता र सामुहिक नेतृत्वको आधारमा विकसित गर्दै अगाडी वढाउनु पर्दछ । अत : नयाँ नेपालमा नयाँ आदिवासी जनजातिवादको विकास गरी भावी आधुनिक नेपालको निर्माण गर्ने लक्ष्यसम्म पुगौ भन्ने नाराका साथ गोलवन्द हुन जरूरी छ । अन्यथा हाम्रो भूमिको सामरिक महत्व मात्र होईन, मुलुक नै गुमेको हेर्न लाचार हुनेछौं ।

# हार्दिक बधाई



सम्पूर्ण आदिवासी जनजातिहरुको पहिचान र अधिकारको पक्षमा साथै अन्याय, अत्याचारका विरुद्धमा संघर्ष गर्दै २३८ वर्ष लामो सामन्ति राज्यसत्तालाई परास्त गर्न सशक्त भूमिका निर्वाह गर्नुहुने किरात स्वायत्त राज्यद्रष्टा ०७ सालपछिका क्रान्तिकारी किराती नेता तपाईं **श्री गोपाल किराती संस्कृति तथा राज्य पुनर्संरचना मन्त्री** नियुक्त हुनुभएकोमा हार्दिक बधाई सहित कार्यकाल सफल रहोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**दुमी किरात राई फन्सिकिम तथा**

**इसिलिम परिवार**

**चावहिल, काठमाडौं**

# भाषा-संस्कृतिको लोप तथा संरक्षण



कीर्ति कुमार दुमीराई
झापा-६, नोरोदेल

नेपाल एक वहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश भनिएता पनि नेपालका केही भाषा संस्कृतिहरु लोपोन्मुख अवस्थामा पुगिसकेका छन्। यिनीहरूको अस्तित्त्व नै लोप हुन लागि सकेको छ। यसको संरक्षण तर्फ समयमै ध्यान नदिने हो भने यो भविष्यमा गएर एका देशको कथा जस्तो लाग्ने छ वा हुने छ। आउँदा भावी सन्ततीहरूलाई। यसरी भाषा संस्कृतिहरु लोप हुदै जानु आफैमा एउटा चिन्ताको विषय हो। सबैले आ-आफ्नो भाषा संस्कृतिको संरक्षणलाई ध्यान दिनु पर्ने अवस्था आएको छ। भाषा र संस्कृति रहेमा मात्र हामी सबैको अस्तित्त्व रहन सक्छ। यही नै हामी सवैको साझा सम्पत्ति हुनेछ। भाषा र संस्कृतिलाई मानव जीवनसाग तुलना गरेर हेर्ने हो भने ग तुलना गरेर हेर्ने हो भने "एकै सिक्काका दुई पाटा" वा "एकै रथका दुई पाङ्ग्रा" भन्दा अत्युक्ति नहोला किनभने भाषा र संस्कृति बिना कोही पनि रहन सक्दैन। हुन त अहिले शहरीकरण, आधुनिकीकरण, पश्चिमाकरण जस्ता विविध कारणहरूले नेपालमा अल्प संख्यक रूपमा रहेका भाषा संस्कृतिहरु मात्र नभएर ठूलो संख्यामा रहेका भाषा संस्कृतिहरु पनि परिवर्तन तर्फ लागेका छन्। यसरी परिवर्तन हुनु आफैमा नराम्रो कुरा भने होइन किनकी आज २१ औं शताब्दीको युग हो। तर परिवर्तन हुनुपर्छ भन्दैमा पुरै आफ्नो भाषा र संस्कृतिलाई नै बिर्सनु हुन्न, आफ्नो भाषा र संस्कृतिलाई पनि जोगाउँदै अगाडि बढ्नु पर्छ भन्न मात्र खोजेको हो। यसरी भाषा-संस्कृति लोप हुदै जानुका पछाडि विविध कारणहरु हुन सक्छन्। यी विविध कारणहरु मध्ये मुख्य कारणहरुबारे छोटो जानकारी:-

**(१) राज्य प्रणाली :-** नेपाल एक वहुभाषिक, वहुधार्मिक र वहुसांस्कृतिक देश भनिएता पनि यहाँको राज्य प्रणालीले गर्दा पनि केही भाषा-संस्कृति लोप हुदै गएको पाइन्छ। यहाँको राज्यले एक भाषा वा नेपाली भाषालाई प्रमुख भाषाका रूपमा मान्यता दिएको कारण अन्य भाषालाई नराम्रो असर परेको छ। नेपाली भाषाको प्रभावको आफ्नो भाषा संस्कृति बिर्सदै गइरहेका छन्। त्यस्तै नेपालको हरेक क्षेत्र चाहे राज्य संचालन होस् चाहे उच्च पद वा प्रशासन होस हरेक क्षेत्रमा हिन्दू धर्म वा हिन्दू धर्म अनुसार उच्च जात मानिने ब्राह्मण र क्षेत्री जातिहरूको बाहुल्यता रहेको कारणले अन्य भाषा-भाषी वा जात-जातिको भाषा-संस्कृति लोप हुदै गइरहेको छ। अन्य भाषा-भाषीहरूले आफ्नो अधिकार लिन सकिरहेका छैनन्। भने दिएको अधिकारलाई पनि राज्यले वेवास्ता गरेको पाइन्छ र उचित प्रयोग हुन सकिरहेको छैन। त्यस्तै अन्य भाषा-भाषी वा जात जातिहरूले पनि आफ्नो भाषा संस्कृतिलाई संरक्षण नगरी अन्य भाषा संस्कृतितर्फ लागि रहेका छन्। यस प्रकारको र ाज्यको अन्यायपूर्ण व्यवहारको कारणले पनि नेपालका केही भाषा संस्कृतिहरु लोप भइरहेका छन्।

**(२) अन्य भाषाको प्रभाव :-** नेपालको केही भाषा संस्कृति लोप हुदै जानुका कारणको रूपमा अन्य भाषाको प्रभावलाई पनि लिन सकिन्त किनभने नेपालमा वहुभाषिक राज्य भएको कारण यहाँका हरेक समाजमा विविध भाषा संस्कृति मान्ने र बोल्ने मानिसहरु बसोबास गरेका छन्। यसरी विविध भाषा र संस्कृतिको मिश्रणबाट एक अर्कामा नराम्रो असर पर्दछ। एउटा भाषा संस्कृतिले अर्को भाषा संस्कृतिलाई अंगाल्ने र अर्काको भाषा संस्कृतिलाई पनि आफूले अंगाल्ने यस्तो प्रवृत्तिले पनि केही भाषा-संस्कृति लोप भइरहेको छ। नेपालको सन्दर्भमा हेर्दा नेपाली भाषा र हिन्दू धर्मले अन्य भाषा -संस्कृतिलाई असर पारेको छ भने अन्य भाषा-भाषीले नेपाली भाषा सस्कृतिलाई आत्मसात गरेको पाइन्छ। यसै यसलाई पनि एउटा कारणको रूपमा लिन सकिन्छ।

**(३) पाठ्यसामाग्री शब्दकोश तथा व्याकरणको अभाव:-**

भाषा संस्कृतिको संरक्षण गर्ने सबभन्दा राम्रो उपाय भनेको पाठ्यसामाग्री, शब्दकोश तथा व्याकरणको प्रकाशन हो। यस्ता सामाग्रीहरूमा मात्र भाषा, संस्कृति लेख्यरूपमा रहन सक्दछ। पुस्तौ पुस्तासम्म जस्ताको तस्तै रहन्छ। पाठ्यसामाग्री वा व्याकरणले भाषालाई शुद्धाशुद्धी र लेख्य रूपमा राख्दछ भने शब्दकोषले विभिन्न भाषाका शब्दहरूलाई संग्रह गरेर राख्दछ। तर कतिपय भाषा-संस्कृतिको त्यस्तो सामग्रीको अभाव रहेका छन्। त्यसै कारण यसलाई पनि भाषा-संस्कृति लोप हुदै जानुका कारणको रूपमा लिन सकिन्छ।

**(४) दक्ष भाषिक जनशक्तिको अभाव-** जुनसुकै काम गर्नको लागि दक्ष जनशक्तिको आवश्यकता पर्दछ। त्यस्ता दक्ष जनशक्ति भएमा मात्र हरेक काम सफल हुन सक्दछ। तर भाषा सस्कृतितर्फ यस्ता दक्ष जनशक्तिको अभाव रहेको छ जसको कारणले पाठ्यसामग्री लगायत अन्य सामग्रीको प्रकाशन हुन सकिरहेको छैन । भाषा-संस्कृति जान्ने मानिसलाई पनि अन्य विविध ज्ञानको अभावले उनीहरु दक्ष हुन सकिरहेका छैनन् । त्यसैले दक्ष भाषिक जनशक्तिको अभावलाई पनि भाषा संस्कृति लोप हुदै जानुका कारणको रूपमा लिन सकिन्छ।

**(५) आफ्नो भाषा र संस्कृतिको प्रयोगको अभाव :-** अहिले कतिपय समाजमा हामी के पनि देख्न सक्छौ भने आफूले जानेको भाषा र संस्कृतिलाई प्रयोग नगर्ने बानी देखिएको छ। आफ्ना घर परिवारमा प्रयोग नगर्ने, बाल-बच्चाहरूलाई बोलाउादा आफ्नो भाषाको प्रयोग नगरी अन्य वा नेपाली भाषाको प्रयोग गर्ने, आफ्नो भाषा संस्कृतिलाई भन्दा अन्य भाषा, संस्कृतिलाई बढी महत्त्व दिने आदि जस्ता प्रकृतिले पनि भाषा र संस्कृतिको लोप गराउन महत्त्वपूर्ण भूमिका खेलेको छ।

**(६) अन्य विविध :-** भाषा र संस्कृति लोप हुनुकापछि यी माथिका बुदाहरु भन्दा अन्य विविध तत्त्वहरु पनि हुन सक्छन्। परम्परादेखि चलिआएको भाषा संस्कृति लोप हुदै जानुका पछि बसाइ सराइ विवाह जस्ता तत्त्वहरूलाई पनि लिन सकिन्छ। यि तत्त्वहरूले पनि महत्त्वपूर्ण भूमिका खेल्दछ। जस्तै एउटा समाजबाट अर्को समाजमा सर्दा आफूले सिकेको भाषा संस्कृतिलाई नयाँ समाजको भाषा संस्कृतिले प्रभाव पार्दछ। आफूले जानेको भाषा संस्कृति विस्तारै भुल्दै जाने र नयाँ समाजको भाषा संस्कृति सिक्दै जाने, त्यस्तै नयाँ समाजको भाषा संस्कृति पनि पुरै गर्न वा जान्न नसक्ने र आफ्नो पुरानो भाषा संस्कृति पनि पुरै गर्न वा जान्न नसक्ने अवस्था आउान सक्छ। यस्तो प्रकारको दुई भाषा वा संस्कृतिको मिश्रणले गर्दा पनि भाषा संस्कृतिको लोप भइर हेको छ। यस्तै गरी विवाहले पनि असर पार्दछ किनभने एउटा भाषा संस्कृति भएको पुरूषले अन्य भाषा-संस्कृति भएको महिलासाग विवाह गर्दा उक्त महिलालाई आफ्नो श्रीमानको भाषा-संस्कृति जान्न धेरै गाह्रो पर्दछ भने श्रीमान वा परिवाका अन्य सदस्यले पनि आफ्नो भाषा नभएर अन्य साझा नेपाली भाषाको प्रयोग गर्ने प्रकृति हुन्छ। यसबाट पनि आफ्नो भाषा-संस्कृति विस्तारै लोप हुदै जाने गर्दछ।

यी माथिका विविध तत्त्वहरु त भाषा संस्कृतिले लोप हुनका कारणहरु भए अब त्यसलाई कसरी संरक्षण गर्न सक्छौ, संरक्षण गर्ने उपायहरु के-के हुन सक्छन्। यी भाषा र संस्कृति संरक्षण गर्ने उपायहरु निम्न हुन सक्छन्।

**१. पाठ्यसामग्री शब्दकोश तथा व्याकरणको प्रकाशन :-** भाषा र संस्कृतिको संरक्षण गर्ने उचित उपाय भनेको यि सामग्रीको प्रकाशन गर्नु सबभन्दा उचित उपाय हो यी सामग्रीको प्रकाशन भएमा पुस्तौ पुस्तासम्म पनि जस्ताकोतस्तै रहन सक्छन्। यसरी प्रकाशन भएका सामग्रीहरूलाई लक्षीत वर्गमा लागू गर्न सक्नुपर्दछ। यसरी यी सामग्रीको प्रकाशन गर्न वा हुन सकेमा हरेक भाषा र संस्कृति संरक्षण हुन सक्दछ।

**२) दक्ष भाषिक जनशक्तिको उत्पादन :-** हामीले माथि पनि भनिसकेका छौं की हरेक काम सफल सम्पन्न गर्नका लागि दक्ष जनशक्तिको आवश्यकता पर्दछ भनेर। यस्तो दक्ष भाषिक जनशक्तिको उत्पादन गर्नुपर्दछ। जसले हरेक समाजमा रहेका विविध भाषा र संस्कृतिको अनुसन्धान गरेर राम्रोसाग संरक्षण गर्न सकोस्। यसरी आफ्नो भाषा संस्कृतिको संरक्षण गर्न हरेक समाज आजै अग्रसर हुनुपर्ने अवस्था पनि आएको छ साथै सरकारले पनि हरेक जात-जातिको भाषा-संस्कृतिको संरक्षण गर्नको लागि र दक्ष जनशक्तिको उत्पादन गर्नको लागि सहयोग पनि गर्नु पर्ने हुन्छ। यसरी दक्ष भाषिक जनशक्ति उत्पादन भएपछि मात्र हरेक भाषा-संस्कृतिको राम्रोसाग संरक्षण हुन सक्दछ।

**३) आफ्नो भाषा र संस्कृतिको प्रयोग :-** आफ्नो भाषा संस्कृतिको संरक्षण गर्नुको लागि हरेक समाज वा व्यक्तिले आफ्नो भाषा र संस्कृतिको प्रयोग गर्नुपर्दछ। परिवारका सदस्य वा बाल-बच्चाहरुसाग बोल्दा, आफ्नो समूदायमा विविध क्रियाकलाप गर्दा वा अन्य विविध क्रियाकलाप गर्दा आफ्नो भाषा संस्कृतिको प्रयोग गर्नुपर्दछ। आफ्नो समाजमा कोही व्यक्ति आफ्नो भाषा तथा संस्कृति नजान्ने रहेमा त्यस्ता व्यक्तिलाई राम्ररी सिकाउने, सिक्नको लागि प्रेरणा प्रदान गर्ने, आदि जस्ता क्रियाकलापले पनि भाषा र संस्कृतिको संरक्षणमा ठूलो महत्त्व र हन सक्छ।

**४) विविध खोज अनुसन्धान :-** भाषा र संस्कृतिको संरक्षण गर्नको लागि विविध खोज अनुसन्धान पनि गर्नुपर्दछ। लोप हुन लागेका वा भइसकेका भाषा संस्कृति पहिले कस्तो थिया वर्तमान अवस्थामा कस्तो रहेको छ यो लोप हुनका कारण के-के हुन यसलाई कसरी संरक्षण गर्न सकिन्छ, विविध भाषा, संस्कृतिका पुतात्त्विक महत्त्वका वस्तुहरु के-के थिए, आदि विविध विषयमा खोज अनुसन्धान गरेर भाषा र संस्कृतिको संरक्षण गर्न सकिन्छ।

*सुचि।*

# नेपाली सौन्दर्यशास्त्र र जातीय स्वाभिमान

सामान्य सौन्दर्यशास्त्र भन्नाले समाजको कुन पक्षलाई राम्रो भन्ने कुनलाई नराम्रो भन्ने विषयसंग सम्वन्ध राख्दछ। अर्थात हामीले देख्ने, भोग्ने र महसुस गर्ने विषयहरूको राम्रो र नराम्रो पक्षको अध्ययन गर्नु सौन्दर्यशास्त्रको अध्ययनको क्षेत्र हो ।

अब हेरौ नेपाली समाजमा सौन्दर्यशास्त्रवारे र हेको मनोविज्ञान। नेपाली समाजमा मान्छे राम्रो कहलिन गोरो छाला, चुच्चो नाक, ठुला ठुला आँखा आदि हुन जरूरी छ। त्यसमा महिला भए छिनेको कम्मर, भगवानप्रति आस्थावान र सधैं मन्दिर जाने महिला समाजमा नैतिकवान र उत्कृष्ट महिला कहलिदै आएका छन् । अझ बढ्ता आदर्श महिला हुनको लागि लज्जालु, आफूमा आईपर्ने समस्याहरूको प्रतिकार बरू रोइकराई गरेर कुनै पुरूषको साथ माग्ने हुन जरूरी छ। पुरूषको लागि चौडा छाती, अनुहारमा दाह्री जुंगा र अलि वढी छलकपट गर्न जान्ने, आफूसंग नभएका चीजहरूलाई पनि छ भनेर देखाउन सक्ने छट्टु भए ऊ चलाख ठानिन्छ ।

हाम्रो समाजमा विद्वान बन्नका लागि पनि छुट्टै मापदण्ड रहेको छ । निधारमा चन्दनको टीका लाउने, जट्टाधारी, कमण्डलु बोकेर हिड्ने जोगीहरू जसले गीता र रामायणका केही श्लोक कण्ठस्त सुनाउँछन्, ती विद्वान ठानिन्छन् । जोसंग माथि उल्लेखित सबै गुणहरू छैनन् तिनीहरू न सुन्दर ठानिन्छन् न विद्वान नै । समाजमा सुन्दर, उत्कृष्ट र सक्षम व्यक्तिको रूपमा देखिन माथिका गुण नभएका नेपालका आदिवासी जनजातिहरू साहित्यमा कहिल्यै पनि नायकको रूपमा गनिएका छैनन् ।

हिन्दु सामन्तवादी तथा खस उच्च जातिय अहंकार वादबाट ग्रसित नेपाली साहित्यको सौन्दर्यशास्त्रीय दृष्टिकोणले नेपालको जाँड खाने आदिवासीहरूलाई कहिल्यै पपनि नायक बनाएन, यस्ता पात्रहरू साहित्यमा सधैं फटाहा, झगडालु र बैइमानको रूपमा चित्रित गरिदै आइएको छ।



-राजेश चाम्लिङ्ग

फलतः हाम्रा पूर्खाहरू इतिहासमा कहिल्यै पनि नायक भएनन् । फिल्मी भाषामा उनीहरू सधैं भिलेनको रूपमा चित्रित भईरहे । हुंदाहुंदा हालत यस्तो छ की मंगोलियन अनुहारका मानिसहरू देख्नसाथ कुनै पनि सरकारी कार्यालयका कर्मचारीहरू घुस खान पाईने भो भन्ने मनोविज्ञान निर्माण गर्छन् । अथवा बाटोमा हिड्दा कुनै झगडियासंग जोगिएर हिडेजस्तो गर्छन् ।

हुन पनि हो, चोरी, डकैती, मान्छे कुटेको/काटेको, काटिएको, वढी कुट्ने, कुटाई खाने जस्ता व्यक्तिहरूको समाचार हामी आदिवासी जनजाती र थोरै मात्रमा दलितहरूको नाम वाहेक अरूको प्राय सुन्न सक्दैनौ । यसले हाम्रो दिमागमा यस्तो छाप वसालि पनि दिएको छ कि हाम्रो समुदायको कुनै व्यक्तिले राम्रो र असल काम गरेको सुन्न आएमा हामी आफैं अविश्वास गर्दै भन्छौं 'ओहो ! राईको छोरो भएर पनि यस्तो गऱ्यो हगी ।'

यो कालो विडम्वना हो कि हामी आफ्नोपनमा गर्व गर्न सक्दैनौं । हामीले विगतमा जे सिक्दै आएका छौ, (जसलाई हामी संस्कृति भन्दछौ) त्यसमा गर्व गर्न सक्दैनौ । के हामीमा त्यो मानेविज्ञान त्यतिकै सिर्जित भएको हो ? निश्चय पनि होईन । यसो हुँदा माथि उल्लेख गरिएको सदियौंदेखिको 'एक जातिय हिन्दु, खस अहंकार वादी साहित्यिक दर्शनको ठूलो प्रभाव छ ।

जाँड खानु आफैमा नराम्रो होईन । विश्वका सबै महान जमघट, छलफलमा जाँड पार्टी हुने गर्दछ । विश्वका सबै महान मानिसहरू जाँच खान्थे, खान्छन् । विकसित भनिएको पशिचमा देशहरूमा त झन् अति महगा महगा जाँड रक्सीको प्रयोग हुन्छ । तर उनीहरूलाई हामी कहिल्यै

पनि फटाहा वा झगडिया भन्दैनौ भने नेपालका आदिवासीहरूले जाँड खादा किन नराम्रो भनिनु पर्ने ? हो, निश्चय पनि जाँडका सबै राम्रा पक्षहरू छैनन् । हाम्रा मानिसहरू जाँड खाएपछि वढी झगडा पनि गर्छन्। तर त्यो फगत जाँडको कारणले मात्र होईन, चेतनाको कमीले हो । जाँडलाई चेतनासंग मिलाईयो भने सभ्य ठानिएका पश्चिमा देशहरू र महान ठानिएका तिनै देशका मानिसहरूले जस्तै नेपालमा पनि जाँडले सम्मान पाउने छ, पाउनुपर्छ ।

साहित्यमा विम्वको रूपमा प्रयोग गरिने ऐतिहासीक पात्रहरूको सवालमा पनि हामी उत्तिकै पछि छौ । अधिकांश जनजाति साहित्यको ऐतिहासिक पात्र यलम्वर, काङसोरे, लखन थापा बाहेक अन्य हुन सकिरहेका छैनन् । बरू भानुभक्त, राम, कृष्ण, नारद, सीता, जानकी आदि थुप्रै नामहरू कण्ठ हुन सक्छ । तर एउटा जनजाति भित्रका ऐतिहासीक पात्रहरू अर्कोका लागि अपरिचित हुन्छन्। हामीले बुझ्नु पर्छ, हाम्रो संस्कृति हाम्रो पहिचानका लागि महत्वपूर्ण छन् । यसलाई लेखक तथा साहित्यकारले बाहिर नल्याउने हो भने हराएर जान्छन् । हिजो हामीसंग लिखित इतिहास नभएको कारण नै हामी कतिपय आज पहिचाविहीन भएका छौं । तर बुझेर वा नबुझेर हामी हाम्रो ऐतिहासिक पात्रलाई छाँयामा पारिरहेका छौं । हामीले हतुवागढी, तायामा-खियामा, हेछाकूप्पा वा हाम्रै बिजुवाहरूलाई किन ............ जनमानसमा ल्याउन सक्दैनौ, त्यो वुझ्न जरूरी छ ।

समग्रमा नेपालको सौन्दर्यशास्त्रीय दृष्टिकोण हिन्दुधर्मले स्थापित गरिदिएको बाहुनवादी सोचबाट ग्रसीत छ । जसको कारण यहाँ बाहुन/क्षेत्री हुनासाथ उच्च वा सभ्य महसुस गरिने र अरूलाई तल्लो दर्जाको ठान्ने (Superior & inferior phychology) मनोविज्ञान सिर्जना भईरहेको छ । त्यसबाट बच्दै आफ्नो जातीय र साँस्कृतिक स्वाभिमान बचाउन जनजातिहरूले आफ्नै मान्यतामा आधारित सौन्दर्यशास्त्रको निर्माण गर्न ढिला भईसकेको छ ।

हार्दिक शुभकामना

विजया दशमी तथा दिपावली २०६५ को

सुखद उपलक्ष्यमा देश विदेशमा रहनु भएका समस्त शुभेच्छुकहरू एवं ईष्टमित्रहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं '



आदिवासी उत्थान राष्ट्रिय प्रतिष्ठान
साचल, ललितपुर
फोन: ५५२८३७०



# दुमी किरात राई फन्सिकिम
## केन्द्रीय कार्यसमिति, काठमाण्डु

<u>*प्रस्तोत्ता- नेत्रमणि हलक्सु दिक्पा दुमीराई*</u>

**१. संस्था** :

दुमी किरात राई फन्सिकिम (दुकिराफ), काठमाण्डु (स्थापना: २०५५ साल, खोटाङ्ग)

**२. संस्थागत संरचना:**

फन्सिकिम-केन्द्रीय तह (बाक्सिला/काठमाण्डु)

दुमकिम-क्षेत्रीय तह (गा.वि.स.)

देलकिम-स्थानीय तह (वडा)

**३. चिनारी** :

२८ थरी किरात राईहरू मध्येको एक थर 'दुमीराई'

सामे: ७ वटा र पाछ्रा: २१ वटा (हालसम्म पुष्टि भैसकेका)

| **सामे** | **पाछ्रा** |
|---|---|
| १. ब्राक्सुपा-ब्राक्सुमा | सत्म |
| २. भेक्सुपा-भेक्सुमा | मुरह |
| ३. दिक्पा-दिखामा | हलक्सु, खारूबु, वलक्पा, हजुर |
| ४. छछ्रु-छेक्मा | खवचु, राईचु, जिपुचु, छाचुङ, रिप्लचु, तुरचु |
| ५. बसुरू-युयुमा | हरसी, दिम्मचु, सरचु, हम्रुचु, वालक्पा |
| ६. छछपा-छास्मी | रत्कु, हदी, रंकासु |
| ७. धिक्मी-दिखामा | लुप्पो |

**३. जनसँख्या:**

५,२७१ जना(०.०२ %) (२,५८९ महिला + पुरूष २,६८२ जना), जनगणना २०५८

**४. बसोबास क्षेत्रहरु** : खोटाङ्ग : माक्पा, बाक्सिला, जालपा, सप्तेश्वर, खार्मी, कुभिण्डे(हाँचेका), दिक्तेल, नेर्पा, सोल्मा, सुङ्देल, लामीडाँडा, खार्ताम्छा, पाथेका, महेश्वरी, कुभिण्डे

सोलुखुम्बु : वाकु

वखलढुङ्गा : काफलबोटे

उदयपुर : बसाहा(बर्खेडाँडा), गाईघाट, कटारी, तपेश्वरी, बेल्टार

धनकुटा : खोकु

सुनसरी : धरान, तरहरा, शान्तिभोडा, हाँसपोसा, राजाबास, प्रकाशपुर, इटहरी, पकली, पत्राङ्गबारी

मोरङ्ग : बेलबारी, पथ्री, काकुम, लेटाङ्ग, लक्ष्मीमार्ग, बोरावन, सिङ्गदेवी

संखुवासभा : रातमाटे

ताप्लेजुङ्ग : ढुङ्गेसाँघु

पाँचथर : च्याङ्थापु, रबि

इलाम : बरबोटे, सल्लेरी

लगायत काठमाण्डु, ललितपुर, भक्तपुर एवं प्रबास क्षेत्रहरू सिक्किम, दार्जीलिङ्ग, हङ्कङ्, क्यानडा, अमेरिका, बर्मा, बेलायत आदि ।

***(पुनश्च: छुट भएका वा जानकरीमा नरहेका अन्य दु:मि बसोबास क्षेत्रहरु क्रमश: थप गर्दै जाने ... ।)***

**५. गतिविधिहरु :**

क. भाषा तथा साहित्य:

- भाषाविज्ञानको अध्ययनका साथसाथै-
- क्षेत्रगत दु:मि शब्द संग्रह निर्माण कार्य सम्पन्न
- दु:मि भाषाको विश्लेषणात्मक अध्ययन
- दु:मि भाषाको अभिलेखिकरण
- दु:मि-नेपाली-अंग्रेजी त्रैभाषिक शब्दकोश निर्माण कार्य सुचारू ।

ख. धर्म तथा संस्कृति:

- मौलिक संस्कारहरूको लेखन कार्य जारि
- मौलिक संस्कारहरूको अभिलेखिकरण कार्यारम्भ
- क्षेत्रीय दु:मि मौलिक संस्कारहरूको जगेर्नाको लागि संचेतना कार्यक्रम सम्पन्न

ग. बंशावली तथा पुरातात्विक: संकलन तथा प्रकाशन निरन्तर ।

६. **आन्तरिक गतिविधिः**

- 'इसिलिम' भाषिक पत्रिकाको निरन्तर प्रकाशन (बार्षिक)
- ३ जनामानार्थ एवं ६९ जना आजीवन सदस्य वितरण
- दुःमि दिवस (दुःमि मिन्सि): हरेक बर्षको असोज ३० गते
- अभूतपूर्व सांस्कृतिक कार्यक्रम (राष्ट्रिय नाँचघरमा) सम्पन्न
- 'चेन्सुलाम' अन्तरक्रियात्मक भाषाकक्षा सञ्चालन
- दुमीभाषा ध्वनी तथा बर्णमाला पहिचान कार्यशाला सम्पन्न
- दोलोकुम्मा समिति मार्फत मौलिक दुःमि साकेलासिलि प्रशिक्षण कार्यक्रम सम्पन्न
- दोलोकुम्मा गीति क्यासेट निर्माण तथा बिक्रि बितरण

**७. दुमीराईहरुको वर्तमान अवस्था:**

१. जनसँख्याको आधारमा दुमीराई सातौं स्थान: बान्तवा>चामलिङ>कुलुङ्ग>थुलुङ्ग>साम्पाङ्ग>खालिङ्ग>दुमी>वाम्बुले>पुमा>नाछिङ ......)

**<u>दुमीराई भाषामा ध्वनी तथा वर्णमाला पहिचान कार्यशाला सम्पन्न</u>**

दुमी किरात राई फन्सिकिम (दुकिराफ)को पहलमा प्रा.डा.नोबल किशोर राई (नेपाल तथा एशियाली अध्ययन केन्द्र, कीर्तिपुर) र प्रा.डा.माधव प्रसाद पोखरेल (त्रिभुवन विश्व विद्यालय भाषाविज्ञान केन्द्रीय विभाग, कीर्तिपुर)को निर्देशनमा मिति २०६१ फाल्गुण ९ गतेदेखि सञ्चालित सप्ताहव्यापी **<u>दुमीराई भाषा ध्वनी तथा वर्णमाला पहिचान कार्यशाला</u>**बाट दुमी किरात राई भाषा लेखन पद्धतिमा आवश्यक पर्ने २५ वटा ब्यञ्जन बर्ण र १३ वटा स्वर वर्णहरू रहेको तथ्य फेलापर्‍यो । भाषा विज्ञानको प्रक्रिया अनुसार कुनै पनि भाषामा देखापर्ने भाषा विविधिकरण, संयोजन, पृथकिकरण, आगन्तुक शब्द, अन्य भाषाको प्रभाव आदिका आधारमा त्यस भाषाको ध्वनी तथा बर्णमालामा पनि समयान्तरमा थपघट हुन सक्ने भएबाट दुमीराई भाषामा पनि ट, ठ, ड, ढ ध्वनीहरू (विषेश आगन्तुक शब्दहरूका साथ) प्रचलनमा रहेको देखिन्छ ।

**दुमी किरात राई भाषाका ब्यञ्जन वर्ण (Consonant Phonemes in Dumi Rai Language)**

तालिका: दुमीराई भाषाका ब्यञ्जन बर्णहरु

| | अघोष (voiceless) | | घोष (voiced) | | नासिक्य nasal |
|---|---|---|---|---|---|
| | अल्पप्राण Inaspirated | महाप्राण aspirated | अल्पप्राण Inaspirated | महाप्राण aspirated | |
| हनमुलीय (Velar) | क | ख | ग | घ | ङ |
| स्पर्शोष्म (Affricate) | च | ट | ज | झ | |
| मूर्धन्य(Retroflex) | ट | ठ | ड | ढ | |
| दन्त स्पर्श (Dent.plosive) | त | थ | द | ध | न |
| द्वयोष्ठ्य (Bilabial) | प | फ | ब | भ | म |
| अन्तःस्थ (Semivowel) | य | र | ल | व | |
| उष्म (Fricative) | स | | | ह | |

**दुमी किरात राई भाषाका स्वर वर्णहरु (Vowel Phonemes in Dumi Rai Language)**

तालिका: दुमीराई भाषाका १४ वटा स्वर बर्णहरू

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **ह्रस्व** | अ | आ | ई | ऊ | ए | ओ |
| **दीर्घ** | अः | आः | ईः | ऊः | PM | ओः |

**<u>'चेन्सुलाम्' अभियान</u>**

बिना अभ्यास भाषा संरक्षणको नारा मात्र अलाप्न मनासिब ठहर्दैन भन्ने किटानिका साथ दुकिराफ, भाषा तथा साहित्य विभागको पहलमा विगत २०६२ आषाढ ११ गतेदेखि पाक्षिक रूपमा चौमासिक (अनौपचारिक) 'चेन्सुलाम्' नामको अन्तरक्रियात्मक दुमी किरात राई भाषा कक्षा संचालन गरियो । उक्त भाषा कक्षाको मूल उद्धेश्य एकातिर दुमी किरात राई ब्याकरण निर्माणमा आधारशीला तयार गर्नू रहेको थियो भने अर्कोतिर शब्दकोश र ब्याकरणको प्रकाशनसँगै ती प्रकाशित सामग्रीहरूको प्रभावकारी उपयोगका लागि थप योगदान पुग्ने आशा रहेको थियो । प्राप्त अनुभव तथा सहभागी भाषा प्रेमीहरूका जिज्ञासाका आधारमा आगामी दिनहरूमा पनि यस किसिमको अन्तरक्रियात्मक भाषा कक्षा पुनः संचालन गरिने सोँच रहेकोछ ।

**शब्दकोष तथा व्याकरण निर्माण**

दुमी-नेपाली-अंग्रजी शब्दकोश (Dumi-Nepali-English Dictionary) नामको त्रैमषिक शब्दकोष निर्माणाथ निम्न कार्यहरू तदारूक्ताका साथ भैरहेकोछ।

१. दुमीराई शब्दहरूको संकलन (करीव ५,५०० शब्दहरू)
२. भाषा विज्ञानको अध्ययन तथा दुमीभाषामा यसको प्रयोग सहित खोज-अनुसन्धान एवं विश्लेषण
३. 'खाजाबासमा' दु:मि उप-भाषिकाहरूको पहिचान कार्य सम्पन्न।

**शब्दकोश निर्माण समिति**

संयोजक:- नेत्रमणि दुमीराई
सदस्य:- धनप्रसाद दुमीराई
" राजेन्द्र दुमीराई
" नृप दुमीराई
" तेजमाया दुमीराई

**आर्थिक समिति**

संयोजक:- क्या. नैन बहादुर राई(MM)²
सदस्य सुक्रराज राई (यू.के)
" अशोक राई (काठमाडु)
" धौलवीर राई (यु.एस.ए.)
" धन प्रसाद राई (काठमाडु)
" क्या. श्री पर्जबहादुर राई (धरान)
" श्रीमती नरदेवी राई (काठमाडु)
" श्री गंगा प्रसाद राई (धरान)
" गंग प्रसाद राई (काठमाडु)
" सुजन राई (काठमाडु)

**सल्लाहकार समिति**

उप.प्रा.श्री चतुरभक्त राई
भू.पू.सांसद श्री टंक राई
क्या.सुवास राई
श्री खगेन्द्र राई
प्रा.डा.श्री नोवल किशोर राई
मान्य नेपालतारा क्या.श्री मानबहादुर राई
श्री शम्भु दुमीराई

**भाबि योजनाहरु (प्रथम चरण : ३० महिनाभित्रमा):-**

दुमी किरात राई फनसिकिमको पहलमा 'दुमी-नेपाली-अंग्रेजी' नामको त्रैभाषिक दुमी शब्दकोष आगामी ३० महिनाभित्रमा प्रकाशन गर्ने गुरूयोजना रहेको छ। भाषाविदहरूका राय-सल्लाह अनुसार संभव भएसम्म शब्दकोष र व्याकरण (जुन रूपमा सम्भव हुन्छ) सँगसँगै प्रकाशन गर्दा उपगुक्त हुने यथार्थलाई मनन गरी यी दुबै प्रकाशन एकैसाथ ल्याउने दृढ संकल्प साथ बोलचालमा रहेका दुमी शब्दहरूको संकलन एवं तिनका रूपहरूको प्रयोगको विश्लेषण गर्ने काम समेत भइरकेको छ।

**'सुलाम' बुलेटिनको सुरुवात**

आगामि इसिलिम अङ्क१० देखि नियमित रूपमा 'सुलाम' नामको एक मौलिक दुमी भाषिक बुलेटिन इसिलिमका साथमा प्रकाशन गरिने योजना रहेकोले सबै दुमीजनलाई आ-आफ्ना क्षेत्रबाट दुमी भाषामा लेख-रचनाहरू नियमित रूपमा पठाई 'दुर्म रदु जगाऊँ :मातृभाषा बचाऊँ' अभियानमा सहभागि भई दुमीराई मातृ भाषा संरक्षणको पवित्र उद्धेश्यमा सहभागि भइदिन हुन सहर्ष जानकारी अनुरोध छ।

**भाबि योजनाहरु (दोश्रो चरण : ३-५ बर्षभित्रमा):-**

१. दु:मि शब्दकोश तथा व्याकरण तयार पार्ने।
२. भाषा विज्ञानको क्षेत्रमा दु:मि भाषाविदको कार्यदल तयार पार्ने।
३. पाठ्क्रम तथा पाठ्यपुस्तक प्रकाशन गर्ने।
४. दक्ष भाषिक जनशक्ति निर्माण गर्ने।
५. स्थानीय स्तरमा औपचारिक भाषिक कक्षा 'चेन्सुलाम' संचालन गर्ने।

**अन्य योजनाहरु (तत्कालमा गरिनु पर्ने)**

१. भाषा तथा साहित्य सम्बन्धि विचार गोष्ठीहरूको आयोजना गर्ने।
२. दुमीराई भाषामा अन्तरक्रियात्मक तथा प्रतियोगात्मक कार्यक्रमहरूको आयोजना गर्ने।

३. दुमी किरात राई भाषा बोलिने क्षेत्रहरूको पहिचान गरी स्थानीय भ्रमण टोली मार्फत अभिलेखिकरण कार्यलाई तीब्रता दिने ।

४. राज्यसँग सरोकार राख्ने संस्थागत गतिविधिहरूका हकमा किराया तथा अन्य भाषिक संस्थाहरूसँग समन्वय गरी कार्यक्रम अघि बढाउने ।

५. दुकिराफ मार्फत प्राविधिक, आर्थिक तथा अन्य सहयोगका लागि सम्बन्धित निकायहरूमा अनुरोध गर्ने ।

६. अन्य संदर्भ सामग्रीहरू क्रमश: प्रकाशन गर्दैजाने ।

## अन्य गतिविधिहरु:

- ०६४ 'खाजाबासमा' अध्ययन भ्रमण तथा 'तुमलाम प्रकाशनका साथ बिक्रिबितरण सम्पन्न
- आदिवासि जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सहयोगमा पाँचै दु:मि बसोबास क्षेत्रहरूका स्वाडेश सयशब्द संकलनका साथ शब्द संग्रह प्रकाशन ।
- दु:मि भाषा संरक्षणका निम्ति भाषा विज्ञान केन्द्रीय विभाग त्रि.वि. किर्तिपुर समेतको पहलमा दुमी भाषामा अध्ययन खोज-अनुसन्धान कार्य जारि ।

## हालसम्मका दु:मि कृतिहरु:

- A Grammar of Dumi
- इसिलिम दु:मि भाषिक पत्रिका
- सुलाम (द्वैभाषिक पत्रिका)
- तुमलाम (२०६४ अध्ययन भ्रमण प्रतिबेदन)
- छेनलाम (सम्पर्क पुस्तिका)
- दोलोकुम्मा (लोकभाकामा आधारित गीति क्यासेट)
- दु:मि शब्द संग्रह (क्षेत्रगत)
- पिपल पुस्तकबाट प्रकाशित चार वटा त्रैभाषिक मौलिक अनुभवका कथाहरू
- गोर्खापत्रमा विभिन्न समयमा प्रकाशित दुमीभाषाका लेखहरू
- दु:मि भाषाको विश्लेषणात्मक अध्ययन प्रतिबेदन
- दु:मि भाषाको अभिलेखिकरण प्रतिबेदन

## इसिलिम १-१०औं अंकसम्म मातृभाषा 'दुमी ब्र' सम्बन्धि लेख-रचनाहरु:-


अंक-१:- केही दुमी शब्दावलीहरू पृष्ठ-२२
- ओ बिर्मेबि सफु(बहिनीलाई चिठीं) पृष्ठ-२७
- ओपो देलङा खानुक्सा पृष्ठ-२९

अंक-२:- दुमी भाषाका क्रियाका रूपहरू पृष्ठ-३१
- दुमी भाषामा सम्बाद पृष्ठ-३२
भान्सामा प्रयोग हुने शब्दहरू पृष्ठ-३३
- दुमी भाषामा रूख बिरूवाहरूको नाम पृष्ठ-३४
- साकेवा रिसिय पृष्ठ-३६

अंक-३: - जातीय शब्दहरू पृष्ठ-१३
- दुमी भाषाको गीत (अप्ति नामतोरि) पृष्ठ-१८

अंक-४: - क्रियापदको कालका पक्षहरू पृष्ठ-६३
- शब्दकोश समितिले दुमी शब्दहरूपृष्ठ-६५
- दुमी किरात राई एक सामान्य सूत्र पृष्ठ-६६
- दुमी तुम्नाम पृष्ठ-६६

अंक-५: - दाजुलाई चिठी पृष्ठ-२८
- क्रियाबाची शब्दहरू पृष्ठ-४१

अंक-६: - थुनाम् फार्बि पृष्ठ-३९
- Preliminary Exploratory पृष्ठ-२८

अंक-७: - दुमी किरात राई भाषा पनि बोल्ने कि पृष्ठ-१७
-मामा सिसि म्यै पृष्ठ-७३
-स्वाडेश सय शब्द पृष्ठ-३९
-दुमी ब्रला पृष्ठ-३३

अंक-८: - ओपो देल माखिपा पृष्ठ-१८
- दुमी किरात राई भाषाका .. पृष्ठ-३५

अंक-९: - दुमी किरात राईहरूको ... पृष्ठ-०१
-The Dumi Rai People पृष्ठ-३५

अंक-१०: - खाजाबासमा नियाली हेर्दा पृष्ठ- ३७
- सुलाम मध्य पृष्ठ



गुनासो तथा सुझाव एवं सम्पर्कको लागि :

दुकिराफ, कार्यालय, चाबहिल, काठमाण्डु

फोन नं. ४४७६९९९

पो.ब.नं. २०२११, काठमाण्डु

E-mail: ourlink@wlink.com.np

इसिलिम भाषा सञ्चार

# मलाई पुर्ख्यौंली भूमि खोटाङ अति प्यारो लाग्छ

अवसर, इच्छा र आकांक्षाहरुलाई खोज्दै जाँदा नियतिले कहाँ-कहाँ पुरयाउँदारहेछ। कहाँ आफन्त नातागोता जन्म घर जन्म थलो त्यो भन्दा पनि बढी प्यारो पुर्ख्यौली थलौ चटक्क बिर्सनु रहर नभएर बाध्यता हुँदै हो ।

मेरो पिडीसम्म ६ पुस्ता भएको छ । मेरो पुर्ख्यौलीहरुलै जन्मथलो छोड्नु परेको जाल्पा गाबिस खोटाङ्ग जिल्ला यही नै हो । मेरो ६ पुस्ता अगाडिको पुर्खाले जीवनको पाइलाहरु तलमाथि अगाडि पछाडि पार्ने गरैको ठाउँहरुमा सौभाग्यले पुर्ख्यौली गाउँहरुकौ दश नङ्ग्रा खियाउँदै जीवन गुजारा गरेको शुन्दर गाउँ जाल्पाको ससर का गाउँ पुग्ने अवसर मिल्यो । त्यहाँ पुग्दा खुसी र हर्षकौ सिमा नै रहेन । केही पूर्वी दिसाबाट तापखौला केही उत्तर दिशावाट दुधकोशीसँगै रहेको ऐसेलुखर्क कैही पश्चिमतिर लामिडाडा बिमानस्थल केही दक्षिणतिर रूपाकोट र त्यही दिसातिर रहेको दिक्तेल बजार र यत्ति चार किल्ला भित्र अवस्थित जाल्पागाउँ यो भौगालिक चिनारी हो । शुन्दर ताको बेजोड संगम हो जाल्पा , दुधकोशी, तापखोलाको कलकल मधुरतामा तिन पहाडले पहरा दिएर सुर सभ्यता भित्र सुरक्षित दुलाही जस्तो लाग्छ मेरो पुर्ख्यौली थलौ जाल्पा ससरका ।

जाल्पा ससरका गाउँ आफ्नो पुर्ख्यौली गाउँ भएर मात्र हैन, प्राकृतिक मनोरम दृष्यको आकर्षण नै हो । अपार जलस्रोत वनपाखा पुस्ता पुस्तादेखि आफ्नो जीवनको पसिनाको थोपाहरु पोखाउँदै श्रम गरिरहेका जाल्पावासीहरु अन्य सुविधाहरु पुऱ्याउने प्रयत्न भइरहेको छ ।

दुधकोशी तापखोला र सुनकोशी नदीको पानी कति बगेर गइसक्यो । युग कहाँदेखि कहाँसम्म पुगीसक्यो तर विचरा मेरो पुर्ख्यौलीहरु ऐतिहासिक भूमि खोटाङमा हवाई यातयात बाहेक अन्य सेवा केही पुग्न सकिरहेको छैन । हुनत सारा नेपालको अवस्था पनि यस्तै यस्तै हो ।

अनि महत्वपूर्ण पूर्वाधारहरु चाहिँ कोशिसको पसिनाहरु भई सुकिरहेको भएतापनि अरूण नदीमा पुलको अभब र खोटाङको पश्चिमको सडकमा ठूलो पहिरोको बाधाले गर्दा यातायात पुग्नमा बाधा परिरहेको हुँदा यातायात पुग्न सकेको छैन र अरू कच्चि सडकको निर्माण कार्य चाहिँ पूरा भइरहेको छ । त्यकासकारण आगामी समयमा चाँढै यातायात पुग्ने पूर्वाधार पूरा भइसकेको छ । भविष्यमा यातायात लगायतको विकासहरु पुगेमा हाम्रो पुर्ख्यौली थलो खोटाङ लगायत माझ किरात सुनमा सुगन्ध थपिए जस्तो हुने नै निश्चित छ ।



सूर्य कुमार दुमीराई
फलैचा-९, पाँचथर

(अनि हालसम्ममा मेरो जीवन बिताइरहेकोतर्फ) त्यहाँबाट पूर्वी पहाडी जिल्ला भारतको सीमावर्ति क्षेत्र पाँचथर जिल्लाकै अति दुर्गममा पर्ने फलैंचा गा.वि.स. को वडा नं. ९ को बेतेनी गाउँमा जीवन निर्वाह गर्दै आइरहेकोछु । यो ठाऊ च्याङथापु बजारको आसपासमा रहेको छ । दुमीराइचुहरु खोटाङ जिल्लाको जालपा गा.वि.स. को ससर्का गाउँबाट यहाँ आएको मेरो पिँढीदेखि ६ पुस्ता पहिले हाम्रो पुर्खा(लदमान) आएर यहाँ हामी उनैको सन्तानहरु ३०/३५ घर भई बसोबास गरिरहेका छौं । त्यसैले हाम्रो उपथर नै पनि ससर्का कायम भएको छ । दुमीराइचुहरु यहाँबाट अन्त ठाउँहरुमा गएको पनि देखिन्छ । जस्तै ताप्लेजुङ जिल्लाको सुरुमखिम गा.वि.स., फाखोला त्यसैगरि तेह्रथुम, झापा जिल्लाको लालाझोडा, चन्द्रगढी, तोपगाछी, संखुवासभा जिल्ला, सुनसरी जिल्ला, काठमाडौ जिल्ला साथै विदेशमा भारतको दार्जिलिङ, सिक्किम र बर्मासम्म पुगिसकेका छन् । यसको साथै धेरैजसोले आफ्नो पुर्ख्यौली थलोमा पुग्ने कोशिस पनि गरिरहेकाछन् ।

मेरो हालको जीवन गुजारा गरिरहेको बारेमा आफ्नो पुर्ख्यौली थलो भन्दा केही यातायातको सुविधाहरु जिल्लादेखि गाउँगाउँसम्म पुगिसकेको भएतापनि भौगोलिक बनावटले ठगिएको हुनाले खोटाङ आफ्नो पुर्ख्यौली ठाउँ भएको कारणले अति सुन्दर लाग्छ ।

मलाई मात्र होइन आफ्नो पुर्ख्यौली ठाउँ भनेको सबैलाई माया लाग्ने हुन्छ। यस्तै विदेशमा बस्ने नेपालीहरुको पनि पुर्ख्यौली थलो चाहिँ नेपाल नै हो भन्ने कुरा उहाँहरुकै मुखबाट भन्नेगरेको पाइन्छ र नेपाल प्रति नै बढी गर्व गर्नुहुन्छ । अन्त्यमा, यो लेखमा कुनै गल्ती वा अशुद्धी भएमा क्षमा याचना गर्नुहुनेछ भन्ने विश्वासकासाथ यो विकट ठाउँ(फलैंचा गा.वि.स. वडा नं ९, पाँचथर)बाट लेख तयार पारी पठाएकोछु ।

# हमरुचुको वंशावली र त्यसका स्रोतहरू

*-प्रस्तोता चतुरभक्त राई*

हमरूचुलाई हमरूङ मात्र पनि भन्ने चलन रहेको छ। पुर्खाहरुको भनाईमा हमरूचुहरुलाई हरसी, दिम्मचु, सरचु, र वलक्पाको स्वँगेभाइ हुन् भन्ने गरिन्छ।

हमरूचुको सामे पनि बुसुरू युयुमा नै भएको हुनाले स्वागे भाई हो भन्ने यसले प्रमाणित गर्दछ। उनीहरुको सघन वस्ती जालपा गाविसमा पर्दछ। त्यसवाहेक रिब्दुङ, हाँचेका र हिजोआज सुनसरी, मोरङ, झापा, उदयपुर, गाईघाट र काठमाडौंतिर पनि वसोवास गर्न थालेको पाइन्छ।

हमरूचुको वंशावली संकलन गर्ने क्रममा प्रस्तोता २०५५ बैसाख २६ देखि भ्रमणको लागि हमरूचुहरुको वसोवास क्षेत्र पुरानगाउँ पुगेको थियो र २८ गतेसम्म हमरूचु, राईचु, जिपु, खबचु, र रिप्लहरुको वंशावली संकलन गऱ्यो। त्यहाँ विकास र प्रतिमान राईहरुको संयुक्त पहलमा हिनजोशी तर्फको वंशावली खेस्रा भएको रहेछ त्यो प्रस्तोतालाई प्राप्त भयो। प्रस्तोताको लागि यो एउटा आरम्भिक शुभमुहुर्त नै थियो कि दुमी किरात फन्सिकिमले चाँडै नै हमरूचुको वंशावली प्रकाशनमा ल्याउनेछ। तत्काल प्रतिमानजीले भन्नु भएको थियो -"हामीहरुले चाँडै नै हमरूचुको वंशावली तयार गर्दै छौं।" तर समयले नेटो काटेको थाहा नहुँदोरहेछ। औंला गन्दा १० वर्ष वितीसकेछ। बल्ल यसपटक यो प्रस्तोता पनि तातियो र जे जस्तो संकलन गर्न सकिएको थियो त्यसैलाई प्रस्तुत गर्ने जमर्को गरियो। कृपया प्रस्तोताको पहिलो अनुरोध यो छ कि यो नै अन्तिम वंशावली प्रकाशन होइन। हामी समग्रमा एक्काइसै पाछाको वंशावली एउटा ग्रन्थको रूपमा तयार गरी अन्तमा प्रकाशन गर्ने नै अठोट गरेकाछौं। त्यसको लागि प्रस्तुत व.शावलीमा तपाईहरुको आलोचना, सुझाव, थपधट, संशोधन, मूल्याङ्कन मागिएको छ तसर्थ जे गर्नुछ यहाहरुले तुरून्त छलफल गरी आफ्नो वंशावली आफै सच्याई बनाई पुन फन्सिकिमको कार्यालयमा उपलब्ध गराई आगामी प्रकाशनमा योगदान पुऱ्याईदिन हुन हमरूचु बन्धुहरुलाई फन्सिकिमको तर्फबाट हार्दिक अनुरोध छ।

**नोट : वंशावली विषय छलफल गर्दा पहिलेका स्रोत व्यक्तिहरू र अन्य कम्सेकम टोलटोलका वंशवशका अधिकतम पुर्खाहरू भेला भएर छलफगर्दा वंशावलीमा निखारपन आउने पनि जानकारी अनुरोध गरिन्छ। यसको साथै छलफलमा सहभागी हुने सवैको नाम, ठेगाना र मिति समेत उल्लेख गर्न हुन पनि अनुरोध छ।**

**वंशावली निर्माणगर्दा ध्यान दिनुपर्ने कुराहरू -**

१. पुस्तामा आउने कुनै एक व्यक्तिको नम्बर अर्को व्यत्तिको नम्बरसंग बरावर भएमा दाज्यूभाई, एक नम्बर तल परेमा कम नम्बर हुने भतिजो र दुई नम्बर तलपरेमा नाती बाजेको साइनो पर्ने प्रकारले मात्र वंशावली निर्माण गर्नु पर्नेछ। नम्बर नमिलेको वंशावलीलाई मान्यता दिइनेछैन।
२. साइनो केलाउँदा वल्लटोल पल्लटोल वा एक वंशदेखि अर्को वंश वीचमा खास व्यक्तिहरुको वीचमा केलाउनु पर्नेछ।
३. वंशमा कुनै व्यक्तिहरु सामाजिक, धार्मिक, सास्कृतिक कर्मको कारणले ख्याती कमाएका छन भने छोटकरीमा तिनीहरुको चिनारी पनि गराउनु पर्नेछ। जस्तो : जैबहादुरको मुनिबाट प्रख्यात कुवी सेलेमी रसुले धामी भनी जनाउनु पर्नेछ।
४. यदि कुनै व्यक्तिको शाखा वा छोरीहरु मात्र छन भने उनीहरुको नाम उल्लेख गर्न कदापी नछुटाउनु होला र अरुको पनि नाम थाहापाएसम्म उल्लेख गर्नुपर्नेछ।
५. नाम लेख्दा जेठोबाट माइलो हुँदै क्रमशः लेख्नुपर्नेछ।
६. वंशमा नागरिकताको नाम भन्दा चलनचल्तीको बोलाउने फूल नाम प्रख्यात हुनेहुँदा सो नाम पनि ब्राकेटमा उल्लेख गर्नु पर्नेछ। जस्तो : जैबहादुर राई (रसुले धामी)।

वंशावली निर्माण गर्न निश्चय नै सजिलो छैन। तपाई हामी हातमुख जोड्ने समस्यासंग जुध्दै सामाजिक सेवाको कार्यमा पनि लाग्नु पर्ने भएकाले मनले चिताएजस्तो समय दिन नसकिने अवस्था छ। त्यसपछि जनशक्ति, श्रम, समय, आर्थिक व्यवस्था र प्रकाशनको कुरा सिङ्गै बाँकी रहन्छ। हमरूचुको वंशावली वारे आम भेला भएर छलफल गर्ने मौका कहिल्यै मिलेन केवल व्यक्तिगत रूपमा भेटघाट गर्दै बंशावली सकलन गर्दा प्रस्तुत बंशावलीको यो प्रारूप आएको हो। यस कार्यमा निम्न स्रोत व्यक्तित्वहरुको सहयोग र श्रम परेकोछ -

**१.प्रतिमान र विकास हमरुचु राई, जाल्पा पुरानगाउँ -**

पेशाले शिक्षक र समाज सेवाको रूपमा लामोसमयसम्म सेवा पुऱ्याउनु हुने प्रतिमान हमरूङ, दुमी किरात राई फन्सिकिमको स्रष्टा पनि हुनुहुन्छ। विकास हमरूङसंग छलफल गरी उतारेको हिनजोशी तर्फको वंशावली उहाँहरु दुवैको मेहनतको फल हो।

**२. जगतवहादुर (भोटुमान) पुरानगाउँ-**

उहाँलाई हामी धेरैजसो भोटुमानको नामले चिन्छौ। उहाँले आफ्ना वंशतर्फ गजेसम्मको वंशावली उपलब्ध गराउनु भएको थियो। हमरूचुको वंशावलीमा रोकोवासी (रगुवासी) को पिता रिफमक, निजको पिता रूवासु र रूवासुको पिता हमरूचु भनेर मीथसम्म वंशावली बताउनसक्ने जोदाहा पुर्खा उहा नै हुनुहुन्छ। गाउँको सोभाको रूपमा रहनु भएको ताया पुर्खा भोटुमान भाषा, धर्म, संस्कार संस्कृतिप्रति अत्यन्त संवेदनशील हुनुहुन्छ। किवदन्ती, कथा कहानीहरु पनि उहासंग प्रशस्त रहेकोछ तर त्यसलाई फुकाउने हाम्रो मेलोमेसो अझै दुमीजनमा होश नआएको देखिन्छ।

